CLIMATE
INVESTMENT
FUNDS


नेपाल सरकार
विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय
विकास आयोजनाहरूमा जलवायु परिवर्तन जोखिम व्यवस्थापन मूलप्रवाहीकरण


# जलवायु परिवर्तन र समुदायमा आधारित अनुकुलन योजना तर्जुमा तालिम सञ्चालन पुस्तिका


ADB एसियाली विकास वैकको प्रवन्ध र प्राविधिक सहयोग प्राप्त

**प्रकाशक**
नेपाल सरकार
विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय
सिंहदरवार, काठमाडौं, नेपाल

**सर्वाधिकार ©**
डिसेम्बर, २०१४
नेपाल सरकार
विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय

**उद्घरण**
विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय (२०१४), विकास आयोजनाहरूमा जलवायु परिवर्तन जोखिम व्यवस्थापन मूलप्रवाहीकरण, काठमाडौं, नेपाल

**आयोजनामा संलग्न पदाधिकारीहरूः**

**विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयः**
श्री महेन्द्र मान गुरुङ, सह–सचिव एवं राष्ट्रिय कार्यक्रम निर्देशक, विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय
डा. जयराम अधिकारी, उप–सचिव एवं राष्ट्रिय कार्यक्रम व्यवस्थापक, विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय

**एशियाली विकास बैंकः**
Ms. Vidhisha Samarasekara, Senior Climate Change Specialist, एशियाली विकास बैंक

**टिए ७९८४ः**
श्री ज्ञानेश बज्रचार्य, टोली प्रमुख, टिए ७९८४
श्री नबिना श्रेष्ठ, उपटोली प्रमुख, टिए ७९८४
Ms. Kathleen Mclaughlin, संचार विशेषज्ञ, टिए ७९८४

**उपक्रम (Consortium) को तर्फबाटः**
सामूहिक अभियान
रुपान्तरण नेपाल
गा.वि.स. राष्ट्रिय महासंघ

**ISBN No.: 993700172-2**

**यस तालिम सञ्चालन सहयोगी पुस्तिका तयार गर्न सहजीकरण गर्ने संस्थाहरूः**

नेपाल सकार

विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय

विकास आयोजनाहरूमा जलवायु परिवर्तन जोखिम व्यावस्थापन मूलप्रवाहीकरण

# जलवायु परिवर्तन र समुदायमा आधारित अनुकुलन योजना तर्जुमा तालिम सञ्चालन पुस्तिका

नेपाल सरकार

# विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय

पत्र संख्या :
च.नं.:



## मन्तब्य

नेपाल सरकार, विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयबाट सञ्चालित जलवायु परिवर्तन समानुकूलन नमूना कार्यक्रम (Pilot Program for Climate Resilience) अन्तर्गत हाल कार्यान्वयनमा रहेको "**विकास आयोजनाहरूमा जलवायु परिवर्तनको जोखिम व्यवस्थापन मूलप्रवाहीकरण कार्यक्रम**" को सिकाइबाट तयार भएको यो तालिम सहयोगी पुस्तिका प्रकाशन भएकोमा मलाई खुशी लागेको छ।

स्थानीय तथा जिल्ला तहमा जलवायु परिवर्तनबाट पर्नसक्ने नकारात्मक प्रभावबाट जोगीन तथा त्यस्तो प्रभावजन्य जोखीम न्यूनिकरण गर्दै समुदाय र प्राकृतिक वातावरणलाई त्यस्तो परिवर्तन सहनसक्ने बनाउन सबै तहमा क्षमता अभिवृद्धि गर्न जरुरी हुन्छ। आयोजना अवधिमा विभिन्न ३१ जिल्लामा दिइएको तालिम र सो को अनुभव र सिकाईका आधारमा तयार पारिएको यस पुस्तिका तयार गर्ने क्रममा सहयोग पुऱ्याउनुहुने विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयका सह–सचिव एवं राष्ट्रिय कार्यक्रम निर्देशक श्री महेन्द्र मान गुरुङ, उप–सचिव एवं राष्ट्रिय कार्यक्रम व्यवस्थापक डा. जयराम अधिकारी, एसीयाली विकास बैंकका Senior Climate Change Specialist, Ms. Vidhisha Samarasekara र संचार विशेषज्ञ Ms. Kathleen Mclaughlin लाई हार्दिक धन्यवाद दिन चाहन्छु।

साथै जलवायु परिवर्तन समानुकूलन नमूना कार्यक्रममा संलग्न टोली प्रमुख श्री ज्ञानेश बज्राचार्य, उपटोली प्रमुख श्री नविना श्रेष्ठ र मन्त्रालयका यस कार्यक्रमसँग संलग्न कर्मचारी मित्रहरू पनि धन्यवादका पात्र हुनुहुन्छ। कार्यक्रम सञ्चालनमा आर्थिक सहयोग पुऱ्याउने एसीयाली विकास बैंक (ADB) र जलवायु लगानी कोष (CIF) लाई पनि नेपाल सरकारको तर्फबाट धन्यवाद दिन चाहन्छु।

अन्तमा, यस तालिम सहयोगी पुस्तिकालाई थप परिमार्जन गरी समयानुकुल बनाउन सबै पाठक र प्रयोगकर्ताहरुलाई सुझाव पठाईदिनुहुन पनि आग्रह गर्दछु।

धन्यवाद!

**डा. कृष्ण चन्द्र पौडेल**
**सचिव**



**कार्यालयको ठेगाना:** सिंहदरबार, काठमाडौं नेपाल

**कार्यालयको टेलिफोन नं.:** ४२११७३४, ४२११६४१, ४२११९९६, ४२११९४६, ४२११८९४, ४२११७३७, ४२११५८६, ४२११६९८

**फ्याक्स नं.:** ९७७-१-४२११९५४

**इमेल:** info@moste.gov.np

**वेव साईट:** www.moste.gov.np

# विषय सूचि

**मुख्य पारिभाषिक शब्दहरू**

१. पृष्ठभूमि
२. तालिमको उद्देश्य
३. तालिम सञ्चालन सहयोगी पुस्तिका विकास प्रक्रिया
४. लक्षित वर्ग
५. डिजाइन
६. तालिम विधि
७. तालिम प्याकेज
८. तालिम तालिका

---

**पहिलो दिन**

सेसन १.१ तालिम शुभारम्भ एवं उद्घाटन ७
सेसन १.२ तालिम पूर्व मूल्याङ्कन १०
सेसन १.३ जलवायु परिवर्तन, संकटासन्नता विश्लेषण र अनुकूलन योजनासंग सम्बन्धित शब्दावलीहरू १२
सेसन १.४ जलवायु प्रणाली, विश्व उष्णीकरण तथा जलवायु परिवर्तन १४
सेसन १.५ जलवायु परिवर्तनका असरहरू १६

---

**दोश्रो दिन**

सेसन २.१ सेसनको शुरुवात १९
सेसन २.२ जलवायु परिवर्तन सम्वोधन गर्न गरिएका अग्रसरताहरू २०
सेसन २.३ संकटासन्नता विश्लेषण, न्यूनिकरण र अनुकूलन २३
सेसन २.४ नेपालमा समुदायमा आधारित अनुकूलन योजना २६
सेसन २.५ समुदायमा आधारित अनुकूलन योजनाका चरण तथा प्रक्रियाहरू २९

---

**तेश्रो दिन**

सेसन ३.१ सेसनको शुरुवात ३१
सेसन ३.२ जोखिम मूल्याङ्कन (सम्मुखता, मौसमीपात्रो र समयरेखा) ३२
सेसन ३.३ संकटासन्नता विश्लेषण (संवेदनशीलता : स्रोत प्रकोप नक्शाङ्कन) ३५
सेसन ३.४ संकटासन्नता विश्लेषण – अनुकूलन क्षमता (जीविकोपार्जन विश्लेषण) ३८
सेसन ३.५ संकटासन्नता विश्लेषण –संकटासन्नता कार्यको विश्लेषण ४१

---

**चौथो दिन**

सेसन ४.१ सेसनको शुरुवात ४४
सेसन ४.२ अनुकूलनका उपायहरूको पहिचान ४५
सेसन ४.३ जलवायु परिवर्तनका जोखिमहरूलाई विकास योजनामा मूलप्रवाहीकरण गर्ने ४८
सेसन ४.४ जलवायु परिवर्तन अनुकूलन योजनाको अनुगमन र मूल्याङ्कन ५१
सेसन ४.५ फिल्ड योजना तयारी ५३

**पाँचौ दिन**

| | | |
|---|---|---|
| सेसन ५.१ | सेसनको शुरुवात | ५५ |
| सेसन ५.२ | फिल्ड अभ्यास तथा प्रतिवेदन लेखन | ५६ |
| सेसन ५.३ | फिल्ड अध्ययनको प्रस्तुतीकरणको तयारी | ५८ |

**छैठौ दिन**

| | | |
|---|---|---|
| सेसन ६.१ | सेसनको शुरुवात | ५९ |
| सेसन ६.२ | फिल्ड अभ्यासको प्रस्तुतीकरण र जलवायु विषयको प्रस्तुति | ६० |
| सेसन ६.३ | तालिम पश्चात मूल्याङ्कन समिक्षा तथा अन्तिम मूल्याङ्कन | ६२ |
| सेसन ६.४ | समापन समारोह | ६४ |

जलवायु परिवर्तन र समुदायमा आधारित अनुकूलन योजना तर्जुमा तालिम सहजीकरण सामग्रीहरू ६७–९३

# १. पृष्ठभुमि

जलवायु परिवर्तन विश्वव्यापी रूपमा देखापरेको एक गम्भीर चासोको विषय हो । जलवायु परिवर्तनको मुख्यकारण मानिसद्वारा उत्सर्जन गरिएको हरितगृह ग्याँस नै हो भन्ने कुरामा विश्वका वैज्ञानिकहरू सहमत भएका छन् । जलवायु परिवर्तनका लागि अन्तरसरकारी संयन्त्र (Inter-governmental Panel on Climate Change -IPCC) ले विश्वमा बढ्न सक्ने तापक्रमको अनुमान गरिसकेको छ । IPCC को सन् २००७को तथ्याङ्क अनुसार हरेक दशकमा पृथ्वीको तापक्रम ०.१३°C ± ०.०३°C सम्म परिवर्तन भइरहेको छ । नेपाल सरकारले जलवायु लगानी कोष (Climate Investment Fund-CIF) को आर्थिक सहयोग र एसियाली विकास बैंक(Asian Development Bank), अन्तर्राष्ट्रिय वित्तीय निगम (International Financial Cooperation)तथा विश्व वैंक (World Bank)को व्यवस्थापनमा जलवायु परिवर्तन समानुकूलन नमूना कार्यक्रम (Pilot Programme for Climate Resilience-PPCR) तर्जूमा गरी कार्यान्वयनमा ल्याएको छ। यही रणनीतक कार्यक्रमले छनोट गरेको तेस्रो क्षेत्र (Component-3) "**विकास आयोजनाहरूमा जलवायु परिवर्तन जोखिम व्यवस्थापन मूलप्रवाहीकरण**" अन्तर्गतको Output-2 अन्तर्गतका विभिन्न कार्यक्रमहरू मध्ये जलवायु परिवर्तन र समुदायमा आधारित अनुकूलन तालिम एक हो । यस तालिम कार्यक्रमको मुख्य उद्देश्य जलवायु परिवर्तन र यसका प्रभावको बारेमा स्थानीय समुदायमा जानकारी गराउने र जलवायु परिवर्तन अनुकूलन योजनालाई स्थानीय विकास योजनामा समाहित गर्ने कार्यलाई प्रोत्साहन गर्ने रहेको छ। जिल्ला स्तरमा जलवायु परिवर्तन र समुदायमा आधारित अनुकूलन योजना सम्बन्धमा प्रशिक्षण प्रदान गर्न र यो सम्बन्धि कार्यमा एक रुपता प्रदान गर्न यो तालिम सञ्चालन सहयोगी पुस्तिका तयार पारिएको छ।

प्रस्तुत तालिम सञ्चालन सहयोगी पुस्तिका तयार गरी नेपालका मध्यमाञ्चल तथा पूर्वाञ्चल विकास क्षेत्रका ३१ जिल्लामा तालिम सञ्चालन गर्न तीनवटा संस्थाहरूः– सामूहिक अभियान, रूपान्तरण नेपाल र राष्ट्रिय गाउँ विकास समिति महासंघ नेपालको उपक्रम (Consortium) लाई संयूक्त रूपमा कार्यक्रम सञ्चालन गर्न मिति १ अगष्ट २०१३ एसियाली विकास बैंक (ADB) बाट जिम्मेवारी सुम्पिएको थियो ।

### क. प्रभाव तहको उद्देश्यहरू (Impact Level Objectives)

- स्थानीय निकाय र विषयगत निकायहरूको कार्यक्रममा जलवायु परिवर्तन, वातावरण व्यवस्थापन सम्बन्धी अभ्यासहरू एकीकृत हुनेछन् ।
- स्थानीय विकास योजना तर्जूमामागरिब तथा संकटमा परेका समूदायको जलवायु अनुकुलन सम्बन्धी आवश्यकता तथा योजनाहरू एकीकृत हुनेछन् ।
- स्थानीय निकाय र विषयगत निकायहरूले बृहत् वातावरण व्यवस्थापन र जलवायु समानुकुलनका लागि बजेट छुट्याउने छन् ।

### ख. परिणाम तहको उद्देश्यहरू (Outcome Level Objectives)

- जलवायु परिवर्तनको प्रभावका बारेमा सचेतना जगाउन र अनुकूलनका उपायहरूलाई स्थानीय विकास योजनामा समाहित गर्नका लागि जिल्ला स्तरमा कार्यरत सरकारी, गैर सरकारी, स्थानीय प्रतिनिधि, संचार, नीजि क्षेत्र र नागरिक समाजहरूलाई जानकारी गराउने ।
- जिल्ला विकास समितिका पदाधिकारी, जिल्ला स्थित विषयगत सरकारी निकायहरू र नागरिक समाजका बुद्धिजीवीहरूका साथै स्थानीय प्रतिनिधिहरूलाई जलवायु परिवर्तन तथा प्रभावका बारेमा समान रुपमा बुझ्न मद्दत गर्ने ।
- सहभागीहरूलाई समुदायतहका जलवायु परिवर्तन अनुकूलनका मुद्दाहरूलाई स्थानीय विकास योजनामा एकीकृत गराउने कुराको ज्ञान तथा सीप अभिवृद्धि गर्ने ।
- सहभागीहरूलाई समुदायमा आधारित संकटनसन्नता विश्लेषण, जोखिम विश्लेषण तथा अनुकूलनका उपायहरूको पहिचान गर्न सक्षम बनाउन विभिन्न विधिहरूको प्रयोग गर्ने सीप अभिवृद्धि गर्ने ।
- सहभागीहरूलाई भविष्यमा समुदायस्तरमा अनुकूलनका योजना तर्जूमा गरी ती योजनालाई आ–आफ्नो निकाय वा संस्थाको नियमित योजनामा समाहित गर्न सक्षम बनाउने ।

**ग. सिकाई तहका उद्देश्यहरू (Learning Objectives)**

६ दिन सम्म सञ्चालन हुने तालिम पछि सहभागीहरू:

- जलवायु परिवर्तन, जलवायु परिवर्तन विज्ञान, अनुकूलन तथा न्यूनीकरणका आधारभूत परिभाषा बताउन सक्नेछन्।
- अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय तहमा राष्ट्रिय अनुकूलन कार्यक्रमले पहिचान गरेका मुख्य ६ क्षेत्रहरूमा जलवायु परिवर्तनको प्रभावहरू बताउन सक्नेछन्।
- राष्ट्रिय अनुकूलन कार्यक्रमले पहिचान गरेका ६ मुख्य क्षेत्रहरूमा राष्ट्रिय र स्थानीय तहमा जलवायु परिवर्तनका प्रभावलाई सम्बोधन गर्न चालिएका कदम तथा अग्रसरता व्याख्या गर्न सक्नेछन्।
- स्थानीय स्तरमा जलवायु परिवर्तनसँग सम्बन्धीत योजना कार्यान्वयन गर्न आवश्यक स्रोत तथा साधनको पहिचान तथा अन्वेषण गर्ने तरिका बताउन सक्नेछन्।
- स्थानीय स्तरमा जलवायु परिवर्तनसँग सम्बन्धित सवालहरू हल गर्न सरोकारवालाहरूको भूमिका पहिचान गर्न सक्नेछन्।
- स्थानीय संकटासन्नता र जोखिम विश्लेषण गर्न सहभागितामुलक संकटासन्नता विश्लेषण विधिको प्रयोग गर्न सक्षम हुनेछन्।
- स्थानीय जोखिमका विरुद्ध अनुकूलनका उपायको पहिचान र प्राथमिकीकरण गर्न सक्नेछन्।
- जलवायु परिवर्तन अनुकूलन लागि अनुगमन तथा मूल्याङ्कनका आधारभुत विधिहरूको व्याख्या गर्न सक्नेछन्।

## ३. तालिम सञ्चालन सहयोगी पुस्तिका विकास प्रक्रिया

यो सञ्चालन पुस्तिका ADB TA - 7173 अन्तर्गत विगतमा बैशाख–मंसिर २०६८मा तयार परिएको निम्नलिखित दुईवटा तालिम सञ्चालन पुस्तिकालाई मिलाएर बनाइएको हो :

१) सामूहिक अभियान र रूपान्तरण नेपालको उपक्रमले तयार गरेको “जिल्ला वातावरण व्यवस्थापन र जलवायु परिवर्तन तालिम निर्देशिका”

२) प्राक्टिकल एक्सन, राष्ट्रिय गाउँ विकास समिति महासंघ नेपाल, सेसी नेपाल (The Centre for International Studies and Cooperation-CECI), WWF र IUCN को उपक्रमले तयार पारेको “समुदायमा आधारित संकटासन्नता विश्लेषण प्रक्रिया र विधि”

माथि उल्लेखित तालिम निर्देशिकाहरूका आवश्यक तथा संभव भएसम्म अन्य सबै सान्दर्भिक तालिम प्रक्रिया, स्रोत सामग्री, प्रक्रिया तथा मार्गदर्शन आदिबारे जानकारी लिइएको थियो। तालिमको पाठ्यक्रम विकास गर्न एक कार्य समूह गठन गरिएको थियो। सो पाठ्यक्रमलाई ADB-TA र सम्बन्धित सरकारी निकाय समक्ष प्रस्तुत गरिएको थियो। अन्त्यमा सबैको सल्लाह, सुझाव र पृष्ठपोषण लिएर यो सञ्चालन सहयोगी पुस्तिका तयार पारिएको हो।

## ४. लक्षित वर्ग

यस तालिम सञ्चालन सहयोगी पुस्तिकाका लक्षित वर्गहरूमा:

- स्थानीय विकास योजना तर्जुमामा संलग्न रहने तथा मुख्य भूमिका खेल्ने सरकारी कर्मचारी र योजनाकारहरू। त्यस्तै जिल्ला तथा गाउँ विकास समिति स्तरमा कृषि, वन तथा भू–संरक्षण, जलस्रोत, प्राकृतिक स्रोतहरू लगायत अन्य सान्दर्भिक क्षेत्रहरू आदिजस्ता जलवायु संवेदनशील क्षेत्रमा काम गर्ने कर्मचारीहरू।
- विकासका पेशाकर्मीहरू, गैरसरकारी संस्था, नागरिक समाजका प्रतिनिधिहरू, जलवायु परिवर्तन अनुकूलन सम्बन्धी कार्यक्रम तथा योजना आदिजस्ता क्षेत्रमा कार्यरत कार्यक्रम सहजीकरण गरिरहेका व्यक्तिहरू।

## ५. डिजाइन

यो तालिम गैर आवसीय रुपमा सञ्चालन गर्ने गरी तयार गरिएको छ। यो तालिमलाई सहभागीहरूको बुझाइ र सिकाइको आवश्यकताको आधारमा छोटो अवधिमा पनि सञ्चालन गर्न सकिन्छ। तालिमलाई दुई भागमा विभाजन गरिएको छ।

पहिलो ४ दिन स्थानीय योजना तर्जुमामा संलग्न माथि उल्लेखित सहभागीहरूलाई जलवायु परिवर्तनको अवधारणा लगायत समुदायमा आधारित अनुकूलनका योजना तर्जुमासम्बन्धी सैद्धान्तिक तथा व्यवहारिक छलफल र पाँचौँ दिनमा स्थलगत अभ्याससमेत गराउने विधि तथा प्रक्रियाहरू उल्लेख गरिएको छ।

अन्तिम दिन स्थानीय योजना तर्जुमा प्रक्रियामा संलग्न हुने योजनाकारहरू स्थानीय प्रभावशाली व्यक्ति, सरकारी कर्मचारीहरू, समुदायमा आधारित संघसंस्थाका प्रतिनिधिहरू तथा अन्य सरोकारवालाहरूलाई जलवायु परिवर्तन अनुकूलनलाई मूलधारमा ल्याउन आवश्यक एकीकृत गर्न ज्ञान तथा सीप अभिवृद्धि गर्ने उद्देश्यले आमन्त्रण गरी स्थलगत अभ्यासको अनुभवसमेत प्रस्तुत गर्ने प्रक्रिया राखिएको छ। यसले जिल्लामा काम गर्ने सबैजनालाई समान बुझाइ विकास गर्न सहयोग गर्ने विश्वास लिइएको छ। यस तालिमलाई निम्नलिखित पाँच भागमा (Modules) विभाजन गरिएको छ।

| | |
|---|---|
| भाग १ | जलवायु परिवर्तनको अवधारणाबारे बुझाइ, यसको कारक तत्त्व र प्रभाव, यसलाई सम्बोधन गर्न भएका अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय प्रयासहरू |
| भाग २ | संकटासन्नता विश्लेषणको अवधारणा र यसका कार्यहरू, समुदायमा आधारित संकटासन्नता विश्लेषणका विधि, प्रक्रिया तथा प्रयोग |
| भाग ३ | अनुकूलनका उपायहरूको पहिचान, छनोट तथा प्राथमिकीकरण र समुदायमा आधारित अनुकूलन योजना तर्जुमा र यसलाई स्थानीय विकास योजनामा समायोजन |
| भाग ४ | फिल्ड अभ्यास, अभिलेखीकरण र प्रस्तुतिका साथै फिल्ड अभ्यासको पुनरावलोकन |
| भाग ५ | जलवायु परिवर्तनजन्य कार्यक्रमलाई विकास योजनामा समाहित भएको निरीक्षण गर्न अनुगमन र मूल्याङ्कन |

## ६. तालिम विधि

यो तालिम वयष्क शिक्षा (Adult Learning) सिद्धान्तमा आधारित भएकोले तालिम सहजीकरणका लागि विभिन्न सहभागितामूलक छलफल विधि तथा प्रक्रिया तयार गरिएको छ। यो सञ्चालन पुस्तिकाले ज्ञान, विचार, अनुभव र सिकाइ आदानप्रदान गर्न प्रशस्त अवसर तथा ठाउँ प्रदान गर्दछ। मुख्य तालिम विधिहरूमाः वज समूह छलफल (BUZZ Group Discussion) भूमिका प्रर्दशन (Role Play), घटना अध्ययन, पोस्टर एवं छोटो फिल्म, कार्यगत सिकाइ प्रयोग (Action Learning), समूह छलफल तथा प्रस्तुतिकरण आदि रहेका छन्।

## ७. तालिम प्याकेज

- यो तालिम सञ्चालन सहयोगी पुस्तिकाले तालिम सञ्चालन सम्बन्धी सम्पूर्ण प्रक्रियाको जानकारी दिन्छ। यसमा प्रत्येक सत्रको विस्तृत जानकारी दिनुका साथै आवश्यक सहायक सामग्रीहरू राखिएका छन्।
- सन्दर्भ सामग्रीहरूमा ADB TA-7173 अन्तर्गत तयार पारिएका तालिम सामग्रीहरू तथा प्रत्येक सत्रको पावर प्वाइण्ट प्रस्तुतिकरणहरू संलग्न छन्। यी सन्दर्भ सामग्रीहरूको साथमा थप अन्य सामग्रीहरूको विद्यूतिय प्रति (Soft Copy) पेन ड्राइभमा उपलव्ध गराइनेछ।

## ८. तालिम तालिका

- तलको तालिकामा ६ दिने तालिमको विषयवस्तुको बारेमा प्रकाश पारिएको छ। साथै यसमा उल्लेखित विषयवस्तुको सम्बन्धमा आवश्यकता र अवस्था अनुसार परिमार्जन गर्न सकिनेछ।
- तालिम सञ्चालन हुने जिल्लाको भौगोलिक स्थिति अनुसारको सर्न्दभ सामग्री, उदहारण तथा तथ्याङ्कहरू प्रस्तुत गर्नु सार्न्दभिक हुनेछ।
- गा.वि.स अथवा नगरपालिकामा तालिम सञ्चालन गर्दा ति निकायको योजना तर्जुमा प्रक्रिया अनुसार सर्न्दभ मिलाएर सञ्चालन गर्नु पर्दछ।

# जलवायु परिवर्तन र समुदायमा आधारित योजना तालिम तालिका

<table>
<tr><th>पहिलो दिन</th><th>दोस्रो दिन</th><th>तेस्रो दिन</th><th>चौथो दिन</th><th>पाँचौँ दिन</th><th>छैठौँ दिन</th></tr>
<tr><td colspan="2">सामुदायिक अभिमुखीकरण</td><td colspan="4">ज्ञान र सीपलाई अभ्यासमा परिणत गर्ने</td></tr>
<tr><td>सहभागी आगमन र दर्ता</td><td colspan="5">तालिम वातावरण निर्माण दैनिक पुनरावोलकन तथा समिक्षा</td></tr>
<tr><td>तालिम शुभारम्भ एवं उद्घाटन कार्यक्रम</td><td>जलवायु परिवर्तन सम्बोधनका लागि गरिएको अग्रसरताहरू (स्थानीयदेखि अन्तर्राष्ट्रिय स्तर)</td><td>सम्मुखताको विश्लेषण (मौसमिपात्रो र ऐतिहासिक समय रेखा)</td><td>अनुकूलनका उपायहरूको प्राथमिकिकरण र छनोट<br>अनुकूलन योजना तर्जुमा</td><td rowspan="2">स्थानीय र सामुदायिक अगुवाहरूलाई समावेश गरेर स्थानीय अनुकूलन योजना तयार गर्ने सम्बन्धमा स्थलगत अभ्यास</td><td>जलवायु प्रणाली, विश्व उष्णीकरण र जलवायु परिवर्तन तथा यसको प्रभाव</td></tr>
<tr><td>तालिमपूर्व मूल्याङ्कन</td><td>संकटासन्नताका कार्यहरू, न्यूनीकरण तथा अनुकूलन</td><td>संवेदनशीलता विश्लेषण (स्रोत तथा प्रकोप नक्शाङ्कन)</td><td>जलवायु परिवर्तनका जोखिमलाई विकास योजनामा मूलप्रवाहीकरण</td><td>स्थलगत अभ्यासको प्रस्तुतिकरण (समुदायका प्रतिनिधिहरूलाई पनि सहभागी गराउने)</td></tr>
<tr><td>जलवायु परिवर्तन र अनुकूलन योजनासम्बन्धी शब्दावलीहरू सम्बन्धी जानकारी</td><td>नेपालमा समुदायमा आधारित अनुकूलन योजना</td><td>अनूकुलन क्षमता विश्लेषण (जीविकोपार्जन विश्लेषण)</td><td>जलवायु समानुकूलन योजना, वातावरण मैत्री स्थानीय शासन</td><td rowspan="3">विश्लेषण र प्रस्तुतिकरण तयारी</td><td rowspan="4">पुनरावलोकन र तालिमपछिको लेखाजोखा (Assesssmet)<br>तालिम मूल्याङ्कन<br>तालिम समापन र प्रमाणपत्र वितरण</td></tr>
<tr><td>जलवायु प्रणाली, विश्व उष्णीकरण र जलवायु परिवर्तन सम्बन्धमा जानकारी</td><td rowspan="2">परिचयः समुदायमा आधारित अनूकूलन योजनाका प्रक्रिया र चरणहरू</td><td>संकटासन्नता कार्यको विश्लेषण</td><td>अनुकुलन योजनाको अनुगमन र मूल्याङ्कन</td></tr>
<tr><td>जलवायु परिवर्तनको असरहरू</td><td>अनुकूलनका उपायहरूको पहिचान</td><td>स्थलगत तयारी र योजना</td></tr>
<tr><td colspan="5">दैनिक तालिम पुनरावलोकन</td></tr>
</table>

# मुख्य पारिभाषिक शब्दहरू

यस सञ्चालन पुस्तिकामा प्रयोग भएका धेरैजसो शब्दहरू Inter-governmental Panel on Climate Change (IPCC) र United Nations International Strategy for Disaster Reduction (UNISDR) को प्रतिवेदनबाट साभार गरिएका हुन्। अन्य शब्दहरू अक्सफोर्ड शब्दकोशबाट लिइएका हुन्।

**अनुकूलन (Adaptation):**

नयाँ अथवा परिवर्तित वातावरणमा प्राकृतिक प्रणाली अथवा मानव प्रणालीको समायोजन नै अनुकूलन हो । जलवायु परिवर्तनमा अनुकूलन भन्नाले प्राकृतिक प्रणाली अथवा मानव प्रणालीमा जलवायु परिवर्तनका कारण हुने वास्तविक अथवा अपेक्षित असरलाई समायोजन गरी क्षति न्यूनीकरण गर्न संभाव्य अवसरको उच्चतम प्रयोग गर्ने भन्ने जनाउँदछ ।

**अनुकूलन क्षमता (Adaptive Capacity):**

कुनै प्रणालीको जलवायु परिवर्तनका प्रभावसँग समायोजन गर्न सक्ने क्षमता, संभावित क्षतिको न्यूनीकरण र अवसरको उच्चतम प्रयोग गर्न सक्ने क्षमतालाई नै अनुकूलन क्षमता भनिन्छ।

**जलवायु परिवर्तन (Climate Change):**

जलवायुको औसत अथवा विविध अवस्थामा देखिने स्पष्ट तथ्याङ्कीय विविधता जुन लामो समयसम्म रहन्छ (विशेषत तीन दशक वा सोभन्दा बढी) ।

**विपद (Disaster):**

कुनै समुदाय वा समाजको कार्यमा पर्ने गम्भीर व्यवधान । विपदले मानव समुदाय र भौतिक वस्तुहरूमा आर्थिक एवं वातावरणीय क्षति तथा प्रभाव पार्दछ जुन समुदाय वा समाजको आफ्नो स्रोत प्रयोग गरी पुनः स्थापित हुने क्षमताभन्दा बढी हुन्छ।

**सम्मुखता (Exposure):**

कुनै पनि प्रणाली जुन जलवायु परिवर्तनको असरमा कुन हदसम्म सम्मुख भएको छ, यसलाई नै सम्मुखता भनिन्छ। यस पुस्तिकामा सम्मुखता भन्नाले जलवायु परिवर्तनको विशिष्टता वा मात्रा, जलवायु विविधता र यससँग जोडिएका क्षतिलगायतका चरम घटनाहरू भन्ने बुझिन्छ।

**प्रकोप (Hazard):**

एक खतरनाक प्रक्रिया वा अवस्था जसले जनजीवनमा क्षति, चोटपटक वा अन्य स्वास्थ्यमा पर्ने प्रतिकूल प्रभाव, धनजनको क्षति, दैनिक जीवन तथा सेवाको क्षति, सामाजिक र आर्थिक व्यवधान अथवा वातावरणीय क्षतिलाई बुझाउँछ।

**जोखिम (Risk):**

कुनै घटनाको संभावना र यसको प्रतिकूल परिणामको योग नै जोखिम हो।

**संवेदनशीलता (Sensitivity):**

कुनै प्रणाली कुन तहसम्म प्रभावित छ, जुन जलवायुको प्रभावले प्रतिकूल वा अनुकूल हुन सक्छ।

**परिवर्तनशिलता (Variability) :**

कुनै प्रणालीको विविध हुने अवस्था वा विशेषता, यस सन्दर्भमा जलवायुको कारणले विविध हुने अवस्था। यस पुस्तिकामा परिवर्तनशिलता धेरैजसो जलवायुसँग सम्बन्धित हुनेछ।

**संकटासन्नता (Vulnerability):**

कुनै पनि प्रणाली जलवायु परिवर्तनको असरबाट संकटमा पर्न सक्ने, प्रभाव वहन गर्न नसक्ने अवस्थामा पुग्ने स्थितिलाई संकटासन्नता भनिन्छ।

**समानुकुलन (Resilience):**

व्यापक रूपमा प्रभावित भएका, क्षयीकरण भएका वा क्षतिग्रस्त भएका पर्यावरणीय एवं पारिस्थितिका प्रणालीहरू साविककै अवस्थामा फर्कन सक्ने अर्थात प्राकृतिक रुपमा पूर्नस्थापित हुन सक्ने क्षमतालाई समानुकूलन भनिन्छ।

**पहिलो दिन**

**सेसन १.१**
**(४५ मिनेट)**

## शीर्षक: तालिम शुभारम्भ एवं उद्घाटन



**सेसनको उद्देश्य:**

सेसनको अन्त्यमा:

- तालिम कार्यक्रमको औपचारिक शुभारम्भ हुनेछ।
- सहभागी र सहजकर्ताबीच आपसमा चिनजान भई मेलजोल बढ्नेछ।
- तालिमको विषयवस्तुमा सहभागीहरूको बुझाइको आँकलन हुनेछ।
- सहभागीका अपेक्षाहरू संकलन हुनेछन्।
- सहभागीहरूले तालिमको व्यवस्थापकीय पक्षको बारेमा जानकारी प्राप्त गर्नेछन्।



**तालिम विधि तथा आवश्यक सामग्रीहरू:**

| विधि | सामग्रीहरू |
|---|---|
| ▪ व्याख्या<br>▪ व्यक्तिगत तथा समूहगत कार्य<br>▪ खेलहरू<br>▪ छलफल | **शैक्षिक सामग्रीहरू**<br>▪ तालिमको रूपरेखा (सहभागीको संख्या अनुसार)<br>▪ दैनिक मूल्याङ्कन फाराम<br><br>**सहायक सामग्रीहरू**<br>▪ उपस्थिति दर्ता फाराम<br>▪ ब्यानर र ब्यानर छोप्ने कपडा<br>▪ नाम कार्ड<br>▪ हत्केलाको चित्रको लागि फोटोकपी पेपर<br>▪ मार्कर पेन |



**तालिम सहजकर्ताले गर्नुपर्ने आवश्यक तयारीहरू:**

- व्यवस्थित तालिम कक्ष तयार गर्ने।
- उपस्थिति दर्ता फारामको व्यवस्था गर्ने।

- सहभागीहरूबीच चिनजान बढाउनका लागि उचित उपायहरू प्रयोग गरी परिचय तथा उद्घाटन सत्र रोचक बनाउने।
- नाम, ठेगाना, हाल गरिरहेको कार्य, पूर्वअनुभव तथा जलवायु परिवर्तनको ज्ञानहरू परिचयमा समावेश गर्ने।
- ब्यानरमा तालिम शीर्षक, ठेगाना, आयोजक तथा सहयोगी निकायहरूको नाम आदि उल्लेख गर्ने।
- अपेक्षा संकलनका लागि पर्याप्त मेटाकार्डको प्रबन्ध मिलाउने।
- तालिम व्यवस्थापन समिति (संयोजक, प्रतिवेदक, मूल्याङ्कनकर्ता र  तालिम उत्प्रेरक) को भूमिका र जिम्मेवारीहरूको विवरणका लागि फ्लिपचार्ट र तालिम कक्षमा तालिम व्यवस्थान समितिको नाम लेखेर टाँस्नका लागि एउटा ब्राउन पेपर तयार गर्ने।

## क्रियाकलापहरू

**क्रियाकलाप नं. १ तालिम उद्घाटन** — **समय: १० मिनेट**

- तालिम सामग्री नं. १ अनुसार सबै सहभागीहरू र सहजकर्ताहरूको उपस्थिति दर्ता गर्ने।
- आयोजकका तर्फबाट सहभागीहरूलाई हार्दिक स्वागत गर्ने।
- तालिमको नाम, मिति, स्थान, आयोजक उल्लेख गरिएको ब्यानर टाँस्ने र अर्को कपडाले छोपेर राख्ने। (हेर्नुहोस् ब्यानरको नमुना : तालिम सामग्री नं. २)
- सहभागितामूलक तरिकाबाट तालिमको औपचारिक उद्घाटन गर्ने।

**क्रियाकलाप नं. २ परिचय** — **समय: २० मिनेट**

- सबै सहभागीलाई A4 साइजको कागज र कलम दिने र उनीहरूलाई सहजकर्ताबाट निर्देशन प्राप्त भएसम्म केही लेख्न नदिने (तालिम सामग्री नं. ३)।
- सबै सहभागीहरूलाई उक्त वितरण गरिएको A4 साइजको कागजमा आफ्नो हत्केलाको नक्शा कोर्न लगाउने र निम्न लिखित कुराहरू लेख्न भन्ने :
    - हत्केलाको बीचमा वातावरण अथवा जलवायु परिवर्तनसँग सम्बन्धित नारा।
    - बूढी औंलादेखि शुरु गर्दै प्रत्येक औंलामा निम्न लिखित जानकारी लेख्दै जाने :
        - नाम तथा स्थायी ठेगाना
        - वर्तमान भूमिका र जिम्मेवारीहरू
        - जलवायु परिवर्तन र अनुकूलन सम्बन्धमा अनुभव (वर्षका आधारमा)
        - अरू सहभागीहरूले तालिममा गर्नुपर्ने कुराहरू
        - अरू सहभागीहरूले तालिममा गर्न नहुने कुराहरू
- सहभागीहरूको कार्य हेरेर आवश्यकता अनुसार सहयोग गर्ने।
- सबै सहभागीहरू, सहजकर्ताहरू तथा आयोजकहरूलाई आफ्नो नारासहितको परिचय दिन लगाउने।
- तालिममा गर्नु हुने तथा नहुने कार्यहरूको बुँदा बनाई टिप्ने र तालिमको नियमका रूपमा प्रयोग गर्ने।
- सबै सहभागीहरू तथा सहजकर्ताहरूलाई नेमकार्ड वितरण गर्ने र सबैले देख्ने गरी टाँस्नको लागि अनुरोध गर्न।

**क्रियाकलाप नं. ३ अपेक्षा संकलन** — **समय: १५ मिनेट**

- सहभागीहरूलाई तालिममा के छलफल गर्न वा सिक्न मन लागेको छ भन्ने सोचेर आ–आफ्नो नोटकापीमा लेख्न

लगाउने।

- सहभागीहरूलाई ४/५ जनाको समूहमा विभाजन गर्ने। उनीहरूलाई समूहमा आफ्ना अपेक्षाहरूको छलफल गरी सामूहिक अपेक्षा तयार गरेर ती अपेक्षाहरूलाई मेटाकार्डमा लेख्न लगाउने र एक एक गरी प्रस्तुत गर्न लगाउने।
- सहजकर्ताले कुनै विषयवस्तु छलफल गर्न सकिने नसकिने भएमा प्रस्ट पार्ने। त्यस्ता छलफल गर्न नसकिने कुनै विषयवस्तु छलफल गर्नै पर्ने भएमा त्यसलाई "**पार्किङ क्षेत्र**" मा राख्ने र फुर्सदको समयमा अनौपचारिक रूपमा छलफल गराउने।
- सहभागीहरूसँग थप कुनै अपेक्षा छन् कि छैनन् भनेर सोध्ने।
- ६ दिने तालिमका उद्देश्यहरूलाई सहभागीहरूको अपेक्षासँग जोड्दै प्रस्तुत गर्ने। तालिमको उद्देश्यहरू न्युजप्रिन्ट वा मेटाकार्डमा लेख्ने र तालिम कक्षमा सबैले देखिने ठाउँमा टाँस्ने।
- ६ दिने तालिमको एक–एक प्रति रूपरेखा प्रत्येक सहभागीलाई एक–एक प्रति वितरण गर्ने।

### क्रियाकलाप नं .४ तालिम व्यवस्थापन — समयः १० मिनेट

- तालिमलाई सहजरूपमा सञ्चालन गर्नका लागि सहभागीहरूलाई आफैमध्येबाट एक एकजना संयोजक, प्रतिवेदक, मूल्याङ्कनकर्ता र तालिम उत्प्रेरक (सहभागितामूलक ढंगले र आलोपालो गरी) छनोट गर्न सल्लाह दिने। ति सबै जनाको मुख्य जिम्मेवारी प्रस्ट पार्ने (हेर्नुहोस : तालिम सामग्री नं. ४)।
- तालिम सहजकर्ता तथा सहभागीहरूका विचारहरू तथा अपेक्षा संकलनबाट आएका कुराहरू समावेश गरेर तालिमको प्रारूपलाई अन्तिम रूप दिने।
- तालिमको समय निर्धारण गर्दा छलफलको लागि कम्तीमा पनि ६ घण्टा लाग्ने कुरा मध्यनजर गरेर सहजीकरण गर्ने।

### क्रियाकलाप नं. ५ संक्षेपीकरण र मूल्याङ्कन — समयः ५ मिनेट

- यस सेसनको अन्त्यमा सहजकर्ताले 'यो सेसन कस्तो लाग्यो' भनेर सहभागीहरूलाई सोध्ने।
- यस सेसनमा भए गरेका सबै कुरा र निर्णय गरिएका कुराको सारसंक्षेप तालिम सहजकर्ताले प्रस्तुत गर्ने। अर्को सेसनमा हामी जलवायु परिवर्तनमा केन्द्रित रहेर छलफल गर्नेछौ भनी जानकारी दिने र सेसनको अन्त्य गर्ने।

**तालिम सहजकर्तालाई सुझाव**

- तालिमको शुभारम्भ उपलब्ध समय र स्थानीय अभ्यास अनुरूप अन्य विधिवाट पनि गर्न सकिन्छ।
- तालिम अवधिभर सहज वातावरण कायम राख्नु एक महत्त्वपूर्ण पक्ष हो र सहजकर्ताले यसलाई कायम राख्नुपर्छ।
- कुनै बेला आयोजक संस्थाले औपचारिक रूपमा पहिलो सत्र सञ्चालन गर्न चाहन्छन्। त्यसैले पहिले वहाँहरूसँग सल्लाह गर्नु राम्रो हुन्छ तर यसका लागि धेरै समय खर्च नगर्ने कुरामा सचेत रहने।
- पर्याप्त मात्रामा विभिन्न रङ्गको मेटा कार्ड, ब्राउन पेपर, गम र मास्किङ्ग टेप व्यवस्था गर्ने।

**सेसन १.२**

**(३० मिनेट)**

# शीर्षकः तालिमपूर्व मूल्याङ्कन

## सेसनको उद्देश्य

सेसनको अन्त्यमा सहभागीहरूलेः

- जलवायु परिवर्तन र अनुकूलन योजनाका बारेमा आफ्नो ज्ञान र सीपको स्तर आँकलन गर्न सक्नेछन्।

## मुख्य सन्देश

- जलवायु परिवर्तन र जलवायु परिवर्तन अनुकूलन योजना निर्माणका बारेमा सहभागीहरूले आफ्नो ज्ञान र सीपको स्व–आँकलन गर्ने।

## तालिम विधि तथा आवश्यक सामग्रीहरू

| विधि | सामग्रीहरू |
|---|---|
| ■ व्यक्तिगत अभ्यास<br>■ व्यक्तिगत अभ्यासको विश्लेषण | **शैक्षिक सामग्रीहरू**<br>■ तालिमपूर्व मूल्याङ्कन फाराम (सहभागी संख्याअनुसार)<br>■ तालिमपूर्व मूल्याङ्कनको उत्तर कुन्जिका<br><br>**सहायक सामग्रीहरू**<br>■ फोटोकपी पेपर<br>■ ब्यानर<br>■ मार्कर पेन |

## तालिम सहजकर्ताले ध्यान दिनुपर्ने कुराहरूः

- तालिम सञ्चालन पुस्तिका (तालिम सामग्री नं. ५) अनुसार सबै सहभागीहरूलाई पुग्ने गरी तालिमपूर्व मूल्याङ्कनको फाराम पर्याप्त मात्रामा व्यवस्था गर्ने।

# क्रियाकलापहरू

**क्रियाकलाप नं. १ तालिमपूर्व मूल्याङ्कन प्रक्रिया व्याख्या** **समय: ५ मिनेट**

- सेसनको उद्देश्य र प्रक्रियाबारे छलफल गर्ने।
- तालिमपूर्व मूल्याङ्कनको उद्देश्य बारेमा सहभागीहरूलाई जानकारी गराउने। यसको उद्देश्य सहभागीहरूको ज्ञान तथा सीपको स्तर बुझ्ने प्रयोजनका लागि मात्र गरिएको भन्ने जानकारी गराउने।
    - सहभागीहरूले यो जान्नु जरूरी छ कि यी प्रश्नहरू तालिम अवधिमा प्रयोग हुनेछन् र यो कुनै प्रकारको परिक्षा होइन। यो मूल्याङ्कन तालिमको अन्त्यमा सहजकर्ताको पनि परिक्षण हुने गरिने जानकारी दिने।

**क्रियाकलाप नं. २ तालिमपूर्व मूल्याङ्कन** **समय: २० मिनेट**

- तालिमपूर्व मूल्याङ्कनका प्रश्नावली सबै सहभागीहरूमा बाँड्ने र आफनो ज्ञान, सीप, अनुभव र सुझबुझका आधारमा उत्तर दिनका लागि भन्ने (तालिम सामग्री नं. ५ हेर्नुहोस)।
- सबै प्रश्नावलीहरू जम्मा गर्ने र सहभागीहरूको ज्ञान धारणाको विश्लेषण गर्ने र अन्त्यमा प्रश्नावलीहरूको संक्षेपीकरण गर्ने।

**क्रियाकलाप नं. ३ पुनरावलोकन** **समय: ५ मिनेट**

- केही वस्तुपरक प्रश्नहरू सबै सहभागीहरू समक्ष सोध्ने र उनीहरूबाट ती प्रश्नका उत्तरहरू लिने।
- यदि कसैले गलत उत्तर दिएमा सही उत्तर दिने र कतिपय उत्तरहरू तालिम समयमा पनि दिइने जानकारी गराउने।

**क्रियाकलाप नं. ४ संक्षेपीकरण र मूल्याङ्कन** **समय: ५ मिनेट**

- सेसनको मूल्याङ्कनका लागि निम्न लिखित प्रश्नहरू सोध्ने :
    - तपाईलाई यो अभ्यास गरेपछि कस्तो अनुभव भयो ?
    - नेपालले जलवायु परिवर्तन सम्बन्धी महासन्धी (UNFCCC) लाई कहिले अनुमोदन गऱ्यो ?

**सेसन १.३**
**(९० मिनेट)**

# शीर्षक: जलवायु परिवर्तन, संकटासन्नता विश्लेषण र अनुकूलन योजनासँग सम्बन्धित शब्दावलीहरू

### सेसनका उद्देश्यहरू

यस सेसनको अन्त्यमा सहभागीहरूले जलवायु परिवर्तन, संकटासन्नता र अनुकूलन योजनासँग सम्बन्धित कम्तिमा पनि २० वटा प्राविधिक शब्दहरूको व्याख्या गर्न सक्नेछन्।

### मुख्य सन्देश

- जलवायु परिवर्तन, संकटासन्नता र अनुकूलन योजनामा प्रयोग हुने २० वटा शब्दावलीहरूको परिभाषा।

### तालिम विधि तथा आवश्यक सामग्रीहरू

| विधि | सामग्रीहरू |
|---|---|
| ▪ सानो समूहगत छलफल<br>▪ व्याख्या | **शैक्षिक सामग्रीहरू**<br>▪ यी शब्दावलीहरूको व्याख्या गर्ने शैक्षिक सामग्रीहरू (तालिम सामग्री नं. ६)<br>**सहायक सामग्रीहरू**<br>▪ चार रङ्गका मेटाकार्डमा लेखिएका २० शब्दावलीहरू |

### तालिम सहजकर्ताले गर्नुपर्ने तयारीहरू:

- जलवायु परिवर्तन, संकटासन्नता तथा अनुकूलन योजनामा प्रयोग हुने शब्दावलीहरूको व्याख्या गरिएको प्रस्तुतिकरण सामाग्री नेपाली तथा अङ्ग्रेजी दुवै भाषामा तयार पार्ने।
- एउटा कार्डमा एक मात्र शब्द लेख्ने। ३ देखि ४ वटा शव्दावलीहरू एक रंगको मेटाकार्डमा लेख्ने। पावरप्वाइन्ट प्रस्तुतिकरणका आधारमा सबै मेटाकार्डहरूमा क्रम संख्या उल्लेख गर्ने र यसका लागि कम्तीमा ४ वटा रङ्गका मेटाकार्ड प्रयोग गर्ने (तालिम सामग्री नं. ६)।
- समूह छलफलका लागि ठाउँ व्यवस्थापन गर्ने।

## क्रियाकलापहरू

### क्रियाकलाप नं. १ जलवायु परिवर्तनसम्बन्धी शब्दावलीहरू — समय:१५ मिनेट

- विभिन्न शब्दावली लेखिएका रंगीन मेटाकार्डहरू सहभागीहरूमा वितरण गर्ने।
- सहभागीहरूलाई त्यस शब्दावलीको अर्थको बारेमा सोच्न लगाउने र त्यसको अर्थ कापीमा लेख्न लगाउने।

### क्रियाकलाप नं. २ जलवायु परिवर्तनसम्बन्धी शब्दावलीहरू — समय:४० मिनेट

- कार्डको रङ्ग अनुसार सहभागीहरूलाई समूहमा बाँड्ने। ती शब्दावलीहरूका बारेमा समूहगत छलफल गराई त्यसको छोटो विवरण र समूहको परिभाषा सोही कार्डमा लेख्न लगाउने।
- समूहगत कार्यमा प्रत्येक समूहका सहभागीहरूलाई शब्दावलीको व्याख्या गर्न लगाउने र समूहको प्रस्तुतिकरणमा आवश्यक परेमा सहभागीहरूलाई अन्य विवरणहरू थप्नका लागि उत्प्रेरित गर्ने।
- आवश्यक परेमा शब्दावलीहरूको परिभाषा पावरप्वाइन्टबाट व्याख्या गर्ने।
- यदि सहभागीहरूको उत्तर नमिल्दो भएमा सहजकर्ताहरूले त्यसको उपयुक्त परिभाषा दिने।
- सबै शब्दावलीहरूको छलफल नसकिएसम्म यही प्रक्रिया अपनाउने।

### क्रियाकलाप नं. ३ संक्षेपीकरण र मूल्याङ्कन — समय: ५ मिनेट

- यस सेसनमा गरिएका कार्यहरूको संक्षेपीकरण गर्ने।
- सेसनको मूल्याङ्कनका (दुई वा तीन सहभागीलाई) लागि निम्न प्रश्नहरू सोध्ने
  - जलवायु परिवर्तन भन्नाले के बुझ्नुहुन्छ?
  - मौसम भनेको के हो?
  - जलवायु र मौसममा के भिन्नता छ ?

**तालिम सहजकर्ताका लागि सुझाव**

- मूल्याङ्कन गर्दा कुनै सहभागीलाई तोकेर वा लक्षित गरेर प्रश्न नसोध्ने

### जलवायु परिवर्तन, संकटासन्नता विश्लेषण र अनुकूलन योजनासम्बन्धी शब्दावलीहरूबारे केही सन्दर्भ सामग्रीहरू:


i. GoN (Government of Nepal), 2011 . National Framework on Local Adaptation Plans for Action, Ministry of Science Technology and Environment(MoSTE), Singhdurbar Kathmandu [Glossary]

ii. GoN, 2012, Strengthening Capacity for Managing Climate Change and The Environment(TA7173), Participants and Reference Guide, Singhdurbar, Kathmandu [Key Terminologies]

iii. GoN, MoSTE-2012, Community Based Vulnerability Assessment Tools and Methods, Singhdurbar, Kathmandu [Glossary]

iv. SAMUKHIK ABHIYAN Consortium, 2013, Powerpoint Presentation of CCCBAP Training

v. Ministry of Forest and Soil Conservation, Definition of Climate Change and REDD Related Term

**सेसन १.४**

**(९० मिनेट)**

# शीर्षक:जलवायु प्रणाली, विश्व उष्णीकरण तथा जलवायु परिवर्तन

### सेसनका उद्देश्यहरू

यस सेसनको अन्त्यमा, सहभागीहरू निम्न लिखित कुरा गर्न सक्षम हुनेछन्ः

- जलवायु प्रणाली सम्बन्धमा व्याख्या गर्न।
- विश्व उष्णीकरणको अवधारणाबारे व्याख्या गर्न।
- जलवायु परिवर्तनमा विश्व उष्णीकरणको भूमिका व्याख्या गर्न।

### मुख्य सन्देश

- जलवायु परिवर्तन एक प्राकृतिक प्रक्रिया हो तर मानवजन्य क्रियाकलापहरूले जलवायु परिवर्तनको गतिलाई बढाएको छ।

### तालिम विधि तथा आवश्यक सामग्रीहरू

| विधि | सामग्रीहरू |
|---|---|
| ▪ वृत्तचित्र<br>▪ तस्बिरमा आधारित छलफल<br>▪ प्रस्तुतिकरण | **शैक्षिक सामग्रीहरू**<br>▪ सजीव ग्रह (Living Planet) नामक वृत्तचित्र<br>▪ जलवायु प्रणाली र विश्व उष्णीकरणको अवधारणा (अध्ययन सामग्री नं. ७)<br>**सहायक सामग्रीहरू**<br>▪ विश्व उष्णीकरण र जलवायु परिवर्तनबारे वृत्तचित्र<br>▪ जलवायु प्रणाली सम्बन्धित चित्रहरू प्रदर्शन<br>▪ हरित गृह ग्याँस (Green House Gases) उत्सर्जनका स्रोतहरू देखाइएको चित्र |

### तालिम सहजकर्ताले ध्यान दिनुपर्ने कुराहरू

- जलवायु प्रणाली तथा विश्व उष्णीकरणको अवधारणा पुष्टि गर्ने विभिन्न प्रस्तुतिकरण सामग्रीहरू (ग्राफ, तस्बिर, नक्शाहरू आदि) तयार पार्ने।
- आवश्यक चित्रहरू तथा अन्य सान्दर्भिक सामग्रीहरूको व्यवस्था गर्ने।
- तालिम दिँदा विश्व उष्णीकरणमा निकै कम भूमिका भएतापनि नेपाल जलवायु परिवर्तनबाट उच्च जोखिममा रहेको राष्ट्र हो भन्ने कुरालाई ध्यानमा राखिरहने।

## क्रियाकलापहरू

**क्रियाकलाप नं. १ जलवायु प्रणाली** **समय: २५ मिनेट**

- सेसनको उद्देश्य तथा गरिने क्रियाकलापहरूबारे जानकारी गराउने।
- जलवायु प्रणाली सम्बन्धित चित्रहरू देखाएर सहभागीहरूलाई उक्त चित्रको विश्लेषण गर्न लगाउने (तालिम सामग्री नं. ७)।
- सहभागीहरूको विचारलाई जोडेर विश्व जलवायु प्रणालीको व्याख्या गर्ने।
- जलवायु प्रणाली क्रियाशील हुनका लागि घाम, तापक्रम, हावा, पानी र वनको आवश्यकता छ भनेर व्याख्या गर्ने।
- मानवीय क्रियाकलापहरूले गर्दा जलवायु क्रियाशील हुन चाहिने तत्त्वहरूमा परिवर्तन ल्याएको छ। यो जलवायु प्रणालीको परिवर्तनको मुख्य कारण हो भन्ने कुरा व्याख्या गर्ने।

**क्रियाकलाप नं. २ विश्व उष्णीकरण** **समय: ६० मिनेट**

- सजीव ग्रहबारे वृत्तचित्र देखाउने (तालिम सामग्री नं. ७.१)।
- त्यसपछि निम्न प्रश्नहरू सोध्ने
  - विश्व उष्णीकरण भन्नाले के बुझ्नुभयो ?
  - विश्व उष्णीकरण हुनुका मुख्य कारणहरू के के हुन्?
- केही सहभागीहरूलाई आफ्नो विचार प्रस्तुत गर्न अनुरोध गर्ने।
- सहभागीहरूको विचारलाई समावेश गर्दै हरित गृह ग्याँसहरूको परिभाषा र प्रकारको व्याख्या गर्ने। प्रस्तुतिकरण सामग्री प्रयोग गरेर वायुमण्डलमा रहेको हरित गृह ग्याँसको मात्राबारे जानकारी दिने।
- पोस्टर प्रयोग गरेर हरित गृह ग्याँसका स्रोतहरू तथा उक्त ग्याँसहरू उत्सर्जन गर्ने मानवीय क्रियाकलापहरूबारे जानकारी गराउने।
- हरित गृह ग्याँस उत्सर्जन हुनमा प्राकृतिक तथा मानव सिर्जित क्रियाकलापहरू जिम्मेवार छन्। विश्व उष्णीकरणका विभिन्न कारणहरूमध्ये हरित गृह ग्याँस एक हो। यसका तथ्यहरूबारे अवगत गराउने।
- सहभागीहरूलाई विश्व उष्णीकरणबारे आफ्ना अनुभवहरू सुनाउन अनुरोध गर्ने। अनुभव आदानप्रदान गर्दा प्रस्तुतिकरणका विभिन्न सामग्रीहरू जस्तै नक्शा, ग्राफ, चार्टहरू, पोस्टरहरू आदिको प्रयोग गर्ने।
- विश्व उष्णीकरणलाई नियन्त्रण गर्न सकिएन भने यसले वातावरण, सामाजिक तथा आर्थिक क्षेत्रहरूमा असर पार्छ र अन्त्यमा मानव अस्तित्वमा समेत सङ्कट ल्याउन सक्छ भन्दै सेसनको अन्त्य गर्ने।

**क्रियाकलाप नं. ३ संक्षेपीकरण र विश्लेषण** **समय: ५ मिनेट**

- सेसनका गतिविधिहरूको संक्षेपीकरण गर्ने।
- मूल्याङ्कनका लागि सहभागीहरूमध्येबाट दुई वा तीनजनालाई निम्न प्रश्नहरू सोध्ने
  - जलवायु प्रणालीको प्रक्रियाको व्याख्या गर्नुहोस्।
  - विश्व उष्णीकरण भन्नाले के बुझ्नुहुन्छ ?
  - जलवायु परिवर्तनमा विश्व उष्णीकरणको भूमिका के हो?

**सन्दर्भ सामग्रीहरू**

i. GoN, 2012, Strengthening Capacity for Managing Climate Change and The Environment (TA7173), Participants and reference Guide, Singhdurbar, Kathmandu [Climate System Climate Change and its Impact]

ii. SAMUKHIK ABHIYAN Consortium, 2013, Powerpoint Presentation of CCCBAP Training

iii. IPCC,(2007), Synthesis Report http://www .ipcc .ch/pdf/Assessment-Report/ar4/syr/ar4_syr .pdf

**सेसन १.५**

**(९० मिनेट)**

# शीर्षक: जलवायु परिवर्तनका असर तथा प्रभावहरू

### सेसनका उद्देश्यहरू

यस सेसनको अन्त्यमा सहभागीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुनेछन्:

- जलवायु परिवर्तनले स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा पार्ने असर र प्रभावहरू व्याख्या गर्न।
- स्थानीय स्तरमा जलवायु परिवर्तनको विषयगत असर तथा प्रभावहरूको जानकारी राख्ने एवं टिपोट गर्न।

### मुख्य सन्देश

- जलवायु परिवर्तनका मुख्य प्रभावहरू (तापक्रममा वृद्धि, वर्षामा फेरबदल, हिउँ पग्लिनु, समुद्री सतह बढ्नु आदि जस्ता विषयमा जनाकारी )।
- राष्ट्रिय अनुकूलन कार्यक्रम (NAPA) ले पहिचान गरेका ६ वटा क्षेत्रगत (कृषि तथा खाद्य सुरक्षा, वन तथा जैविक विविधता, जलस्रोत तथा उर्जा, जलवायु सिर्जित प्रकोपहरू, शहरी बसोबास तथा पुर्वाधार र जन-स्वास्थ्य) प्रभाव तथा असरहरू बारे जानकारी।

### तालिम विधि तथा आवश्यक सामग्रीहरू

| विधि | सामग्रीहरू |
|---|---|
| ▪ तस्बिर तथा चित्रमा आधारित रहेर गरिने छलफल<br>▪ प्रस्तुतिकरण र व्याख्या<br>▪ सानो समूहगत छलफल | **शैक्षिक सामग्रीहरू**<br>▪ जलवायु परिवर्तनको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रभावहरूबारे प्रस्तुतिकरण सामग्री<br>**सहयोगी सामग्रीहरू**<br>▪ सम्बन्धित चित्र तथा तस्बिरहरू |

### तालिम सहजकर्ताले ध्यान दिनुपर्ने तयारीहरू

- जलवायु परिवर्तनको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रभावहरूबारे प्रस्तुतिकरण सम्बन्धी लेख, रचना, तथा सामग्रीहरू।
- सेसनसँग सम्बन्धित चित्र तथा तस्बिरको व्यवस्था।

## क्रियाकलापहरू

**क्रियाकलाप नं. १ असर तथा प्रभावहरू** **समयः ४० मिनेट**

- सेसनलाई जलवायु र विश्व उष्णीकरको सेसनसँग जोड्दै शुरुवात गर्ने।
- सेसनका उद्देश्य तथा गरिने क्रियाकलापहरूबारे जानकारी गराउने।
- जलवायु परिवर्तनका मुख्य प्रभावहरू जस्तैः समुन्द्रको सतह वृद्धि, वर्षामा अनियमितता, तापक्रम वृद्धि जैविक विविधतामा असर, जलवायु सृजीत प्रकोप आदिबारे छलफल गर्ने।
- तापक्रम वृद्धिका कारणबाट वर्तमान र पछि हुन सक्ने प्रभाव तथा असरहरूबारे छलफल गर्ने।
- वर्षामा हुने अनियमितताले निम्त्याएका असर तथा प्रभावहरूबारे छलफल गर्ने।
- समुद्री सतह बढ्नाले वर्तमान तथा पछि हुन सक्ने अनुमानित प्रभाव तथा असरहरूको बारेमा छलफल गर्ने।
- तापक्रम वृद्धिले हुने असरहरू र सम्भावित जोखिमहरू (हिउँ पग्लने, नयाँ रोग र कीराको प्रकोप, जैविक विविधतामा ह्रास आदि) को बारेमा छलफल गर्ने।
- क्षेत्रगत प्रभावहरूलाई चित्र, सन्दर्भ, तथ्य आदि मार्फत व्याख्या गर्ने।
- जलवायु परिवर्तनले ल्याएको र ल्याउन सक्ने अवसरहरूबारे व्याख्या गर्ने तर यी अवसरहरू जलवायु परिवर्तनले पार्ने नकारात्मक प्रभावका तुलनामा अति न्यून भएको पुष्टि गर्ने।

**क्रियाकलाप नं. २ स्थानीय तहमा असर र प्रभाव** **समयः ४० मिनेट**

- सहभागीका संख्या तथा क्षेत्रगत प्रतिनिधित्वका आधारमा सहभागितामूलक ढंगले सहभागीहरूको ४ वा ५ समूह बनाउने ।
- सामूहिक छलफलका आधारमा निम्न ६ क्षेत्रमा (वन तथा जैविक विविधता, कृषि तथा खाद्य सुरक्षा, जन-स्वास्थ्य, शहरी बसोबास तथा पूर्वाधार, जलवायु सिर्जित प्रकोप र जलस्रोत तथा उर्जा) जलवायु परिवर्तनले निम्त्याएका असर र प्रभावहरूबारे छलफल गराउने।
- यस समूह छलफलमा सम्बन्धित कार्यालयका प्रतिनिधिलाई नेतृत्वदायी भूमिका गर्नका लागि अनुरोध गर्ने।
- स्थानीय स्तरमा जलवायु परिवर्तनले के के असर पारेको छ ? जलवायु परिवर्तनबाट कुन समूह, लिङ्ग, जाति, वर्ग, समुदाय बढी प्रभावित भएका छन् भन्ने छलफल गर्न लगाउने।
- स्थानीय असरलाई रातो कार्डमा तथा प्रभावित समुदायलाई हरियो कार्डमा टिपोट गर्ने।
- जलवायु परिवर्तनले महिला, गरिब, बालबालिका तथा दुर्गम क्षेत्रका समुदायमा पर्ने असरबारे व्याख्या गर्ने।
- अन्त्यमा सहभागीहरूलाई कसरी आफ्नो कार्य तथा क्रियाकलापहरूले स्थानीय स्तरको जलवायु परिवर्तनको असरलाई कम गर्न सकिन्छ भनेर मनन गर्न लगाई सेसनको अन्त्य गर्ने।

**क्रियाकलाप नं. ३ संक्षेपीकरण र मूल्याङ्कन** **समयः १० मिनेट**

- सेसनमा गरेका क्रियाकलापहरूको संक्षेपीकरण गर्ने।
- मूल्याङ्कनका लागि २ वा ३ जना सहभागीहरूलाई निम्न प्रश्नहरू सोध्नेः
  - जलवायु परिवर्तनले विश्वस्तरमा ल्याउने ३ वटा परिवर्तन के के हुन्?
  - नेपालको सन्दर्भमा जलवायु परिवर्तनले धैरै असर पारेका क्षेत्रहरू के के हुन् ?
  - जलवायु परिवर्तनबाट तपाईंको आफ्नो गाउँ घरमा के कस्तो असर परेका छन् उल्लेख गर्नु होस्?
  - जलवायु परिवर्तनले महिला, बालबालिका तथा सीमान्तकृत समुदायमा ल्याएका नयाँ चुनौतीहरू के के हुन् ?

### दैनिक मूल्याङ्कन

- मूल्याङ्कनकर्तालाई (सहभागीहरूमध्येबाट) दिनको क्रियाकलापबारे मूल्याङ्कन गर्न लगाउने।
- मूल्याङ्कनकर्ताले मूल्याङ्कनको लागि जुनसुकै सहभागितामूलक मूल्याङ्कन विधिहरू (मूल्याङ्कन फाराम, मुड मिटर आदि) को प्रयोग गर्न सक्दछ भन्ने जानकारी गराउने।

### पहिलो दिनको अन्त्य

तालिमको पहिलो दिनको कार्यक्रमलाई संक्षेपमा अन्त्य गर्न संयोजकलाई आग्रह गर्ने।

**तालिम सहजकर्तालाई सुझाव**

अन्तिम सेसनलाई जलवायु परिवर्तनका असर वा सजीव ग्रह वृत्तचित्र देखाएर पनि सँग सम्बन्धित देखाएर शुरु गर्न सकिन्छ।

जलवायु परिवर्तनले ल्याएको सकारात्मक तथा नकारात्मक असर तथा प्रभावहरू दुवैको विश्लेषण एवं उदाहरणहरू प्रस्तुत गर्नुहोस्।

### जलवायु परिवर्तनका प्रभावहरूबारे केही सन्दर्भ सामग्रीहरू


i. GoN, 2012, Strengthening Capacity for Managing Climate Change and The Environment(TA7173), Participants and Reference Guide, Singhdurbar, Kathmandu [Climate change impacts in Nepal]

ii. SAMUKHIK ABHIYAN Consortium, 2013, Powerpoint Presentation of CCCBAP Training

iii. GoN/MoE, First Communication Report of Nepal

## दोस्रो दिन

**सेसन २.१**
**(३० मिनेट)**

# सेसनको शुरूवात

**बोर्डमा तलको आदर्श उद्धरण लेख्ने र सहभागीहरूलाई आफ्नो धारणा व्यक्त गर्न लगाउने ।**

कस्तो छ समय साथै देश काल परिस्थिति।
शत्रु मित्रु को को छन् है के छ आफ्नो मनस्थिति।।
कत्तिको छ क्षमता आफ्नो लक्ष्य प्रस्ट के हो भनी।
सोचेर थालनी गर्नु आ–आफ्नो काम जे पनि।।
– चाणक्य नीतिको भावानुवाद

सहभागीहरूले आफ्नो विचार व्यक्त गरेपछि सहजकर्ताले सो उद्धरणको सारलाई सहभागीको धारणासँग मिलाइ विषयवस्तु प्रस्तुत गर्ने।

- अघिल्लो दिनको बारेमा केही प्रश्न वा सुझाव छ कि भनेर सहभागीहरूसँग सोध्ने।
- तालिम संयोजकलाई अघिल्लो दिनको संक्षेपीकरण र मूल्याङ्कन गर्न लगाउने।
- सहभागीहरूलाई त्यस प्रस्तुतिमा थप सुझाव दिन लगाउने।
- कुनै कुरा छुटेको खण्डमा सहजकर्ताले थपिदिने।
- सहभागीहरूमध्येबाट त्यस दिनको तालिम व्यवस्थापन समिति छनोट।
- दोस्रो दिनको क्रियाकलापहरूबारे जानकारी गराई दिनको सेसन सुरु गर्ने।

**सेसन २.२**

**(९० मिनेट)**

# शीर्षक: जलवायु परिवर्तन सम्बोधन गर्न गरिएका अग्रसरताहरू

### उद्देश्यहरू

यस सेसनको अन्त्यमा सहभागीहरू निम्न लिखित कार्य गर्न सक्षम हुनेछन् :

- जलवायु परिवर्तनको सामना गर्न विश्वस्तरमा गरिएको प्रयासहरूको व्याख्या गर्न ।
- जलवायु परिवर्तनको सामना गर्न राष्ट्रिय र स्थानीय स्तरमा गरिएका प्रयासहरू सूचीकृत गर्न ।

### मुख्य सन्देश

- जलवाय परिवर्तन अन्तर्राष्ट्रिय मुद्दा हो र यसलाई सबै राष्ट्रले एकीकृतरूपमा सम्बोधन गर्नुपर्छ ।
- UNFCCC जलवायु परिवर्तनलाई सम्बोधन गर्ने एउटा महत्त्वपूर्ण महासन्धि हो ।
- क्योटो प्रोटोकलको मुख्य पक्षः यसले ३७ वटा विकसित राष्ट्र तथा युरोपेली युनियनलाई हरित गृह ग्यासको उत्सर्जनमा कमील्याउन प्रतिबद्ध गराउँछ ।
- नेपाल सरकारले पनि जलवायु परिवर्तनको असर र प्रभावको सामना गर्न जलवायु परिवर्तन परिषद् गठन गरेको छ । त्यसै गरी जलवायु परिवर्तनको असर र प्रभावको सामना गर्न विभिन्न संयन्त्रहरू, नीति, नियम, नियमावली, कानुन तथा मार्गदर्शनहरू कार्यान्वयनमा ल्याएको छ ।
- राष्ट्रिय अनुकूलन कार्यक्रम (नापा) र स्थानिय अनुकूलन कार्ययोजना (लापा) को बारेमा उल्लेख गर्ने ।

### तालिम विधि तथा आवश्यक सामग्रीहरू

| विधि | सामग्रीहरू |
|---|---|
| ▪ खेल<br>▪ व्याख्या<br>▪ प्रश्नोत्तर | **शैक्षिक सामग्रीहरू**<br>▪ प्रस्तुतिकरण सामग्री (जलवायु परिवर्तनका मुद्दाहरूलाई सम्बोधन गर्ने प्रयासहरू)<br>▪ NIL खेल खेलाउने (तालिम सामग्री प्रक्रिया नं. ८)<br>**सहयोगी सामग्रीहरू**<br>▪ UNFCCCका प्रतिवेदनहरू<br>▪ जलवायु परिवर्तन परिषद्का आलेखहरू<br>▪ जलवायु परिवर्तन महाशाखा गठन<br>▪ जलवायु परिवर्तन नीति (२०६७ वि.सं.)<br>▪ राष्ट्रिय अनुकूलन योजना र स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचना<br>▪ जलवायु परिवर्तनसम्बन्धी नेपालले हस्ताक्षर गरेका सन्धि तथा सम्झौताहरू<br>▪ विज्ञान प्रविधि तथा वातावरण मन्त्रालयले सञ्चालन गरेका विभिन्न कार्यक्रम एवं आयोजनाहरूका आलेखहरू<br>▪ नेपाल सरकारका ऐन, नीति, नियम तथा मार्गदर्शनहरू |

### तालिम सहजकर्ताले ध्यान दिनुपर्ने कुराहरू

- जलवायु परिवर्तन सम्बोधन गर्नका लागि भएका अन्तर्राष्ट्रिय र राष्ट्रिय प्रयासहरूका प्रस्तुतिकरण सामग्री।
- सम्बन्धित जिल्ला वा क्षेत्रमा भएका तथा कार्यान्वय गरिएका अनुकूलनका प्रयासहरू अगाडि नै खोजी गर्ने र सेसनमा प्रस्तुत गर्नका लागि तयार गर्ने।
- समूह अभ्यासको लागि ठाउँको व्यवस्था गर्ने।

## क्रियाकलापहरू

### क्रियाकलाप नं. १ अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय प्रयासहरू — समय: ८५ मिनेट

- सेसनको उद्देश्य र गरिने क्रियाकलापको विषयमा व्याख्या गर्ने।
- जलवायु परिवर्तन अन्तर्राष्ट्रिय मुद्दा हो। यसलाई सबैले मिलेर सम्बोधन गर्नुपर्छ। जलवायु परिवर्तनको प्रवाभ स्थानीय स्तरमा पर्ने भएकोले स्थानीय स्तरबाटै यसको प्रभाव घटाउने कार्यक्रम कार्यान्वयन गर्नुपर्छ भन्ने कुरा व्याख्या गर्ने।
- तालिम सामग्री नं. ८ अनुसार खेल खेलाउनुहोस्। त्यस अनुसार N IL नाम दिएर तीनवटा समूह विभाजन गर्नुहोस्। तल दिए अनुसार समूहहरूलाई काम दिनुहोस् र प्रस्तुतिको लागि मेटाकार्डबाट प्रस्तुति गर्नका लागि अनुरोध गर्नुहोला।
    - N समूहलाई राष्ट्रियस्तरमा जलवायु परिवर्तनको प्रभाव कम गर्न के कस्ता पहल तथा कार्यहरू गरिएको छ।
    - I समूहलाई अन्तर्राष्ट्रियस्तरमा जलवायु परिवर्तनको प्रभाव कम गर्न के कस्ता पहल तथा कार्यहरू गरिएको छ।
    - L समूहलाई स्थानीय स्तरमा जलवायु परिवर्तनको प्रभाव कम गर्न के कस्ता पहल तथा कार्यहरू गरिएको छ।
- प्रत्येक समूह कार्य सकिएपछि प्रस्तुति गर्ने, प्रत्येक समूहको प्रस्तुतिपछि खुल्ला छलफल गर्ने र त्यसको सहजीकरण गर्ने। प्रस्तुतिकरण सकिएपछि मेटा कार्ड संकलन गर्ने र तिनलाई न्यूनीकरण र अनुकूलन गरी दुई छुट्टाछुट्टै स्थानमा राख्ने।
- प्रस्तुति गर्दा अर्न्तराष्ट्रियको पहिला गर्ने, ।
- प्रस्तुतिमा कुनै कुरा छुटेको भए सहजकर्ताले UNFCCC, IPCC,क्योटो महासन्धि, वाली कार्ययोजना, CoPs र जलवायु परिवर्तनसँग सम्बन्धित अन्य महासन्धि तथा सहमतिहरूबारे व्याख्या गर्ने (प्रस्तुतिकरण सामग्रीको सहयोगमा) ।
- राष्ट्रिय समूहको छलफलको प्रस्तुति गर्नका लागि समय दिने, प्रस्तुतिपछि सहभागीहरूबीच छलफल चलाउने र त्यसको सहजीकरण गर्ने प्रस्तुति र छलफलमा समावेश नभएका राष्ट्रिय पहलहरू (जलवायु परिवर्तन परिषद्, जलवायु परिवर्तन नीति, २०६७, राष्ट्रिय अनुकूलन कार्यक्रम, स्थानीय अनुकूलन कार्ययोजना, बहु सरोकारवाला जलवायु परिवर्तन प्रयास समन्वय समिति (MCCICC), विभिन्न आयोजना तथा कार्यक्रमहरू जस्तै नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम (NCCSP), जलवायु परिवर्तन समानुकुलन नमूना कार्यक्रम (PPCR) आदि बारे पनि छलफल गर्ने। जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरण नै जलवायु परिवर्तनसँग सामना गर्ने मुख्य क्रियाकलापहरू हुन् भन्ने जानकारी गराउने।
- अन्त्यमा स्थानीय तहमा भएका प्रयासहरूको प्रस्तुति गर्नका लागि समय दिने, प्रस्तुतिपछि सहभागीहरूबीच छलफल चलाउने र त्यसको सहजीकरण गर्ने प्रस्तुति र छलफलमा समावेश नभएका जिल्लाभित्रका स्थानीय पहलहरूको संक्षेपीकरण गर्ने र कुनै कार्य छुटेका भए थपिदिने।

(**नोट**: शुरुवात गर्नका लागि ५ मिनेट, समूह कार्यको लागि २० मिनेट, प्रस्तुति तथा छलफलका लागि प्रत्येक समूहका लागि १०/१० मिनेट र तीनवटा समूहको लागि सहजकर्ताको लागि ३० मिनेट समय विभाजन गरिएको हो। )

**क्रियाकलाप नं. २ संक्षेपीकरण र मूल्याङ्कन** **समयः ५ मिनेट**

- सेसनका गतिविधिहरूको संक्षेपीकरण गर्ने ।
- मूल्याङ्कनका लागि २ वा ३ जना सहभागीलाई निम्न लिखित प्रश्नहरू सोध्ने :
    - जलवायु परिवर्तनलाई सम्बोधन गर्नका लागि अन्तर्राष्ट्रियस्तरमा के कस्ता प्रयास भइरहेका छन् ?
    - जलवायु परिवर्तनलाई सम्बोधन गर्नका लागि नेपालले कस्तो पहल गरेको छ ?
- अर्को सेसनमा जलवायु परिवर्तनका प्रभावको न्यूनीकरण र अनुकूलनका बारेमा छलफल गर्ने जानकारी दिने ।

**तालिम सहजकर्तालाई सुझाव**
सहभागीहरूले अन्तर्राष्ट्रिय र राष्ट्रिय पहलहरूको बारेमा अझै बुझ्न प्रयास गरेमा राष्ट्रिय अनुकूलन कार्यक्रमले तयार गरेको वृत्तचित्र देखाउन सकिन्छ ।

**सन्दर्भ सामग्रीहरू**

i. GoN, 2012, Strengthening Capacity for Managing Climate Change and The Environment (TA7173), Participants and Reference Guide, Singhdurbar, Kathmandu [International Reponses Policies and Procedure, Nepal Responses to Climate change]
ii. SAMUKHIK ABHIYAN Consortium, 2013, Powerpoint Presentation of CCCBAP Training
Website of Ministry of Science, Technology and Environment (MoSTE) http://moste.gov.np/

**सेसन २.३**

**(९० मिनेट)**

# शीर्षक: संकटासन्नता विश्लेषण, न्यूनीकरण र अनुकूलन

## सेसनका उद्देश्यहरू

यस सेसनको अन्त्यमा सहभागीहरू निम्न लिखित कार्य गर्न सक्षम हुनेछन्:

- संकटासन्नताको अवधारणाबारे व्याख्या गर्न।
- जलवायु परिवर्तन न्यूनीकरणको अवधारणा व्याख्या गर्न।
- जलवायु परिवर्तन न्यूनीकरणका तीन तरिकाका भन्न (कार्बन सोसन, कार्बनको विकल्प तथा सदुपयोग र कार्बन संरक्षण)।
- जलवायु अनुकूलनका अवधारणा र प्रकारहरूको बारेमा व्याख्या गर्न।

## मुख्य सन्देश

- जलवायु परिवर्तन संकटासन्नताको मात्रा र परिमाण फरक फरक हुने भएकाले प्रभावकारी अनुकूलन योजना बनाउन संकटासन्न क्षेत्र तथा संकटासन्न समुदाय पहिचान गर्नु आवश्यक छ।
- जलवायु परिवर्तनको विश्वव्यापी असर र प्रभावहरू कम गर्ने दुई उपायहरू छन्: न्यूनीकरण र अनुकूलन। हरित गृह ग्याँस उत्सर्जनमा नेपालको योगदान न्यून रहे पनि विश्वव्यापी रूपमा बढेको तापक्रमले नेपाललाई निकै असर पारेको छ।
- जलवायु परिवर्तनका असरहरूलाई न्यूनीकरण गर्ने दुई तरिकाहरू छन्: पहिलो विश्व उष्णीकरणलाई नियन्त्रण गर्नको लागि हरितगृह ग्याँस उत्सर्जनलाई कटौती गर्ने र दोस्रो उत्सर्जन भएका ग्याँसहरूलाई सोसन र भण्डार गर्ने।
- नेपालजस्तो अविकसित देशका लागि अनुकूलन एक महत्त्वपूर्ण उपाय वा विकल्प हो। त्यसैले परिवर्तन भइरहेको जलवायु तथा विकसित मुलुकहरूबाट प्राप्त हुने हरितगृह ग्याँस उत्सर्जन गर्ने स्रोतहरूलाई अनुकूलन गर्नु अत्यावश्यक छ।

## तालिम विधि तथा आवश्यक सामग्रीहरू

| विधि | सामग्रीहरू |
|---|---|
| ▪ Action Learning अभ्यास<br>▪ वज् समूह छलफल व्याख्या र प्रस्तुतिकरण | **शैक्षिक सामग्रीहरू**<br>▪ जलवायु परिवर्तन न्यूनीकरणबारे जानकारी दिने सामग्री<br>**सहयोगी सामग्रीहरू**<br>▪ Action Learning अभ्यासका लागि सामग्री नं. ९<br>▪ न्यूनीकरणका परिभाषा तथा उपाय देखाउने चित्रहरू (सामग्री नं. १०)<br>▪ कार्बन पदचाप घटाउन व्यक्तिगत पहलहरू लेखिएका विभिन्न कार्डहरू<br>▪ विभिन्न प्रकारका अनुकूलनका प्रयास दर्शाउने नक्शा, चित्र, उदाहरणसहितको प्रस्तुतिकरण सामग्री |

### तालिम सहजकर्ताले ध्यान दिनुपर्ने कुराहरू

- निम्न लिखित विषयहरूको प्रस्तुतिकरण सामग्री तयारीः
  - संकटासन्नताको परिभाषा र यसका तत्त्वहरूः संवेदनशीलता, सम्मुखता र अनुकूलन क्षमता।
  - जलवायु परिवर्तन न्यूनीकरणको परिभाषा र उपायहरू।
  - अनुकूलनको परिभाषा र प्रकारहरू तथा तिनको व्याख्या गर्ने चित्र तथा उदाहरणहरू।
- व्यक्तिगतरूपमा कार्बनको पदचाप (Carbon Foot-Print) घटाउन गरिएका प्रयास समावेश गरी कार्ड बनाउने।
- एनिमेशन सहितको वृत्तचित्र देखाउन ल्यापटप र आवश्यक सामग्रीहरूको व्यवस्थापन गर्ने।

## क्रियाकलापहरू

### क्रियाकलाप नं. १ जलवायुजन्य संकटासन्नता — समयः ३० मिनेट

- तालिम सामग्री नं. ८ देखाएर सहभागीहरूलाई निम्न लिखित प्रश्न सोध्ने।
  - संकटासन्नता भनेको के हो ?
- सहभागीका विचारलाई मध्यनजर गर्दै IPCC को संकटासन्नताको विश्लेशण गर्ने सुत्र देखाउदै व्याख्या गर्ने।
- संकटासन्नता कार्यहरू सम्बन्धित मुख्य तीन शब्दावलीको व्याख्या गर्ने।
- कार्य अभिमुखीकरण अभ्यासका सहयोगको आधारमा संकटासन्नताको स्तर, संकटासन्न समूहहरू र संकटासन्न क्षेत्र व्याख्या र वर्णन गर्ने (तालिम सामग्री नं. ९)।
- सहभागीहरूको मनमा केही प्रश्न छ कि सोध्ने।

### क्रियाकलाप नं. २ न्यूनीकरण — समयः २५ मिनेट

- क्रियाकलाप नं. १ सँग सम्बन्धित रही अनुकूलन क्षमता कम हुनुका कारण गरिबहरू बढी संकटासन्न हुन्छन् भन्ने कुरा बुझाउने। जलवायु परिवर्तनलाई सम्बोधन गर्ने दुई उपाय छन्: न्यूनीकरण र अनुकूलन र यो दुई नै गरिब तथा जोखिममा परेका व्यक्तिहरूको अनुकूलन क्षमता बढाउने उपाय हो।
- कार्बन चक्रको चित्र वा ग्राफ देखाउने र यसबाट हामीले के देख्यौं ? र के बुझ्यौं भन्ने प्रश्न गर्ने?
- जलवायु परिवर्तन न्यूनीकरणको अवधारणाको बारेमा व्याख्या गर्ने।
- तालिम सामग्री नं. १० का सहयोगले, अन्त्यमा वातावरणमा भएको कार्बन तीन तरिकाले न्यूनीकरण गर्न सकिन्छ (कार्बन सोसन, कार्बन संरक्षण र कार्बनको विकल्प र सदुपयोग) भनेर व्याख्या गर्ने।
- तालिम सामग्री नं. ११ प्रस्तुति देखाउने जसले एउटा व्यक्ति वा संस्थाले कसरी कार्बन उत्सर्जन गर्दछ र न्यूनीकरणका लागि उनीहरूले के के गर्न सक्छन् भनेर व्याख्या गर्ने।
- सहभागीहरूलाई कार्बन उत्सर्जन घटाउनका लागि आफ्नो जीवनमा त्यस्तै के के गर्न सक्नुहुन्छ भनेर सोध्ने।

### क्रियाकलाप नं. ३ जलवायु अनुकूलन — समयः ३० मिनेट

- अनुकूलनसँग सम्बन्धित स्थानीय अवस्थाहरू झल्काउने "पाँचखाल अवस्था अध्ययन" वृत्तचित्र देखाउने।
- सबै सहभागीहरूलाई यो वृत्तचित्रमा के देख्नुहुन्छ भनेर सोध्ने र सबैको उत्तर टिपोट गर्ने।

- अनुकूलनको सरल उत्तर आउने गरी सहजीकरण गर्ने र सहभागीहरूका बुँदाहरू लिएर अनुकूलनको व्याख्यात्मक वाक्य वा परिभाषा बनाउने।
- सहभागीहरूको धारणा अनुसार बनाइएको परिभाषा अध्ययन सामग्री अनुसार भए नभएको विचार गर्ने।
- मेटाकार्डका सहयोगले अनुकूलनको आवश्यकता र फाइदाहरूबारे प्रस्ट पार्ने।
- सहभागीहरूलाई अनुकूलनका तरिकाका बारेमा आफ्ना ज्ञान साटासाट गर्न उत्प्रेरित गर्ने र तस्बिरमार्फत सहभागीहरूको विचारलाई समेत जोडेर अनुकूलनका तीन प्रकारहरूको व्याख्या गर्ने।

### क्रियाकलाप नं. ४ संक्षेपीकरण र मूल्याङ्कन — समयः ५ मिनेट

- यस सेसनका क्रियाकलापहरूको संक्षेपमा व्याख्या गर्ने।
- मूल्याङ्कनका लागि २/३ जना सहभागीलाई निम्न लिखित प्रश्नहरू सोध्नेः
  - संकटासन्नताको परिभाषा दिनुहोस्।
  - न्यूनीकरण भनेको के हो?
  - न्यूनीकरणका उपायहरू के के हुन् ?
  - अनुकूलन भनेको के हो ? अनुकूलनका प्रकारहरू भन्न सक्नु हुन्छ ?

**तालिम सहजकर्ताका लागि सुझाव**

जलवायुजन्य संकटासन्नतालाई अनुकूलन र न्यूनीकरणसँग अवधारणा जोड्दै प्रस्तुत गर्न आवश्यक हुन्छ। संकटासन्न गा.वि.स, समुदाय, टोल तथा घरधुरीहरूको पहिचान र उनीहरूलाई परिवर्तित जलवायुसँग समानुकूलन हुने गर्न आवश्यक अनुकूलन र न्युनिकरण नै दुई अवधारणा हुन् भन्ने बताउनुपर्दछ।

### सन्दर्भ सामग्री


i. GoN, MoSTE-2012, Community Based Vulnerability Assessment Tools and Methods, Singhdurbar, Kathmandu **[CBVA Manual]**

ii. GoN, 2011. *National Framework on Local Adaptation Plans for Action*/Government of Nepal/MoSTE, Singha Durbar. http://moste.gov.np/policy_documents/strategies#.UpLWcNJHLSt

iii. CRiSTAL Tool for Community Scale Vulnerability Assessment and Adaptation Planning: http://www.iisd.org/pdf/2013/cristal_forests_user_manual.pdf

iv. http://www.undp.org/climatechange/adapt/apf.html UNDP-GEF (2005): Adaptation Policy Frameworks (Planning Methodologies for Adaptation), Technical Papers 3: Assessing Vulnerability for Climate Adaptation, 4: Assessing Current Climate Risks, and 5: Assessing Future Climate Risks:

**सेसन २.४**

**(६० मिनेट)**

# शीर्षक: नेपालमा समुदायमा आधारित अनुकूलन योजना

## सेसनका उद्देश्यहरू

यस सेसनको अन्त्यमा सहभागीहरू निम्न लिखित विषयहरूमा सक्षम हुनेछन् :

- समुदायमा आधारित अनुकूलन योजनाको परिभाषा, उद्देश्य, आवश्यकता र विशेषताहरू वर्णन गर्न सक्नेछन् ।
- समुदायमा आधारित अनुकूलन योजनाका अवधारणात्मक ढाँचा र चरणहरू व्याख्या गर्न सक्नेछन्।

## मुख्य सन्देश

- समुदायमा आधारित अनुकूलन योजनाको परिभाषा, त्यसको महत्त्व र विशेषता।
- समुदायमा आधारित अनुकूलन योजनाको अवधारणात्मक प्रक्रिया, चरण तथा विधिहरू आदि।

## तालिम विधि तथा आवश्यक सामग्रीहरू

| विधि | सामग्रीहरू |
|---|---|
| ▪ समूहगत छलफल<br>▪ प्रस्तुतिकरण<br>▪ खुला छलफल | **शैक्षिक सामग्रीहरू**<br>▪ परिभाषा, विशेषता र महत्त्व दर्शाउने पावरप्वाइन्ट चार्ट प्रस्तुतिकरण<br>▪ समुदायमा आधारित अनुकूलन योजनाका सात चरण दर्शाउने अवधारणात्मक प्रस्तुतिकरण<br><br>**सहयोगी सामग्रीहरू**<br>स्थानीय अनुकूलन कार्ययोजनाका निर्देशक सिद्धान्त र यसका चरणहरू |

## तालिम सहजकर्ताका लागि मुख्य तयारी

- तालिमका लागि आवश्यक सामग्रीहरू जस्तै : प्रस्तुतिकरण सामग्री, कार्ड नोट आदिको पहिले नै व्यवस्था गर्ने।

## क्रियाकलापहरू



**क्रियाकलाप नं. १ परिभाषा र विशेषताहरू** **समय: ४० मिनेट**

- अघिल्लो सेसनसँग जोड्दै यस सेसनका उद्देश्य र क्रियाकलापहरूबारे जानकारी गराउने।
- यो सेसन नेपालमा समुदायमा आधारित अनुकूलन योजनामा केन्द्रित रहन्छ भन्ने जानकारी दिने। समुदायमा आधारित अनुकूलन योजनाको पृष्ठभूमिको व्याख्या गर्ने र सहभागीहरूलाई सहभागितामूलक विधि अनुसार ४ समूहमा विभाजन गर्ने।
- सबै समूहलाई निम्न तोकिएको कार्यहरू गर्न अनुरोध गर्ने :
  - समूह नं. १ ले समुदायमा आधारित अनुकूलन योजनाको परिभाषाको खेस्रा तयार गर्ने।
  - समूह नं. २ ले नेपालमा समुदायमा आधारित अनुकूलन योजनाको आवश्यकता र महत्त्वका बारेमा लेख्ने।
  - समूह नं. ३ लाई समुदायमा आधारित अनुकूलन योजनाको विशेषता, र
  - समूह नं. ४ लाई अनुकूलन योजनाका विधि र चरणका बारेमा खेस्रा तयार गर्न लगाउने।
- छलफलका लागि समय दिने र प्रस्तुति तयार गर्न लगाउने।
- प्रत्येक समूहलाई प्रस्तुतिकरण गर्न लगाउने र अन्य समूहलाई त्यसमा आफ्ना विचार थपघट गर्न लगाउने, सो प्रक्रिया प्रत्येक समूहमा अवलम्बन गर्ने।
- सामूहिक छलफलपछि फ्लिप चार्ट र प्रस्तुतिकरणको माध्यमले समुदायमा आधारित अनुकूलन योजनालाई अझ प्रस्ट बनाउने।
- अन्त्यमा, विषयगत र स्थानीय विकास योजना तथा अनुकूलन योजनाबीचको समानता र विविधताबारे व्याख्या गर्ने।

**क्रियाकलाप नं. २ अवधारणात्मक ढाँचा: अनुकूलन योजना** **समय: २५ मिनेट**

- अब तालिम जलवायुजन्य संकटासन्नता विश्लेषण र अनुकूलन योजनामा केन्द्रित हुने कुरा प्रस्ट पार्ने।
- समुदायमा आधारित संकटासन्नता विश्लेषण र अनुकूलन योजनाका आधारमा अनुकूलन योजनाको अवधारणात्मक रूपरेखा प्रस्तुत गर्ने।
- पावरप्वाइन्ट प्रस्तुतिकरणको मद्दतले अवधारणात्मक ढाँचाको प्रत्येक चरणको व्याख्या गर्ने र सहभागीहरूका प्रश्नहरूको उत्तर दिने।

**क्रियाकलाप नं. ३ संक्षेपीकरण र मूल्याङ्कन** **समय: ५ मिनेट**

- यस सेसनमा गरिएका क्रियाकलापहरूको संक्षेपीकरण गर्ने :
- सेसनको मूल्याङ्कनका लागि २/३ जना सहभागीलाई निम्न लिखित प्रश्नहरू सोध्ने :
  - समुदायमा आधारित अनुकूलन योजना भन्नाले के बुझ्नुहुन्छ ?
  - अनुकूलन क्रियाकलापहरूलाई विकास निर्माण प्रक्रियामा समाहित गर्न कति चरण आवश्यक छ ?

**तालिम सहजकर्ताका लागि सुझाव**
समयको उपलब्धता र सहभागीको रुचि भएमा स्थानीय अनुकूलन योजनालाई यो सेसनमा जोड्न सकिन्छ।

## सन्दर्भ सामग्रीहरू


i. GoN/MoSTE (2010). National Adaptation Programme of Action to Climate Change, Kathmandu, Nepal

ii. http://www.adb.org/sites/default/files/projdocs/2012/40545-012-nep-tacr-16_1.pdf GoN, MoSTE-2012, Community Based Vulnerability Assessment Tools and Methods, Kathmandu

iii. http://moste.gov.np/policy_documents/strategies#.UpLWcNJHLSt, GoN, 2011. *National Framework on Local Adaptation Plans for Action*. Government of Nepal/MoSTE, Kathmandu

iv. http://www.npc .gov.np/new/uploadedFiles/allFiles/climate_resilent_planning.pdf GoN, National Planning commission(2010) Climate Resilient Planning Guideline, Kathmandu, Nepal

v. CADP-N Final Report(2012) Planning and budgeting processes with reference to Local Adaptation Plans of Action (LAPA): Current Practices and Experiences of the State and non-state Factors in Nepal GoN,2012, Strengthening Capacity for Managing Climate Change and The Environment(TA7173), Participants and Reference Guide, Singhdurbar, Kathmandu

**सेसन २.५**
**(९० मिनेट)**

# शीर्षकः समुदायमा आधारित अनुकूलन योजनाका चरण तथा प्रक्रियाहरू

### सेसनका उद्देश्यहरू

यस सेसनको अन्त्यमा सहभागीहरू निम्न लिखित कुराहरू गर्न सक्षम हुनेछन्ः

- अवधारणात्मक कार्यढाँचा र अनुकूलन योजना प्रणालीका सात चरणहरूको व्याख्या गर्न सक्नेछन्।
- समुदायमा आधारित अनुकूलन योजनामा प्रयोग हुने सहभागितामूलक ग्रामिण लेखजोखाका विधिहरू टिपोट गर्न सक्नेछन्।

### मुख्य सन्देश

- समुदायमा आधारित अनुकूलन योजना, चरण र विधिहरूको अवधारणात्मक कार्यढाँचा।

### तालिम विधि तथा आवश्यक सामग्रीहरू

| विधि | सामग्रीहरू |
|---|---|
| ■ व्याख्या<br>■ प्रदर्शन<br>■ छलफल | **शैक्षिक सामग्रीहरू**<br>■ पावरप्वाइन्ट/फ्लिप चार्ट प्रस्तुतिकरण<br>■ अवधारणात्मक कार्यढाँचा प्रस्तुतिकरण<br>■ अनुकूलन योजना विधि प्रस्तुतिकरण<br>■ समुदायमा आधारित अनुकूलन योजनाका ७ चरणहरूको प्रस्तुतिकरण<br><br>**सहायक सामग्रीहरू**<br>■ संकटासन्नता बुझ्नका लागि सहज बनाउने सामग्रीहरू |

### तालिम सहजकर्ताले गर्नुपर्ने तयारीहरू

- पावरप्वाइन्ट स्लाइडहरूको व्यवस्थापन।

## क्रियाकलापहरू

**क्रियाकलाप नं. १ अनुकूलन योजनाको अवधारणात्मक कार्यढाँचा** **समयः २५ मिनेट**

- यस सेसनका उद्देश्यहरूको वर्णन गर्ने र अघिल्लो सेसन २.४ सँग जोड्ने। अब तालिम जलवायुजन्य संकटासन्नता विश्लेषण र अनुकूलन योजनामा केन्द्रित हुने कुरा प्रस्ट गराईदिने।
- समुदायमा आधारित संकटासन्नता विश्लेषण तथा योजना तर्जुमाका आधारमा अनुकूलन योजनाको खाका प्रस्तुत गर्ने।
- सहभागीहरूलाई खाकामा आफ्नो विचार राख्न भन्ने र सहजीकरण गर्ने।
- सहभागीका प्रश्न तथा उत्सुकता प्रस्ट गरिदिने।

**क्रियाकलाप नं. २ अनुकूलन योजनाका विधिहरू** **समयः ६० मिनेट**

- दृश्य सामग्री प्रयोग गरेर अनुकूलन योजना प्रक्रिया तथा चरणहरूको परिचय दिने र प्रत्येक चरण तथा प्रक्रियाबारे विस्तृतमा जानकारी गराउने।
- सहभागीहरूलाई उनीहरू सहभागितामूलक ग्रामीण लेखाजोखा (Participatory Rural Appraisal) प्रक्रिया तथा विधिहरूसँग जानकार हुनुहुन्छ कि हुन्न भनेर सोध्ने।
- त्यस विधिसँग परिचित सहभागीहरूलाई मेटाकार्ड दिने र विधिहरू लेख्न लगाउने।
- सबै कार्ड संकलन गरेर बोर्डमा टाँस्ने र सहभागीहरूलाई क्रमसगै आफ्नो ज्ञान र सिकाइ आदानप्रदान (Share)गर्न लगाउने।
- विभिन्न प्रस्तुति सामग्रीद्वारा विभिन्न जलवायु अनुकूलन योजना विधिहरूको परिचय गराउनेः समयरेखा, मौसमी/बाली/जीव, प्रकोप, मौसमी पात्रो, प्रकोप जोडागत स्तरीकरण, स्रोत तथा प्रकोप नक्शाङ्कन, जीविकोपार्जन विश्लेषण, संस्थागत नक्शाङ्कन आदि।
- अनुकूलन योजनामा प्रत्येक चरण र ती चरणमा उपयोग विधिको प्रयोगका बारेमा छोटो वर्णन गर्ने।
- अनुकूलनका उपायहरूको पहिचान, अनुकूलन योजना, अनुगमन तथा मूल्याङ्कनका बारेमा छोटो प्रस्तुति दिने।

**क्रियाकलाप नं.३ संक्षेपीकरण र मूल्याङ्कन** **समयः ५ मिनेट**

- यस सेसनका क्रियाकलापहरूको संक्षेपीकरण गर्ने।
- मूल्याङ्कनका लागि २/३ जना सहभागीलाई निम्न प्रश्नहरू सोध्ने :
  - संकटासन्नता विश्लेषण र अनुकूलन योजनामा प्रयोग हुने ५वटा विधिहरूको बारेमा बताउनुहोस्।
  - अनुकूलन योजना चक्रमा कतिवटा चरणहरू छन्?

**सन्दर्भ सामग्रीहरू**

i. GoN, MoSTE- 2012, Community Based Vulnerability Assessment Tools and Methods, Kathmandu [CBVA Manual]
ii. GoN, (2011), National Framework on Local Adaptation Plans for Action, MoSTE, Kathmandu
iii. Rupantaran Nepal (2012); Climate Change Vulnerability Assessment Report of Pyuthan Kathmandu
iv. http://moste.gov.np/local_adaptation_plan_of_action_manual GoN, 2012. National Framework on Local Adaptation Plans for Action.: LAPA Manual (Draft), Kathmandu
v. http://www.msfp.org.np/achive-documents/lfppublications-8.html, LFP(2010) Participatory Tools & Techniques for Assessing Climate Change Impacts and Exploring Adaptation Options: A Community Based Tool Kit for Practitioners, Kathmandu,

## तेस्रो दिन


**सेसन ३.१**
**(३० मिनेट)**

## सेसनको शुरुवात

**सबै सहभागीहरूलाई अभिवादन तथा स्वागत गर्ने तल दिएको त्रिभुजको चित्र वोर्डमा कोर्ने र यसमा कतिवटा त्रिभुज छ भनि प्रश्न गर्ने।**

सहभागीहरूसँग अघिल्लो दिनको सेसनका बारे केही प्रश्न तथा सुझाव छन कि भनेर सोध्ने।

- पहिलो दिनको प्रतिवेदन र मूल्याङ्कनकर्तालाई आ–आफ्नो प्रतिवेदन प्रस्तुत गर्न लगाउने।
- सहभागीहरूलाई सो प्रस्तुतिमा सल्लाह सुझाव दिन लगाउने।
- कुनै कुरा छुटेमा सहजकर्ताले थप गरिदिने।
- आजको दिनका लागि सहभागीमध्येबाट संयोजक र संक्षेपक/प्रतिवेदकको छनोट गर्ने।
- आजको दिनको खाका र प्रक्रियाको प्रस्तुतिसँगै सेसन शुरु गर्ने।



विभिन्न सहभागीबाट विभिन्न प्रकारका जवाफ आउँछ।
यसलाई सर्न्दभ जोडेर कुनै कुराको जानकारी लिदा गहिरोसँग विभिन्न कोणबाट हेर्ने बानि गर्नुपर्छ। भन्ने सन्देश दिँदै आजको विषयबस्तु प्रस्तुत गर्ने।

**सेसन ३.२**
**(९० मिनेट)**

# शीर्षक : जोखिम मूल्याङ्कन (सम्मुखता, मौसमी पात्रो र ऐतिहासिक समयरेखा)

## सेसनको उद्देश्य

यस सेसनको अन्त्यमा सहभागीहरू निम्न लिखित कुराहरू गर्न सक्षम हुनेछन्:

- जलवायु सम्मुखता (Exposure) को परिचय दिन।
- मौसमी पात्रो र ऐतिहासिक समयरेखा विधिको प्रयोगबाट सम्मुखताको विश्लेषण गरेर देखाउन।
- अनुकूलन योजनाका लागि संकटासन्नता विश्लेषणमा मौसमी पात्रो तथा ऐतिहासिक समयरेखाको प्रयोग र प्रक्रियाको वर्णन गर्न।

## मुख्य सन्देश

- ऐतिहासिक समयरेखा तथा मौसमी पात्रोको परिभाषा, प्रक्रिया तथा अभ्यास।

## तालिम विधि तथा आवश्यक सामग्रीहरू

| विधि | सामग्रीहरू |
|---|---|
| ▪ व्याख्या<br>▪ प्रदर्शन<br>▪ छलफल | **शैक्षिक सामग्री**<br>▪ पावरप्वाइन्ट, फ्लिप चार्ट प्रस्तुति सामग्री<br>▪ सम्मुखताबारे प्रस्तुति सामग्री<br>▪ ऐतिहासिक समयरेखाबारे प्रस्तुति (तालिम सामग्री नं. १५)<br>▪ संकटासन्न सामाजिक समूह पहिचान (तालिम सामग्री नं. १५.१)<br>▪ मौसमी पात्रो (बाली/पशु/तापक्रम/ वर्षा/प्रकोप) बारे प्रस्तुति (तालिम सामग्री नं. १६)<br><br>**सहायक सामग्री**<br>▪ ऐतिहासिक समयरेखा वर्णन गर्ने सामग्री<br>▪ मौसमी पात्रो वर्णन गर्ने सामग्री |

## क्रियाकलापहरू

**क्रियाकलाप नं. १ ऐतिहासिक समयरेखा** **समय: २० मिनेट**

- सेसनका उद्देश्य र अवलम्बन गरिने प्रक्रियाको जानकारी दिने।
- सम्मुखताको परिभाषा दिने तथा प्रस्तुति समाग्रीद्वारा उदाहरणसहित सम्मुखताको थप व्याख्या गर्ने।
- प्रस्तुतिकरण सामग्रीको सहयोगमा ऐतिहासिक समयरेखा विधिको परिभाषा, उद्देश्य र प्रक्रियाबारे प्रस्तुतिकरण गर्ने।
- सहभागीहरूलाई मेटाकार्ड बाँड्ने।
- आफूले देखे सुने अनुसार बितेका ३० वर्षमा यस जिल्लामा वा जिल्ला सदरमुकाममा के कस्ता जलवायु सिर्जित प्रकोपहरू घटेका छन् भनेर सोध्ने।
- सहभागीहरूलाई मेटाकार्डमा मुख्य जलवायुजन्य प्रकोप, घटेको वर्ष तथा मुख्य प्रभावहरू लेख्न अनुरोध गर्ने।
- ऐतिहासिक समयरेखाको ढाँचा टाँस्ने (तालिम सामग्री नं. १५) र सहभागीले मेटाकार्डमा लेखेकामध्ये कुनै एक जलवायु सिर्जित प्रकोपको व्याख्या गर्ने। यसरी नै संकटासन्न सामाजिक समूह पहिचान गर्न (तालिम सामग्री नं. १५.१) प्रयोग गर्दै व्याख्या गर्ने
- संकटासन्न समुदाय पहिचान गर्ने विधि जनाउने र सम्मुखतामा त्यसको महत्त्व तथा प्रयोगहरूको व्याख्या गर्ने।

**क्रियाकलाप नं. २ मौसमी पात्रो** **समय:२० मिनेट**

- प्रस्तुतिकरण सामग्रीको सहयोगमा मौसमी पात्रोको परिभाषा, यसको उद्देश्य तथा प्रक्रियाको बारेमा जानकारी दिने।
- मौसमी पात्रो देखाउने (तालिम सामग्री नं. १६)। यसभित्रको कुनै एक तत्त्वलाई लिई जिल्ला सदरमुकामको उदाहरण दिएर जलवायु विश्लेषण गर्ने।
- अझ स्पष्ट पार्नुपर्छ कि भनेर सहभागीहरूलाई सोध्ने।

**क्रियाकलाप नं. ३ सम्मुखताको विधिको अभ्यास** **समय: ४५ मिनेट**

- सहभागितामूलक विधिअनुसार सहभागीहरूलाई दुई समूहमा विभाजन गर्ने।
- एउटा समूहलाई ऐतिहासिक समयरेखा र अर्कोलाई मौसमी पात्रोबारे अभ्यास गर्न लगाउने।
- दुवै अभ्यास गर्दा सहभागीहरूबीच विस्तृत छलफल गरेर मात्र गर्न लगाउने।
- दुवै समूहलाई आ–आफ्नो नतिजा प्रस्तुत गर्न लगाउने।
- दुवै प्रस्तुति सकिएपछि फिल्डमा अभ्यास गर्दा विचार पुऱ्याउनुपर्ने महत्त्वपूर्ण कुराहरू थपिदिने।

**समूह छलफलका लागि उपयोगी प्रश्नहरू**

- अलग अलग जलवायुका तत्त्वहरूमा कत्तिको अन्तर देखिएको छ ?
- के मौसमी पात्रोमा परिवर्तन देखिएको छ? यदि हो भने कति र कसरी?
- के वर्षामा परिवर्तन देखिएको छ? छ भने कति र कसरी?
- अरू कुनै जलवायु तत्त्वहरू (जस्तै हावा) मा परिवर्तन आएको छ? कति र कसरी ?
- तापक्रमः गर्मी र जाडो दिनहरूको संख्या तथा समयावधि।
- वर्षाः वर्षा भएका दिनहरू, अतिवृष्टि वा हिमपात भएका दिनहरू।
- फूल फुल्ने, फल लाग्ने, टुसा पलाउने समय आदि।
- मानवीय जीविकोपार्जन क्रियाकलापः जंगली वनस्पती संकलन समय, मौसमी बसाइ सराइ, गोठ सार्ने समय आदि।
- प्राकृतिक भौतिक व्यवहारः पानीको सतह बढ्ने वा सुक्ने समय, इत्यादि।

### क्रियाकलाप नं. ४ संक्षेपीकरण र मूल्याङ्कन — समयः ५ मिनेट

- यस सेसनका क्रियाकलापहरूबारे संक्षेपीकरण गर्ने ।
- सेसन मूल्याङ्कनका लागि सहभागीहरूलाई निम्न लिखित प्रश्नहरू सोध्नेः
    - जलवायु परिवर्तन सम्मुखतालाई नाप्ने सूचकहरू के के हुन्?
    - ऐतिहासिक समयरेखालाई संकटासन्नता विश्लेषणमा कसरी प्रयोग गर्न सकिन्छ?
    - मौसमी पात्रो विधिको प्रक्रिया व्याख्या गर्नुहोस् ।

**तालिम सहजकर्ताका लागि सुझाव**

- सहजकर्ताहरूले समुदायमा आधारित अनुकूलन संकटासन्नता विश्लेषणबाट विभिन्न विधिहरूको परिभाषा र महत्त्वहरूको अध्ययन गर्नु आवश्यक छ ।
- मौसमी पात्रोका लागि "पहिले" भन्नाले ३० वर्ष अगाडि र अहिले भन्नाले "अहिले"को ५ वर्षको अवधि भनेर बुझ्नुपर्छ ।
- सहभागीहरूले चित्रहरूलाई आफ्नै तरिकाले विश्लेषण गर्न तथा तर्कहरू दिन सक्छन्, जुन जायज पनि हुन् । त्यस्तो अवस्थामा सहजकर्ताले होसियार भएर सेसनको मुख्य उद्देश्यमा केन्द्रित गराउन सक्नुपर्छ ।

### सन्दर्भ सामग्रीहरू


i. GoN, MoSTE-2012 , Community Based Vulnerability Assessment Tools and Methods, Kathmandu [Seasonal Calendar Page-17 of **CBVA Manual]**

ii. http://moste.gov.np/local_adaptation_plan_of_action_manual GoN, 2012. *National Framework on Local Adaptation Plans for Action*: LAPA Manual (Draft); Kathmandu (Seasonal Calendar/Hazard Trend Analysis-Page 45/44 of LAPA Manual)

iii. http://www.msfp.org.np/archive-documents/lfppublications-8 .html LFP(2010) Participatory Tools and Techniques for Assessing Climate Change Impacts and Exploring Adaptation Options: A Community Based Tool Kit for Practitioners, Kathmandu (Climate Hazard Trend Analaysis Page-9

**सेसन ३.३**

**(९० मिनेट)**

## उपशीर्षक : संकटासन्नता विश्लेषण (संवेदनशीलता: स्रोत प्रकोप नक्शाङ्कन)



### सेसनका उद्देश्यहरू

यस सेसनको अन्त्यमा सहभागीहरू निम्नलिखित विषयहरूमा सक्षम हुनेछन्:

- संवेदनशीलताका अवधारणाका बारेमा परिभाषा दिन।
- स्रोत तथा प्रकोप नक्शाङ्कन प्रक्रिया र संवेदनशीलताको विश्लेषण गर्न।
- संवेदनशीलताबारे बुझ्नमा प्रकोप जोडागत स्तरीकरणको व्याख्या गर्न।
- स्रोत तथा प्रकोप नक्शाङ्कन प्रदर्शन गर्न।
- जोडागत स्तरीकरण अभ्यासद्वारा प्रकोपको स्तरीकरण गर्न।

### मुख्य सन्देश

- संवेदनशीलतालाई बुझ्नका लागि स्रोत र प्रकोप नक्शाङ्कन तथा जोडागत स्तरीकरणको परिभाषा, प्रक्रिया र अभ्यास।



### तालिम विधि तथा आवश्यक सामग्रीहरू

| विधि | सामग्रीहरू |
|---|---|
| ▪ व्याख्या<br>▪ प्रदर्शन<br>▪ छलफल | **शैक्षिक सामग्रीहरू**<br>▪ पावरप्वाइन्ट प्रस्तुतिकरण<br>▪ संवेदनशीलता विषयमा प्रस्तुति<br>▪ स्रोत र प्रकोप नक्शाङ्कन विषयमा प्रस्तुति (तालिम सामग्री नं. १७)<br>▪ जोडागत स्तरीकरण विषयमा प्रस्तुति (तालिम सामग्री नं. १८)<br><br>**सहायक सामग्रीहरू**<br>▪ स्रोत र प्रकोप नक्शाङ्कन प्रस्तुत गर्ने सामग्री<br>▪ जोडागत स्तरीकरण प्रस्तुत गर्ने सामग्री |



### तालिम सहजकर्ताले गर्नुपर्ने तयारीहरू

- पावरप्वाईन्ट स्लाईडहरूको व्यवस्था अगाडीनै गर्ने।
- स्रोत तथा प्रकोप नक्शाङ्कन र प्रकोपको जोडागत स्तरीकरणका लागि प्रदर्शनात्मक सामग्रीहरूको व्यवस्था गर्ने।

## क्रियाकलाप

### क्रियाकलाप नं. १ संवेदनशीलताको अवधारणा — समय: २० मिनेट

- सेसनका उद्देश्य र यसका प्रक्रियाहरूको व्याख्या गर्ने ।
- प्रस्तुतिकरण सामग्री तथा संवेदनशीलतासँग सान्दर्भिक सहभागितामूलक विधिहरूद्वारा संकटासन्नता विश्लेषणको आधारमा संवेदनशीलतालाई परिभाषित गर्ने ।
- विधिहरूको बारेमा जानकारी दिने तथा तिनीहरूको संवेदनशीलता परीक्षण र विश्लेषणमा कसरी प्रयोग हुन्छन् भनेर व्याख्या गर्ने :
    - प्रकोप स्तरीकरणका लागि स्रोत तथा प्रकोप नक्शाङ्कन, कारण र असर विश्लेषण, प्रकोप जोडागत स्तरीकरण ।

### सेसन सहजीकरणका लागि केही प्रश्नहरू

- वर्षा, तापक्रम तथा अन्य जलवायुका तत्त्वहरूको परिवर्तनका के के असर हुन सक्छन्?
- जलवायु परिवर्तनसँग सम्बन्धित मुख्य प्रकोपहरू के के हुन् र तिनीहरू कति मात्रामा परिवर्तन भएका छन् ?
- जलवायु परिवर्तनको कुन तत्त्वले कुन क्षेत्र (कृषि, वन एवं जैविक विविधता, जलस्रोत, भौतिक पूर्वाधार तथा बसोवास, मानव स्वास्थ्य आदि) मा प्रभाव पारेको छ ?
- ती असरका मात्रा र लक्षण के के हुन् ?

### क्रियाकलाप नं. २ स्रोत तथा प्रकोप नक्शाङ्कन — समय:३० मिनेट

- स्रोत तथा प्रकोप नक्शाङ्कनबारे अभ्यास गर्न ८/१० जना सहभागीलाई तालिम कक्षको बीचमा आउन अनुरोध गर्ने ।
- अरू सहभागीहरूलाई सो प्रस्तुतिको पर्यवेक्षण गर्न लगाउने ।
- सीमारेखा तथा समुदायमा उपलब्ध भएका स्रोतहरू कोर्दै अभ्यास शुरु गरिदिने र अगाडिको थप अभ्यास सहभागीहरूलाई गर्न लगाउने (PRA सिद्धान्त अनुसार) ।
- सहयोगीहरूलाई समयरेखा अभ्यासमा प्राप्त जानकारी अनुसार प्रकोपको मुख्य स्थान तथा तिनका प्रकार पत्ता लगाउन लगाउने ।
- अन्य तालिमका सन्दर्भमा बनाइएको नक्शा देखाउने र नक्शा बनाउदा विचार गर्नु पर्ने अन्य कुराहरू जस्तै सूचना संकलन, अभिलेखीकरण आदिबारे जानकारी दिने ।

### क्रियाकलाप नं. ३ प्रकोप जोडागत स्तरीकरण — समय:३० मिनेट

- आवृत्ति/बारम्बारता तथा मुख्य प्रभावका आधारमा ५/६ वटा जलवायु प्रकोपको टिपोट गर्न अनुरोध गर्ने ।
- मेटाकार्डमा प्रकोपहरूको टिपोट लिई जोडागत स्तरीकरण म्याट्रिक्समा टाँस्ने ।
- विश्लेषणका समयमा जलवायु परिवर्तनसँग सम्बन्धित प्रकोपहरू मात्रै समावेश हुनुपर्छ ।
- सहभागीमूलक छलफलका साथमा ती जोडागत स्तरीकरण अभ्यासलाई देखाउने र सहभागीहरूसमक्ष प्रश्न उठाउँदै व्याख्या गर्ने (तालिम सामग्री नं. १८) ।
- सहभागीका केही जिज्ञासा भए उत्तर दिने ।

**क्रियाकलाप नं. ४ संक्षेपीकरण र मूल्याङ्कन** **समय: ५ मिनेट**

- सेसनमा भएका गतिविधिहरूको संक्षेपीकरण गर्ने ।
- मूल्याङ्कनका लागि सहभागीहरूलाई निम्न लिखित प्रश्नहरू सोध्ने :
    - संवेदनशीलता भनेको के हो ? संवेदनशीलता विश्लेषणका मुख्य सूचकहरूको बारेमा व्याख्या गर्नुहोस्?
    - स्रोत तथा प्रकोप नक्शाङ्कनले कसरी संवेदनशीलताको परीक्षण गर्छ?
    - जोडागत स्तरीकरण अभ्यास गर्दा कुन कुरामा ध्यान पुऱ्याउनुपर्छ?

**सन्दर्भ सामग्रीहरू**


i. GoN, MoSTE-2012, Community Based Vulnerability Assessment Tools and Methods, Singhdurbar, Kathmandu [Hazard- Resource Mapping Page-22 of CBVA Manual]

ii. http://moste.gov.np/local_adaptation_plan_of_action_manual GoN, 2012. National Framework on Local Adaptation Plans for Action: LAPA Manual (Draft); Kathmandu (Mapping Tools 47 of LAPA Manual)

iii. http://www.msfp.org.np/archive-documents/lfppublications-8.html LFP(2010) Participatory Tools and Techniques for Assessing Climate Change Impacts and Exploring Adaptation Options: A Community Based Tool Kit for Practitioners, Kathmandu (Climate Hazard Mapping Page-6)

**सेसन ३.४**

**(९० मिनेट)**

## शीर्षक: संकटासन्नता विश्लेषण - अनुकूलन क्षमता (जीविकोपार्जन विश्लेषण)

### सेसनका उद्देश्यहरू

यस सेसनको अन्त्यमा सहभागीहरू निम्न लिखित विषयहरूमा सक्षम हुनेछन्:

- जलवायु परिवर्तनका आधारमा अनुकूलन क्षमतालाई परिभाषित गर्न सक्नेछन्।
- जीविकोपार्जनका पुँजीहरू टिपोट गर्न सक्नेछन्।
- अनुकूलन क्षमताको विकास गराउन जीविकोपार्जन सम्पतिको क्षमता तथा पहुँच विश्लेषण गर्न सक्नेछन्।
- संस्थागत नक्शाङ्कन विधिको चरण/प्रक्रियाहरू तथा अनुकूलन योजनामा त्यसको प्रयोगको वर्णन गर्न सक्नेछन्।
- संस्थागत नक्शाङ्कनको अभ्यास गर्न सक्नेछन्।

### मुख्य सन्देश

- अनुकूलन क्षमता बुझ्नका लागि जीविकोपार्जनका सम्पत्तिहरूको विश्लेषण र संस्थागत नक्शाङ्कनको चरण/प्रक्रिया तथा अभ्यासहरूबारे जानकारी।

### तालिम विधि तथा आवश्यक सामग्रीहरू

| विधि | सामग्रीहरू |
|---|---|
| ▪ व्याख्या<br>▪ प्रदर्शन<br>▪ छलफल | **शैक्षिक सामग्रीहरू**<br>▪ पावरप्वाईन्ट/फ्लिप चार्ट प्रस्तुतिकरण<br>▪ अनुकूलन क्षमताबारे प्रस्तुतिकरण<br>▪ जीविकोपार्जनका सम्पत्तिहरूको विश्लेषणबारे प्रस्तुतिकरण (तालिम सामग्री नं. १९)<br>▪ संस्थागत नक्शाङ्कनबारे प्रस्तुतिकरण (तालिम सामग्री नं. २०)<br>**सहायक सामग्रीहरू**<br>▪ जीविकोपार्जनका सम्पत्तिहरूको विश्लेषणका सामग्री<br>▪ संस्थागत नक्शाङ्कन वर्णन गर्ने सामग्रीहरू |

### तालिम सहजकर्ताले गर्नुपर्ने मुख्य तयारीहरू

- पावरप्वान्ट स्लाइडको पूर्व व्यवस्था गर्ने
- प्रदर्शन तथा अभ्यास गर्ने सामग्रीहरूको व्यवस्था गर्ने

## क्रियाकलापहरू

**क्रियाकलाप नं. १ अनुकूलन क्षमताको अर्थ** **समयः१५ मिनेट**

- सेसनको प्रक्रिया र उद्देश्यका बारेमा जानकारी दिने ।
- प्रस्तुतिकरण सामग्री र संकटासन्नता विश्लेषणसँगको सम्बन्धद्वारा अनुकूलन क्षमतालाई परिभाषित गर्ने ।
- अनुकूलन क्षमताको विश्लेषण गर्नका लागि साधारणतया प्रयोग गरिने PRA विधिहरू जस्तै स्रोत तथा प्रकोप नक्शाङ्कन, जीविकोपार्जनका सम्पत्तिहरूको विश्लेषण, संस्थागत नक्शाङ्कन आदिको सूची प्रस्तुत गर्ने ।
- जीविकोपार्जनका सम्पत्तिहरूको विश्लेषण तथा संस्थागत नक्शाङ्कन विधिहरूलाई जोड दिने ।

**सेसन सहजीकरणका लागि सहयोगी प्रश्नहरू**

- समुदायमा के के सम्पत्तिहरू उपलब्ध छन्?
- समुदायको आवश्यकता अनुसार त्यसको मात्रा, उपलब्धता र विशेषताहरू के के छन्?
- समुदायमा आवश्यकताको समयमा यी सम्पत्तिको प्रयोग कसरी गरिरहेका छन्?
- जलवायु परिवर्तन तथा त्यसको न्यूनीकरणका लागि गरिने प्रयासहरूमा स्थानीय जनताको चेतनाको स्तर कस्तो छ?

**क्रियाकलाप नं. २ जीविकोपार्जनका सम्पत्तिहरूको विश्लेषण विधि** **समयः५० मिनेट**

- जीविकोपार्जनको ढाँचा (जीविकोपार्जन पेन्टागन) प्रस्तुत गरी जीविकोपार्जनका पाँच पुँजीहरूको बारेमा वर्णन गर्ने ।
- जिल्ला सदरमुकाममा उपलब्ध जीविकोपार्जनको पुँजीहरू (स्रोत) के के हुन् सोध्ने, ५ विभिन्न रङ्गको मेटाकार्डमा लेख्न लगाउने ।
- सबै संकलन गरी पाँच जीविकोपार्जनका पुँजीहरू अनुसार मिलाउने ।
- सबै सहभागीहरूलाई स-साना रङ्गका मेटाकार्ड बाँड्ने र रङ्ग अनुसार ५ समूहमा विभाजन गर्ने ।
- जीविकोपार्जन विश्लेषण ढाँचाअनुसार समूह कार्य जिम्मा दिने (तालिम सामग्री नं.२०) ।
- प्रत्येक समूहलाई जलवायु परिवर्तनको असरहरूलाई सामना गर्न एकएकवटा जीविकोपार्जन सम्पत्तिमा खोज गर्न लगाउने ।
- अभ्यास गर्दा विशेषता अनुसार अनुकूलन क्षमतालाई निम्न (१) मध्य (२), उच्च (३) र अति उच्च (४) गरी स्तरीकरण गर्न सकिन्छ भनि जानकारी दिने ।
- ग्यालरी वाक विधिबाट प्रस्तुतिको सहजीकरण गर्ने ।
- जीविकोपार्जन विश्लेषणका समयमा विचार गर्नुपर्ने मुख्य कुराहरू पुष्टि गर्ने ।

**सहजकर्तालाई सुझावहरूः**

**जीविकोपार्जनका ५ पुँजीहरूको केही उदाहरण**

- ✓ **मानवीय सम्पतिः** जनसङ्ख्या, विभिन्न उमेरका जनसङ्ख्याको अनुपात, स्त्री, बालबालिका तथा अन्य योग्य व्यक्ति, साक्षरता र शिक्षाको अनुपात ।
- ✓ **प्राकृतिक सम्पति** जलस्रोत, वन स्रोत तथा भू-स्रोतहरू ।
- ✓ **सामाजिक सम्पतिः** औपचारिक तथा परम्परागत संस्थाहरू, सेवा प्रदायकहरू, सदस्यता, सम्बन्ध तथा संजालहरू ।
- ✓ **आर्थिक सम्पतिः** वित्तीय संस्थाहरू (बैंक, सहकारी तथा साना वित्तीय कार्यक्रमहरू आदि)
- ✓ **भौतिक सम्पतिः** भौतिक पूर्वाधारहरू (विद्यालय, पुल, गोरेटो, बिजुली तथा सिंचाइ आदि)

**क्रियाकलाप नं. ३ संस्थागत नक्शाङ्कन (भेन चित्र)** **समयः २० मिनेट**

- अनुकूलन योजनामा संस्थागत नक्शाङ्कन विधिहरू तथा तिनीहरूको प्रयोगको व्याख्या वा विवेचना गर्ने।
- समुदायमा स्रोत तथा सेवा प्रदान गर्ने सबै औपचारिक तथा अनौपचारिक समूहहरू, समूहमा आधारित संस्थाहरू, अन्य संस्थाहरू, सरकारी निकायहरू तथा स्थानीय सरकार आदिको नाम टिप्ने।
- तालिम सामग्री नं २० र २०.१ मा दिइएको निर्देशिका अनुसार सहभागीहरूलाई संघसंस्था, समूह, कार्यालयहरूको बारेमा सोध्दै भेन चित्रको अभ्यास गराउने।
- संस्थागत नक्शाङ्कन प्रक्रियामा विचार गर्नुपर्ने मुख्य कुरामा जोड दिने।

**संस्थागत नक्शाङ्कनको निर्देशिका/मार्गदर्शन**

- कागजको बीचमा एउटा गोलाकार बनाउने जसले समुदायलाई जनाँउछ।
- सहभागीहरूसँग छलफल गर्दै समुदायका वरिपरि रहेका संघसंस्थाको नाम लेख्ने।
- समुदाय र संस्थाबीचको सम्बन्ध देखाउन धर्सा कोर्ने।
- धर्का तथा गोलाहरूले समुदाय र संस्थाहरूका बीचमा सम्बन्ध दर्शाउँछ।
- साधारणतया समुदाय र संस्थाहरूबीच प्रयोग गरिने केही धर्सा तथा गोलाहरूः
- धर्का– एकतर्फी/दुई तर्फी रेखा– समुदाय तथा संस्थाहरू बीच लिनु दिनु/लिनु। मसिनो/बाक्लो रेखा – समुदाय र संस्थाको सम्बन्धको प्रगादता।
- गोलाकार–बीच गोलाकरको आकार–ठूलो/सानो गोलोले संस्थाले समुदायलाई सहयोग गर्न सक्ने क्षमता जनाउँछ।
- नजिक/टाढा दूरीले संस्थाको समुदायबाट भौतिक दूरीको वर्णन गर्छ।
- संस्थाका नाम लेख्न मेटाकार्डहरूको प्रयोग गर्न सकिन्छ।
- छलफलपछि सहजकर्ताले सहभागीहरूमाझ छलफलको निचोड प्रस्तुत गर्नपर्छ। यदि सहभागीलाई विषयवस्तुमा केही जिज्ञासा छ भने छलफल सकिनुअघि नै पुष्टि गर्नपर्छ।

**क्रियाकलाप नं. ४ संक्षेपीकरण र मूल्याङ्कन** **समयः ५ मिनेट**

- सेसनका गतिविधिलाई संक्षेपीकरण गर्ने।
- मूल्याङ्कनका लागि केही सहभागीहरूलाई निम्न लिखित प्रश्न सोध्नेः
  - जलवायु परिवर्तनमा अनुकूलन क्षमता भनेको के हो?
  - जीविकोपार्जनको पुँजी (स्रोत) हरू के के हुन्? अनुकूलन क्षमतामा भौतिक पुँजीको वर्णन गर्नुहोस्।
  - जीविकोपार्जन विश्लेषण विधिहरूमा विचार गर्नुपर्ने मुख्य कुराहरू के के हुन्? बताउनुहोस्।

**तालिम सहजकर्ताका लागि सुझाव**

- सहजकर्ताले आवश्यक परिभाषा तथा महत्त्वहरू तालिम पुस्तिका (समुदायमा आधारित संकटासन्नता विश्लेषण) बाट अध्ययन गर्नु आवश्यक छ।
- सहभागीहरूले चित्रहरूलाई आफ्नै ढंगले तर्क दिनु स्वाभाविक हो। त्यो अवस्थामा सहजकर्ताले ध्यानपूर्वक अवस्था सम्हालेर छलफलको मुख्य उद्देश्य तिर लानुपर्छ।

**सन्दर्भ सामग्रीहरू**


i. GoN, MoSTE- 2012, Community Based Vulnerability Assessment Tools and Methods, Kathmandu [Livelihoods Assessment Page-34 of CBVA Manual]

ii. http://www.msfp.org.np/archive-documents/lfppublications-8.html LFP(2010) Participatory Tools and Techniques for Assessing Climate Change Impacts and Exploring Adaptation Options: A Community Based Tool Kit for Practitioners, Kathmandu (Livelihoods Resource Assessment-18)

**सेसन ३.५**

**(६० मिनेट)**

# शीर्षक:- संकटासन्नता विश्लेषण- संकटासन्नता कार्यको विश्लेषण



**सेसनका उद्देश्यहरू:**

यस सेसनको अन्त्यमा सहभागीहरू निम्न लिखित कुरा गर्नू सक्षम हुनेछन्:

- समुदाय वा गाविसको संकटासन्नता स्तरीकरण गर्न सक्नेछन्।

**मुख्य सन्देश**

- संकटासन्नता समीकरणको प्रयोग: V=E×S×1/A, उदाहरणसहित व्याख्या गर्ने, दिइने अंकको मान score व्याख्या गर्ने-V को मान : १ वा १भन्दा कम – न्यून, १ देखि २ – मध्यम, २ देखि ४ – उच्च, ४ भन्दा बढी–धेरै उच्च)



**तालिम विधि तथा आवश्यक सामग्रीहरू**

| विधि | सामग्रीहरू |
|---|---|
| ▪ व्याख्या<br>▪ प्रदर्शनी<br>▪ छलफल | **शैक्षिक सामग्री**<br>▪ पावरप्वाइन्ट/फ्लिप चार्ट प्रस्तुतिकरण<br>▪ जोखिमका प्रत्येक तत्त्वका गणना जस्तैः सम्मुखता संवेदनाशीलता र अनुकूलन क्षमतामा प्रस्तुतिकरण<br>▪ काल्पनिक विषयको प्रस्तुतिकरण<br><br>**सहयोगी सामग्रीहरू**<br>▪ सम्मुखता, संवेदनाशीलता र अनुकूलन क्षमता गणनाका लागि स्कोर चार्ट<br>▪ प्रक्रिया प्रस्तुतिका लागि काल्पनिक विषय<br><br>**सहयोगी प्रक्रिया**<br>▪ सहजकर्ताद्वारा संकटासन्नता विश्लेषण र व्याख्या |



**तालिम सहजकर्ताद्वारा गर्नुपर्ने आवश्यक तयारीहरू:**

- सम्मुखता, संवेदनाशीलता र अनुकूलन क्षमताका लागि स्कोर चार्टहरूको व्यवस्था गर्ने।
- प्रस्तुतिकरण सामग्रीहरूको व्यवस्था गर्ने।
- पहिले काम गरेका समूहमा नै काम गर्न लगाउने।

## क्रियाकलापहरू



**क्रियाकलाप नं. १ सहभागितामूलक मूल्याङ्कन विधि** **समयः २० मिनेट**

- सेसनको उद्देश्य र प्रक्रियाबारे प्रस्तुत गर्ने।
- समूहले गर्नुपर्ने मूल्याङ्कनलाई सहज बनाउन छोटो प्रस्तुति बनाउने (पावरप्वाइन्ट/फ्लिप चार्ट)।
- सम्मुखताका लागिः तापक्रमको सूचक, वर्षा, विरुवा तथा वन्यजन्तुका व्यवहारमा परिवर्तन, प्रकोपका लक्षणहरू, जीविकोपार्जनका क्रियाकलापहरू, भौतिक सूचनामा गरिएको पर्यवेक्षण आदि जस्ता सूचकहरूमा अवधारणाका आधारमा १ देखि ४ (१–न्युन, २–मध्यम, ३–उच्च, ४–अतिउच्च) सम्म स्कोर दिइन्छ। प्रत्येकको छुट्टाछुट्टै औसतको जम्माको फेरि औसत निकालिन्छ जसले सम्मुखताको स्कोर 'E' दिन्छ भन्ने कुराको जानकारी गराउने।
- संवेदनशीलताका लागिः पाँच क्षेत्रमा प्रकोपका असरहरूः कृषि तथा खाद्य सुरक्षा, वन तथा जैविक विविधता, पूर्वाधार तथा बसोपास, जल तथा ऊर्जा, मानव स्वास्थ्यलगायतका क्षेत्रहरूमा परेको प्रभाव मूल्याङ्कन गरिन्छ मूल्याङ्कनको आधार १ देखि ४ सम्म (१–न्युन, २–मध्यम, ३–उच्च, ४–अतिउच्च)लाई अवधारणाकृत गरी वैयक्तिक गणनामार्फत औसत प्राप्त गरी, ती औसतहरूको जम्माको औसतबाट 'S' को मान प्राप्त गरिन्छ भन्ने कुरा प्रस्ट पार्ने।
- अनुकूलन क्षमताका लागिः जीविकोपार्जनका स्रोतहरूको विश्लेषण गरिन्छ। वैयक्तिक मापनद्वारा जीवीकोपार्जनका स्रोतहरूको विश्लेषण गर्न १देखि ४ सम्म (१–न्यून, २–मध्यम, ३–उच्च, ४–अति उच्च) स्कोर दिएर प्रत्येकको छुट्टाछुट्टै औषतको जम्माको औषत निकाली 'A' को गणना प्राप्त गरिनेछ।
- सहजकर्ताले यसमाध्यमबाट E, S र A को मान प्राप्त गर्न सक्नेछन्।
- सहजकर्ता पुस्तकमा दिएको सूचांङ्कका आधारमा संकटासन्नताको मान प्राप्त गर्दछ 'V' को मानः १ वा १ भन्दा कमः न्युन, १–२ः मध्यम, २–४ः उच्च, ४ भन्दा बढीः धेरै उच्च) भन्ने कुरा प्रस्ट पार्ने।

**क्रियाकलाप नं. २ स्तरिकरण गर्ने** **समयः ३५ मिनेट**

- सहभागीतामूलक विधिहरूको छलफल र निष्कर्षको आधारमा सहभागीलाई सूचकसहितको स्कोरसिट उपलब्ध गराउने वा प्रस्तुतिकरण सामग्री तयार गर्ने।
- अघिल्लो सेसनमा गरिएको अभ्यासका आधारमा सहभागीहरूलाई सम्मुखता, संवेदनशीलता र अनुकूलन क्षमता विश्लेषण गर्न सहयोग गर्ने।
- प्रस्तुतीकरण सामग्री प्रयोग गरी केही प्रस्तुतिहरू देखाउने र त्यस्तै प्रक्रिया अपनाई सम्मुखता, संवेदनशीलता, अनुकूलन क्षमता र संकटासन्नताको मान निकाल्न लगाउने।
- यो विधिमार्फत समुदायलाई स्तरीकरण गर्न सकिन्छ वा सबैभन्दा जोखिमयुक्त समुदाय पत्ता लगाउन सकिन्छ भन्ने भनाइ सहित छलफलको अन्त्य गर्ने।

**क्रियाकलाप नं. ३ संक्षेपीकरण र मूल्याङ्कन** **समयः ५ मिनेट**

- सेसन क्रियाकलापहरूलाई संक्षेपीकरण गर्ने।
- सेसन छलफलहरूमा सहभागीहरूका कुनै प्रश्न वा जिज्ञासा भए सोध्ने।
- सेसन मूल्याङ्कनका लागि निम्न लिखित प्रश्नहरू सोध्नेः
    - जलवायु परिवर्तन सम्मुखताका सूचकहरूको बारेमा बताउन सक्नुहुन्छ?
    - आई.पी.सी.सी. का आधारमा संकटासन्नता विश्लेषणको सूत्र बनाउनुहोस्।
    - अनुकूलन योजना निर्माण प्रक्रियामा संकटासन्नताको मानको महत्त्व र प्रयोगबारे बताउनुहोस्।

- दुई सहभागीलाई सेसनको निचोड (सारांश) दिन लगाउने।
- दैनिक मूल्याङ्कन फाराम बाँड्ने र प्रत्येक सहभागीलाई त्यसमा भर्न लगाउने।

**तालिम सहजकर्ताका लागि सुझावहरू**

- तालिम पुस्तिकाबाट सहजकर्ताले गणना विधिको अध्ययन गर्नुपर्छ।
- सहभागीहरूले गणनाहरूको आफ्नो तरिकाबाट परिभाषा र व्याख्या गर्न सक्नेछन्। सहजकर्ताले त्यस्तो अवस्थालाई आफ्नो पकडमा राख्दै छलफलको मुख्य उद्देश्यमा ध्यान दिनुपर्दछ।

## सन्दर्भ सामग्रीहरू


i. GoN, MoSTE - 2012, Community Based Vulnerability Assessment Tools and Methods, Kathmandu

ii. SAMUKHIK ABHIYAN Consortium, 2013, Powerpoint Presentation of CCCBAP Training

चौथो दिन

**सेसन ४.१**
**(३० मिनेट)**

## सेसनको शुरुवात

सबै सहभागीहरूलाई अभिवादन तथा स्वागत गर्ने।

तिमी योजना बनाउँदा नै गल्ती गर्छौ भने।
गल्ती गर्न कै लागि योजना बनाएको ठहर्छ।
– एक भनाई

माथिको भनाई बोर्डमा राख्दै पढेर सुनाउने त्यसपछि सहभागीहरूलाई आफ्नो आफ्नो विचार राख्न लगाउने। ति विचार हरूलाई समेट्दै आजका विषयवस्तुसँग जोड्दै प्रस्तुत गर्ने।

- अघिल्लो दिनको संयोजकलाई अघिल्लो दिनको संक्षेपीकरण र मूल्याङ्कन गर्न लगाउने।
- सहभागीलाई सो प्रस्तुतिमा सल्लाह सुझाव दिन लगाउने।
- कुनै छुटेको विषय भए सहजकर्ताले थपिदिने।
- आजको दिनको लागि तालिम व्यवस्थापन समिति छनोट गर्ने।
- अघिल्लो दिनको सेसनबारे केही जिज्ञासा भए सोध्ने।
- आजको दिनको कार्यक्रमको रूपरेखा दिँदै सेसन शुरु गर्ने।

**सेसन ४.२**

**(९० मिनेट)**

# शीर्षक: अनुकूलनका उपायहरूको पहिचान

### सेसनका उद्देश्यहरू

सेसनको अन्त्यमा सहभागीहरू निम्न विषयमा सक्षम हुनेछन्:

- क्षेत्रगत अनुकूलनका उपायको खोजी गर्ने प्रक्रियाहरूबारे बयान गर्न।
- उचित अनुकूलन उपाय छनोटका लागि प्रयोग गरिने बहु–सूचकांङ्क साधन/विधि व्याख्या गर्न।
- अनुकूलनका लागि कार्ययोजना तयार गर्न।

### तालिम विधि तथा आवश्यक सामग्रीहरू

| विधि | सामग्रीहरू |
|---|---|
| ▪ सामूहिक छलफल<br>▪ व्याख्या<br>▪ खुला छलफल प्रश्नोत्तर | **शैक्षिक सामग्रीहरू**<br>▪ सही अनुकूलनका उपायहरूको पहिचान, प्राथमिकीकरण र छनोट गर्न सहयोग गर्ने सामग्री<br><br>**सहयोगी सामग्रीहरू**<br>▪ सही अनुकूलनका उपायहरूको पहिचान, प्राथमिकीकरण र छनोट गर्न सहयोग गर्ने प्रस्तुतिकरण सामग्री<br>▪ जलवायु परिवर्तनद्वारा स्थानीय स्तरमा पहिचान गरिएका प्रभाव तथा असरहरूको सूची (अघिल्लो सेसनको सामूहिक छलफल गर्दा पहिचानमा आएको)<br>▪ पहिचानमा आएका अनुकूलनका उपायहरूको विश्लेषण र प्राथमिकीकरण गर्न प्रयोग गरिने फाराम (तालिम सामग्री नं. २१) |

### तालिम सहजकर्ताद्वारा गर्नुपर्ने आवश्यक तयारीहरू

- अघिल्लो सामूहिक छलफलमा पहिचानमा आएका जलवायु परिवर्तनद्वारा स्थानीय स्तरमा परेका पहिचान गरिएका प्रभावहरूको सूची राख्ने।
- अनुकूलनका उपायहरू पहिचान र प्राथमिकीकरण गर्न आवश्यक फाराम तयार गर्ने।

## क्रियाकलापहरू

**क्रियाकलाप नं. १ अनुकूलनका उपायको पहिचान गर्ने** **समय: ३० मिनेट**

- यस सेसनका उद्देश्य र गर्नुपर्ने क्रियाकलापहरूबारे उल्लेख गर्ने।
- अघिल्लो सेसनको संकटासन्नता विश्लेषणमा प्रयोग गरिएका शब्दावलीहरू सम्मुखता, संवेदनशीलता र अनुकूलन क्षमता आदिलाई पुनः परिभाषित गर्ने।
- अनुकूलन उपायहरूको पहिचान र विश्लेषण गर्न तालिम सामग्री वितरण गर्ने (तालिम सामग्री नं. २१) र अध्ययनका लागि केही समय दिने।
- तालिम सामग्रीहरूको व्याख्या गर्ने (जुन अनुकूलन उपायहरूको पहिचान र विश्लेषण गर्न प्रयोग गरिन्छ)।
- सहभागीहरूलाई सहभागितामूलक विधिद्वारा ४ समूहमा विभाजन गरी प्रत्येक समूहको भूमिकाबारे व्याख्या गर्ने।
- पहिचान गरिएकामध्ये २ वटा अनुकूलन उपायहरू भूमिकाको रूपमा Role play प्रस्तुत गर्नुपर्ने कुरा जनाउने।
- गर्नुपर्ने भूमिका निम्न प्रकार हुनेछन् :
    - समूहले आफ्नो खोज (प्रतिवेदन)जिल्ला विकास समितिका सभापति (तालिमका लागि सहभागी मध्येबाट छानिएको) सामु प्रस्तुत गर्नुपर्नेछ।
    - प्रत्येक समूहले अनुकूलनका उपायहरूको प्रस्तुतिका लागि प्रस्तुतकर्ता तोक्नुपर्नेछ।
    - सहजकर्तामध्ये एकजनाले जिल्ला विकास समितिका सभापतिको भूमिका निर्वाह गर्नेछन्।
- सामूहिक छलफलका लागि केही समय दिने।

**क्रियाकलाप नं. २ अनुकूलनका उपायहरूको प्राथमिकीकरण** **समय:३० मिनेट**

- सहभागीहरू र जिल्ला विकास समितिका सभापतिका लागि बस्ने व्यवस्था मिलाउने।
- जिल्ला विकास समितिका सभापतिको भूमिका र विषयगत विज्ञ (सहजकर्ताहरू मध्येबाटै छान्ने) को भूमिका तोक्ने, प्रस्तुतकर्ताहरूको सूची तयार गरी उनीहरूलाई प्रस्तुत गर्न लगाउने।
- प्रस्तुतकर्ता (सहभागीहरूमध्येकै) लाई पहिचान गरिएका अनुकूलनका उपायहरू प्रस्तुत गर्न लगाउने र विशेषज्ञको भूमिकामा रहेका सहभागीहरूले छलफलमा दिएको सुझाव टिपोट गर्न लगाउने।
- प्रस्तुति सकिएपछि प्रश्नोत्तर विधिअनुसार छलफल शुरु गर्न निम्नलिखित प्रश्नहरू प्रयोग गर्नेः
    - पहिचान गरिएका अनुकूलन उपायहरूले के साँच्चै नै संकटासन्न समूह र समुदायको क्षमता अभिवृद्धि गर्छन्?
    - कुन अनुकूलन उपाय सबैभन्दा उचित र कम खर्चिलो छ?
    - प्राथमिकतामा राखिएका अनुकूलन उपायहरूले महिला र जलावायु परिवर्तनबाट संकटासन्न समूहहरूलाई सहयोग गर्छन् ?
    - छोटो समयावधि र लामो समयावधिका अनुकूलनका उपायहरू के के हुन्? छोटो र लामो समयावधिका उपायहरूबीच कसरी समन्वय विकास गर्न सकिन्छ ?

**क्रियाकलाप नं. ३ अनुकूलन योजना** **समय: ३० मिनेट**

- अनुकूलन योजनाको सैद्धान्तिक अवधारणबारे एक छोटो पावरप्वाइन्ट/फ्लिप चार्ट प्रस्तुतिकण तयार गर्ने।
- सहभागीहरूलाई तालिका २ मा दिइए अनुसारको अनुकूलन योजनाका चरणहरूका बारेमा अवगत गराउने।
- अनुकूलन योजना नमुना प्रस्तुतिकरण गर्ने (सामग्री नं २२) र योजना नमुनाका आधारमा १–२ अनुकूलन कार्यहरू प्रस्तुत गर्ने।

**तालिका नं.२**

**चरण १ :** समुदायले अनुभव गरेका जलवायु परिवर्तनलाई सूचीकृत र प्राथमिकीकरण गर्ने।

**चरण २ :** जीविकोपार्जन र उपलब्ध स्रोतहरूमा जलवायु परिवर्तनको कारणले गर्दा परेका प्रभावहरूको सूची तयार गर्ने र प्राथमिकतामा राख्ने।

**चरण ३ :** जलवायु परिवर्तनका असरहरू न्यूनीकरण गर्ने आवश्यकताहरूको सूची तयार गर्ने, विश्लेषण गर्ने र प्राथमिकतामा राख्ने।

**चरण ४ :** संस्थागत क्षमताका लागि आवश्यक संभाव्यताहरू, समुदायका आर्थिक र प्राविधिक स्रोतहरूको, सरकारी नीति नियमका आधारमा वातावरण संरक्षणका प्रावधानहरूको विश्लेषण गर्ने आदि।

**चरण ५ :** जलवायु परिवर्तनका प्रभावहरू न्यूनीकरणका लागि आवश्यक स्रोत, क्षमता र संघ संस्थाको विश्लेषण गर्ने।

**चरण ६ :** समुदायको क्षमता अभिवृद्धि गर्न सहयोग गर्न सक्ने संस्था, अनुदान स्रोतहरू र अन्य सरोकारवालाहरूको पहिचान गर्ने।

**चरण ७ :** प्रस्तावित कार्यहरूको सम्पादनका लागि समय सीमा तर्जुमा गर्ने जस्तै छोटो अवधि (५ वर्ष भन्दा कम) मध्यम अवधि (५–१०) र दीर्घकालीन (१० वर्षभन्दा बढी) जस्ता समय सीमा तर्जुमा गर्ने।

**तालिम सहजकर्ताहरूलाई सुझाव**

- अनुकुलनका उपायहरूको पहिचानका लागि सहभागीहरूलाई विभिन्न उदाहरण प्रस्तुत गर्ने। जस्तै आकाशे पानी संकलन, कौशी खेती, शहरी क्षेत्रमा हरित क्रियाकलाप प्रर्वद्धन, भू–उपयोग योजना तर्जुमा UN Habitat ले प्रवर्द्धन गरिरहेको हरित घर अवधारणा (Green Home Concept) ज्लवायु अनुकुलन बालि विरुवा प्रर्वद्धन जस्ता कुराहरूको उदाहरण प्रस्तुत गर्ने।
- सहजकर्ताहरूले तालिम पुस्तिकाबाट अनुकूलन मूल्याङ्कन सम्बन्धमा अध्ययन गर्नुपर्छ।
- सहभागीहरूले चित्रहरूलाई आफ्नै तरिकामा परिभाषित वा व्याख्या गर्न सक्छन् जुन तर्कसंगत पनि हो। यस्तो अवस्थामा सहजकर्ताहरूले विचार पुऱ्याएर सावधानीका साथ अवस्थालाई हातमा लिई छलफलको मुख्य उद्देश्यमा केन्द्रित गराउनुपर्दछ।

## सन्दर्भ सामग्रीहरू


i. GoN, MoSTE (2012), Community Based Vulnerability Assessment Tools and Methods, Kathmandu [Adaptation Planning page 60 of CBVA Manual]

ii. GoN(2012) National Framework on Local Adaptation Plans for Action: LAPA Manual, Kathmandu (Multi Criteria Index Page 61, LAPA Manual) http://moste .gov .np/local_adaptation_plan_of_action_manual

iii. LFP(2010) Participatory Tools and Techniques for Assessing Climate Change Impacts and Exploring Adaptation Options: A Community Based Tool Kit for Practitioners, Kathmandu (Community Based Adaptation Planning-44 ) http://www.msfp.org.np/archive-documents/lfppublications-8 .html

**सेसन ४.३**

**(१८० मिनेट)**

## विषयः जलवायु परिवर्तनका जोखिमहरूलाई विकास योजनामा मूलप्रवहीकरण गर्ने

### सेसनका उद्देश्यहरू

यो सत्रको अन्त्यमा सहभागीहरू निम्न लिखित कुरा गर्न सक्षम हुनेछन्ः

- जलवायु समानुकूलन योजनाको प्रयोगका बारेमा जानकार हुनेछन्।
- स्थानीय विकास प्रक्रियामा वातावरण मैत्री कार्यक्रमबारे व्याख्या गर्न।
- स्थानीय विकास योजनाहरूमा अनुकूलनका कार्यहरूलाई मूलप्रवाहीकरण गर्ने प्रक्रिया तथा विधिहरूको परिभाषा दिन।

### मुख्य सन्देश

- जलवायुजन्य जोखिममा रहेका समुदायहरूको अनुकूलन क्षमता अभिवृद्धि गर्न वातावरण मैत्रि विकास योजना तर्जुमा गर्नु निकै महत्त्वपूर्ण हुन्छ। साथै, जिल्लाको विकास योजनामा जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरण क्रियाकलापहरू समाहित गर्नुपर्छ।

### तालिम विधि तथा आवश्यक सामग्रीहरू

| विधि | सामग्रीहरू |
|---|---|
| ■ प्रस्तुतिकरण र व्याख्या<br>■ खुला छलफल<br>■ प्रश्नोत्तर | **शैक्षिक सामग्रीहरू**<br>■ विकास योजना प्रक्रियाका लागि स्थानीय तहको योजना प्रक्रिया (१४ चरण) बारे प्रस्तुतीकरण सामग्री<br>■ अनुकूलन योजना समाहित गर्नका लागि प्रयोग गरिने ढाँचा<br>■ कुनै एक स्थानीय सरकारी निकायको वार्षिक योजना<br>■ तालिम सामग्री नं. २३<br><br>**सहयोगी सामग्री**<br>■ न्युज प्रिन्ट, मेटाकार्ड, विभिन्न रंगका मार्करहरू |

### तालिम सहजकर्ताले गर्नुपर्ने तयारीहरू

जिल्ला विकास समितिमा वातावरण मैत्री स्थानीय शासन (EFLG) र जलवायु समानुकूलन योजना (CRP) को अवधारणाका बारेमा बताउन सक्ने स्रोतव्यक्तिको खोजी गर्ने।

## क्रियाकलापहरू

**क्रियाकलाप नं. १ जलवायु समानुकूलन योजनाको अवधारणा** **समय: २० मिनेट**

- यस सेसनका उद्देश्यहरू र गर्नुपर्ने क्रियाकलापहरूको बारेमा व्याख्या गर्ने।
- सहभागीहरूलाई तल उल्लिखित प्रश्न सोध्ने:
  - वार्षिक योजना तर्जुमा गर्दा ध्यान दिनुपर्ने क्षेत्रहरू के के हुन्?
- प्राप्त उत्तरहरूलाई न्युजप्रिन्टमा लेख्ने।
- निम्नलिखित विषयहरूको व्याख्या गर्ने:
  - प्रस्तुत मुद्दाहरूले जलवायुसम्बन्धी दुरगामी दृष्टिकोणलाई सम्बोधन नगरेको खण्डमा जलवायु सूचना र प्रस्तुत मुद्दाहरूको अवस्थालाई मध्यनजर गर्नु आवश्यक हुन्छ। योजना प्रक्रियामा यी बुँदाहरूलाई ध्यान पुऱ्याउन सकेको खण्डमा हाम्रा योजना तथा क्रियाकलापहरू जलवायु परिवर्तनको प्रभाव सहन गर्न सक्ने समानुकूलित हुनेछन्।
- तयार पारिएका सामग्रीहरूको सहयोगले जलवायु समानुकूलनको बारेमा जानकारी दिने।
- जलवायु समानुकूलन योजना तयार गर्ने बेलामा राष्ट्रिय योजना आयोगद्वारा तयार पारिएको जलवायु ढाँचा (Climate Framework) र Climate Resilient Planning बारेमा पनि बयान गर्ने (तालिम सामग्री नं. १३)।

**क्रियाकलाप नं. २ वातावरणमैत्री स्थानीय शासनको अवधारणा** **समय: २० मिनेट**

- वातावरण मैत्री स्थानीय शासन (Environment Friendly Local Governance-EFLG) को अवधारणाबारे जानकारी दिने।
- EFLG का मुख्य व्यवस्थाहरू र यसका सूचकहरूबारे व्याख्या गर्ने (EFLG निर्देशिका हेर्नुहोस्)।
- छलफल अन्त्य गर्ने र निम्नलिखित विषयहरूलाई संक्षेपीकरण गर्ने:
  - संकटासन्न समुदायहरूको अनुकूलन क्षमता बढाउनका लागि विकासका योजनाहरू ती समुदायहरूप्रति संवेदनशील हुनु अत्यावश्यक छ।
  - अनुकूलन क्रियाकलापहरू विकास योजनाहरूमा समाहित गरिनुपर्दछ।

**क्रियाकलाप नं. ३ जलवायु परिवर्तनका मुद्दा स्थानीय योजनामा समावेश** **समय: १५ मिनेट**

- तल उल्लिखित प्रश्न सोध्ने:
  - विकास योजना चक्रका चरणहरू के के हुन्?
- विकास योजना चक्रका चार चरणहरू योजना पहिचान, योजना प्रक्रिया, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन हुन् भन्ने जानकारी दिने।
- राष्ट्रिय योजना आयोगद्वारा परिभाषित विकास योजनाका १४ वटा चरणहरूको (तालिम सामग्री नं. २३) संक्षिप्त व्याख्या गर्ने। हरेक तहले जोखिममा परेका समुदायहरूको अनुकूलन क्षमता वृद्धि गर्ने कार्यहरूलाई अझ सघन बनाउनुपर्ने जानकारी दिने।
- विकास योजनाका हरेक तहमा जलवायु जोखिम तथा अवसरहरूको विश्लेषण गर्नु निकै जरूरी हुन्छ। यसले योजनालाई जलवायु प्रभाव प्रतिरोध गर्ने (Climate Proof) बनाउन, समुदायको अनुकूलन क्षमतामा अभिवृद्धि गराउन तथा अन्ततः खर्च बचाउन मद्दत गर्दछ।

### क्रियाकलाप नं. ४ संक्षेपीकरण तथा मूल्याङ्कन — समयः ५ मिनेट

- सेसनमा गरिएका सबै क्रियाकलापहरूको संक्षेपीकरण गर्ने :
- मूल्याङ्कनका लागि २/३ जना सहभागीलाई निम्न लिखित प्रश्नहरू सोध्नेः
  - विकास योजनामा अनुकूलनका क्रियाकलापहरू समावेश गर्ने प्रणाली तथा प्रक्रियाको व्याख्या गर्नुहोस्।
  - विकास योजना चक्रमा अनुकूलन क्रियाकलापहरू समाहित गर्दा कतिवटा चरणहरू रहन्छन्?

**तालिम सहजकर्ताहरूलाई सुझाव**

- सहभागीहरूको इच्छा तथा समय उपलब्ध भएमा सहजकर्ताले प्रस्तुतिकरणका विकल्पहरू पनि प्रयोग गर्न सक्नेछन्।
- गा.वि.स. अथवा नगरपालिकामा तालिम सञ्चालन गर्दा सम्बन्धित निकायको योजना तर्जुमा प्रक्रियाको बारेमा अध्ययन गर्ने।

### सन्दर्भ सामग्रीहरू

i. http://www.npc.gov.np/new/uploadedFiles/allFiles/climate_resilent_planning.pdf GoN, National Planning Commission (2010) Climate Resilient Planning Guideline, Kathmandu, Nepal

ii. http://www.npc.gov.np/new/staic/plansprogram.php NPC,Local Development Planning Process in Nepal,

iii. MoFALD( 2013), Environment Friendly Local Governance Guidelines

iv. NPC (2012). Climate Change Budget Code, Documenting the National Process of Arriving at Multi-Sectoral Consensus, Criteria and Method, Published by GoN, National Planning Commission with Support from UNDP/UNEP in Kathmandu, Nepal in September, 2012.

v. GoN (2011), National Framework on Local Adaptation Plans for Action, MoSTE, Kathmandu [Glossary]

vi. http://www.climateinvestmentfunds.org/cifnet/sites/default/files/Nepal/Main streaming climate change risk management in Development project.

**सेसन ४.४**

**(९० मिनेट)**

# शीर्षक : जलयायु परिवर्तन अनुकूलन योजनाको अनुगमन र मूल्याङ्कन



### सेसनका उद्देश्यहरू

सेसनको अन्त्यमा सहभागीहरू निम्न लिखित विषयमा सक्षम हुनेछन्ः

- जलवायु परिवर्तन अनुकूलनका लागि अनुगमन र मूल्याङ्कनको महत्त्वको बारेमा व्याख्या गर्न।
- अनुगमनका सूचकहरूमा सहमत हुने।
- अनुगमन तथा मूल्याङ्कनका ३ महत्त्वपूर्ण विधिहरू सूचीकृत गर्न।

### मुख्य सन्देश

अनुगमन र मूल्याङ्कनको ढाँचा विकसित गर्नु अनुकूलन योजनाको अन्तिम चरण हो। यसले स्रोत बाँडफाँड र बजेट परिचालनका साथै कार्ययोजना निर्माण गर्न सहयोग गर्छ। योजनालाई उचित अन्तिम रूप दिनुपूर्व सूचकहरूको प्रभावकारिताको विश्लेषण गर्न मद्दत गर्दछ।



### तालिम विधि तथा आवश्यक सामग्रीहरू

| विधि | सामग्रीहरू |
|---|---|
| ▪ लेक्चर<br>▪ प्रस्तुतिकरण तथा प्रदर्शन<br>▪ प्रश्न र उत्तर | **शैक्षिक सामग्रीहरू**<br>▪ पावरप्वाइन्ट/फ्लिप चार्ट प्रस्तुतिकरण<br>▪ अनुगमन तथा मूल्याङ्कनबारे प्रस्तुतिकरण<br><br>**सहयोगी सामग्रीहरू**<br>▪ अनुगमन तथा मूल्याङ्कनको ढाँचा (तालिम सामग्री नं. २४, २४.१ र २४.२) |



### तालिम सहजकर्ताले गर्नुपर्ने आवश्यक तयारीहरू

- पावरप्वाइन्ट स्लाइडहरूको पूर्व व्यवस्था।

## क्रियाकलापहरू

**क्रियाकलाप नं.१ अनुगमन र मूल्याङ्कनको अवधारणा** **समय:२५ मिनेट**

- सेसनको उद्देश्य र क्रियाकलापका बारेमा जानकारी दिने।
- सरोकारवालाहरू, समूहहरू र लक्षित समुदायहरूको अनुकूलन क्षमताको विकासको अनुगमन र मूल्याङ्कनको ढाँचा परिभाषित गर्ने।
- अनुगमन र मूल्याङ्कनका ढाँचाहरू प्रस्तुत र व्याख्या गर्ने (तालिम सामग्री नं.२४) र कसरी अनुकूलनका क्रियाकलापहरूले अनुकूलन क्षमता निर्माण गरी दिगो विकासमा सहयोग पुऱ्याउँछन् भन्ने कुरा व्याख्या गर्ने।
- उदाहरणसहित अनुगमन तथा मूल्याङ्कनको व्याख्या गर्नेः
    - क्रियाकलापहरूको प्रगतिलाई अनुगमन गर्न
    - प्रभावकारी वितरणको सुनिश्चित गर्न
    - नतिजा प्राप्त गर्न र आवश्यक प्रभाव सुनिश्चित गर्न
    - जवाफदेहिता अभिवृद्धि गर्न, आदि।
- अनुकूलनका लागि अनुगमन र मूल्याङ्कनका कठिनाईहरू प्रस्तुत गर्ने किनभने अनुकूलन क्रियाकलापका प्रभावहरू देखिन केही समय लाग्न सक्छ।
- अनुकूलन योजना निर्माण प्रक्रियाका अनुगमन र मूल्याङ्कनमा प्रयोग गरिएका ३ वटा विधिको उदाहरणसहित प्रस्तुत गर्ने।

**क्रियाकलाप नं. २ अनुकूलनका सूचकको व्याख्या र सहमति** **समय: ६० मिनेट**

- अनुगमन तथा मूल्याङ्कनका सूचकहरू परिभाषित गर्ने। सूचकहरूले परिवर्तनको बारेमा राम्रो जानकारी दिन सक्नुपर्छ भन्ने व्याख्या गर्ने।
- नतिजाक्रम प्रस्तुत गर्ने (तालिम सामग्री नं. २४) र यसका प्रत्येक तत्त्वहरू (लागत, उत्पादन, नतिजा र प्रभावहरू आदि) को उदाहरण सहित व्याख्या गर्ने।
- अनुकूलन क्षमताका बढाउनका लागि अनुकूलनको विकास तथा प्रगतिबारे बयान गर्ने (तालिम सामग्री नं. २५)।
- सहभागीहरूलाई अनुगमन तथा मूल्याङ्कनका लागि ३ समूहमा विभाजन गर्ने।
- प्रस्तुतिकरणको समयमा पहिचान भएका दुईवटा अनुकूलन रणनीतिको व्याख्या गर्दै समूहगत कार्यबारे बताउने।
- समूहलाई अभ्यासहरू गर्न अनुरोध गर्ने र प्रस्तुतिकरण बनाउन लगाउने।
- प्रस्तुतिकरण तथा छलफललाई सहज बनाउने र अनुगमन तथा मूल्याङ्कन गर्दा ध्यान दिनुपर्ने बुँदाहरू स्पष्ट पार्ने।

**क्रियाकलाप नं. ३ संक्षेपीकरण तथा मूल्याङ्कन** **समय: ५ मिनेट**

- सेसन क्रियाकलापहरूको संक्षेपीकरण गर्ने र सहभागीहरूका केही उत्सुकता वा प्रश्न भए त्यसको व्याख्या गर्ने।
- सत्रको मूल्याङ्कनका लागि सहभागितामूलक तरिकाहरूको प्रयोग गरी निम्न प्रश्नहरू सोध्ने
    - अनुगमन भनेको के हो?
    - मूल्याङ्कन भनेको के हो?
    - नतिजा क्रमका तत्त्वहरू के के हुन्?

**सन्दर्भ सामग्रीहरू:**


i. GoN/MoSTE (2012), Community Based Vulnerability Assessment Tools and Methods, Kathmandu [Adaptation Planning page 60 of CBVA Manual]

ii. http://moste.gov.np/Local_Adaptation_Plan_of_Action_Manual GoN(2012), National Framework on Local Adaptation Plans for Action: LAPA Manual; Kathmandu, (LAPA Tools Page 15-17 of LAPA Manual)

iii. http://www.oecd.org/dac/43652123.pdf OECD(2009) Integrating Climate Change Adaptation into Development Co-operation-Policy Guide,

**सेसन ४.५**

**(६० मिनेट)**

## विषय: फिल्ड योजना तयारी

### सेसनका उद्देश्यहरू

यस सेसनको अन्त्यमा सहभागीहरू निम्न लिखित विषयहरूमा सक्षम हुनेछन्:

- फिल्ड अभ्यासका लागि योजना तयार गर्न।
- प्रत्येक समूह सदस्यको भूमिका र जिम्मेवारी तोक्न।
- फिल्ड अभ्यासका लागि आवश्यक सामग्री बन्दोबस्त गर्न।

### मुख्य सन्देश

सामुदायिक अन्तरक्रिया केवल एक अभ्यास प्रक्रिया हो। जिल्ला विकास समिति, गाउँ विकास समिति अथवा अन्य कुनै साझेदार संस्था जवाफदेही हुने किसिमको कुनै पनि सम्बन्ध उक्त प्रक्रियामा समावेश गरिनु हुदैन।

### तालिम विधि तथा आवश्यक सामग्रीहरू

| विधि | सामग्रीहरू |
|---|---|
| ▪ व्याख्या<br>▪ प्रदर्शनी<br>▪ छलफल | **शैक्षिक सामग्रीहरू**<br>▪ ब्राउन पेपर, फिल्ड आचारसंहिता<br>▪ मार्कर |

### तालिम सहजकर्ताले गर्नुपर्ने आवश्यक तयारीहरू

- फिल्ड आचारसंहिता र आवश्यक सूचनाहरू संकलनका लागि कागजातको तयारी गर्ने।
- आवश्यक प्रदर्शन सामग्रीको व्यवस्था गर्ने।

## क्रियाकलापहरू

### क्रियाकलाप नं. १ फिल्ड अभ्यासका लागि अभिमुखीकरण — समय:३० मिनेट

- सेसनको उद्देश्य प्रस्तुत गर्दै सेसनका प्रक्रिया स्पष्ट गर्ने।
- हरेक समूहले फिल्ड भ्रमण गर्दा गर्नुपर्ने कार्यहरूबारे जानकारी दिने।

- फिल्ड अभ्यास गर्दा प्रत्येक समूहले निम्न लिखित विषयमा कार्य गर्नुपर्नेछः
    - सम्मुखता
    - संवेदनशीलता र अनुकूलन क्षमता
    - अन्त्यमा दुवै समूहले अनुकूलन उपायहरूको छनोट र कार्ययोजना तयारीमा कार्य गर्नुपर्नेछ।
- सहभागीहरूलाई लिङ्ग, संस्थागत प्रतिनिधित्व र क्षेत्रगत दक्षताको आधारमा २ समूहमा विभाजन गर्ने र समूहमा १ जना टोलि नेता चयन गर्न लगाउने।
- समय र बसोवास/खानपानको व्यवस्थाका बारेमा उल्लेख गर्ने तथा योजना अनुसार काम गर्न अनुरोध गर्ने।
- प्रत्येक समूहलाई फिल्डमा काम गर्दा आवश्यक पर्ने चेकलिस्ट र अन्य सामग्रीहरू वितरण गर्ने।
- फिल्ड अध्ययनका बेलामा गर्न हुने र गर्न नहुने कुराहरूबारे सचेत गराउने।
- फिल्ड भ्रमण गर्दा फिल्डमा प्रयोग गरिने प्रत्येक विधिको प्रतिवेदन ढाँचाबारे जानकारी गराउने।
- फिल्ड भ्रमण गर्दा गर्नुपर्ने निम्न लिखित कार्यहरूबारे अवगत गराउने।

**चेकलिष्ट बाकस**

- टोलीका प्रत्येक सदस्यको परिचय गराउने र उनीहरूको समुदायमा आउनुको कारण स्पष्ट पार्ने।
- किन र कसरी उक्त समुदाय छनोट भएको हो, स्पष्ट पार्ने।
- फिल्ड अध्ययनका समयमा के के क्रियाकलाप कसरी गरिन्छ भन्ने जानकारी दिने।
- सूचना किन संकलन गरिनेछ र ती सूचनाहरूको कसरी प्रयोग हुनेछ, जानकारी गराउने।
- फिल्ड कार्यको समयसीमा तोक्दै समुदायको भूमिका स्पष्ट गर्ने।

### क्रियाकलाप नं. २ फिल्ड अभ्यासका लागि समूह तयारी — समयः ३० मिनेट

- सहभागीहरूलाई तोकिएको समूहमा निम्न कार्यहरू गर्न अनुरोध गर्नेः
    - फिल्ड अभ्यासका लागि समूहको नेता छान्ने।
    - समूहका प्रत्येक सदस्यको भूमिका र जिम्मेवारी छलफल गरेर तोक्ने।
    - फिल्ड अभ्यासका लागि चेकलिस्ट र प्रश्नहरू दुरुस्त बनाउने।
    - फिल्ड कार्यका लागि आवश्यक सामग्रीहरू संकलन गर्ने।
- प्रत्येक समूहको भूमिका अनुसार स्कोर पत्र र चार्ट पेपर वितरण गर्ने।
- दुवै समूहलाई आवश्यक सहयोगका साथै आवश्यक सामग्रीको व्यवस्था गर्ने।

### क्रियाकलाप नं. ३ संक्षेपीकरण र मूल्याङ्कन — समयः ५ मिनेट

- सेसनका क्रियाकलापहरूको संक्षेपीकरण गर्ने।
- दुई सहभागीलाई आजको दिनका क्रियाकलापहरूको संक्षेपीकरण गर्न लगाउने।
- प्रत्येक सहभागीलाई "दैनिक मूल्याङ्कन फाराम" वितरण गर्ने र सो भर्न लगाउने।

**तालिम सहजकर्ताका लागि सुझावहरू**

- सहजकर्ताले फिल्ड अभ्यासका लागि नयाँ समूह निर्माण गर्न सक्छन्। समुदायमा अनुशासन कायम गर्नको लागि सहभागीहरूलाई उत्प्रेरित गर्न नम्र भाषा प्रयोग गर्ने। राजनीति वा अन्य संवेदनशील मुद्दा (कुनै भएमा) समुदायमा नसोध्ने र विधि तथा प्रक्रियाहरूमा केन्द्रित हुने।

### मध्यावधि मूल्याङ्कन

- तालिमको चौथो दिन मध्यावधि मूल्याङ्कन गर्ने, जसका लागि हाजिरी जवाफ प्रतियोगिता आयोजना गर्ने।
- प्रतियोगिताको लागि तालिमपूर्व मूल्याङ्कनमा राखिएका प्रश्नहरूका अतिरिक्त स्थानीय परिवेश अनुसार १०–१५ प्रश्न थप तयार गर्ने।
- सहभागी संख्याका आधारमा ५–६ वटा समूह तयार गर्ने। सोही समूहमा प्रतियोगिता सञ्चालन गर्ने।
- विजेता समूहलाई आकर्षक पुरस्कारको व्यवस्था गर्ने।

पाँचौं दिन

**सेसन ५.१**
**(६० मिनेट)**

## सेसनको शुरूवात

सहभागीहरूलाई केही उत्साह जगाउने सान्दर्भिक तथा रमाइलो अभ्यास "Enerizer" गर्न आग्रह गर्ने।

सहभागीहरूलाई अघिल्लो दिनको बारेमा केही जिज्ञासा वा पृष्ठपोषण छ कि भनेर सोध्ने।

- चौथो दिनको संयोजकलाई अघिल्लो दिनको गतिविधिहरूको संक्षेपीकरण र मूल्याङ्कन गर्न लगाउने।
- सहभागीहरूलाई त्यसमा सल्लाह तथा सुझाव दिन लगाउने।
- कुनै विषयवस्तु छुटेको भए सहजकर्ताले थपिदिने।
- आजको दिनका लागि सहभागी मध्येबाट तालिम व्यवस्थापन समिति छनोट गर्ने।
- दिनको गतिविधि र कार्यक्रमको रूपरेखाको प्रस्तुतिसँगै सेसन शुरु गर्ने।

**सेसन ५.२**

**(आधा दिन, विहान ९ देखि दिउँसो १२ बजेसम्म )**

# शीर्षक : फिल्ड अभ्यास तथा प्रतिवेदन लेखन

### सेसनका उद्देश्यहरू

यस सेसनको अन्त्यमा सहभागीहरू निम्न लिखित विधिहरूमा सक्षम हुनेछन् : :

- समुदायस्तरमा संकटासन्नता विश्लेषणका लागि प्रयोग हुने ७ विधिको फिल्ड अभ्यास गर्नः
    - स्रोत तथा प्रकोप नक्शाङ्कन
    - मौसमी पात्रो
    - ऐतिहासिक समयरेखा
    - संस्थागत नक्शाङ्कन (भेन चित्र)
    - अनुकूलन क्षमताः जीविकोपार्जन विश्लेषण
    - अनुकूलनका उपायहरू
    - अनुकूलन कार्ययोजना

### तालिम विधि तथा आवश्यक सामग्रीहरू

| विधि | सामग्रीहरू |
|---|---|
| ▪ तोकिएको समुदायमा समूहगत सहजीकरण<br>▪ फिल्ड प्रतिवेदनः समूह कार्य | **शैक्षिक सामग्रीहरू**<br>▪ समुदायस्तरमा संकटासन्नता विश्लेषणका लागि प्रयोग हुने सामग्री<br><br>**सहायक सामग्रीहरू**<br>▪ वास्तविक अवस्थाको परीक्षण तथा विश्लेषण गर्नका लागि समुदायलाई सहजीकरण गर्न मद्दत पुऱ्याउने प्रत्येक विधिको चेकलिस्ट<br>▪ फिल्ड नतिजाको प्रलेखन र समुदायमा नतिजा प्रस्तुत गर्न सहज गराउने सामग्रीहरू |

### तालिम सहजकर्ताले गर्नुपर्ने मुख्य तयारीहरू

- सहभागीहरू फिल्डमा जानुभन्दा पहिले प्रत्येक विधिको चेकलिस्ट उपलब्ध गराउने।
- सहभागीहरू फिल्डमा जानुभन्दा पहिले प्रतिवेदनको ढाँचाको नमुना उपलब्ध गराउने।

- समूहलाई फिल्डमा समुदायलाई सहजीकरण गर्नका लागि सामग्रीहरू प्रयोगका लागि उपयुक्त छन्/छैनन् सोध्ने र सबै सामग्री तयार छन् वा छैनन् जाँच गर्न भन्ने।
- प्रत्येक समूहले फिल्ड अभ्यासको जिम्मेवारी बाँडेका छन् छैनन्, निक्र्योल गर्ने र उनीहरू तयार छन् भनेर पक्का हुने।
- सहभागीहरूको कार्यक्षेत्र अभ्यासका समय भएका कार्यको टिपोट गर्न फारामहरू लग्ने, जसले पछि सहभागीलाई सुझाव दिन सजिलो हुनेछ।

## क्रियाकलापहरू

**क्रियाकलाप नं.१ फिल्ड कार्यको तयारी** — **समय: १०मिनेट**

- छनोट गरिएको टोलीनेताले वास्तविक फिल्ड अभ्यासभन्दा पहिले निम्न लिखित कार्यहरू गर्नेछन्:
  - टोलीका सदस्यलाई परिचित गराउने र उनीहरू किन त्यहाँ छन् भनेर बुझाउने।
  - त्यो समुदाय किन र कसरी छनोट भयो बताउने।
  - कार्यक्षेत्रमा के के हुनेछन्, वर्णन गर्ने।
  - जानकारी किन संकलन भइरहेको छ र यसको कसरी प्रयोग हुनेछ बताउने।
  - फिल्ड कार्यको समयावधि र समुदायको भूमिकाको बारेमा व्याख्या गर्ने।

**क्रियाकलाप नं. २ विधिहरूको फिल्ड अभ्यास** — **समय: ४ घण्टा**

- समुदाय दुई भागमा विभाजन भए अनुसार विधिहरूको फिल्ड अभ्यास शुरु गर्ने र आवश्यकता अनुसार नोट तथा छलफलको प्रलेखन गर्ने (सम्मुखता, संवेदनशीलत अनुकूलन क्षमता)।
- अनुकूलनका उपायको छनोट र कार्ययोजनाको तयारी गर्दा दुवै समूहलाई सामूहिक रूपमा सहजीकरण गर्ने।

**क्रियाकलाप नं. ३ व्याख्याका लागि अभिवादन तथा निमन्त्रणा** — **समय:१५ मिनेट**

- सहभागीहरूमध्येबाट कुनै एक टोलीनेतालाई फिल्डमा सहयोग गर्ने महानुभावहरूमा धन्यवाद ज्ञापन गर्न लगाउने।
- प्रत्येक समुदायबाट ३/३ जना महिला र पुरुष गरी ६ जनालाई तालिमको अन्तिम दिन हुने प्रस्तुतीकरण सेसनमा सहभागिता तथा छलफलका लागि आमन्त्रण गर्ने। सो दिनका लागि नियमानुसार खाना तथा यातायात खर्च आयोजकले व्यहोर्ने कुराको जानकारी गराउने।

**फिल्ड कार्यमा सहजकर्ताका लागि सुझाव**

- यी मुद्दाहरूलाई जति राम्रोसँग व्याख्या गरियो, कार्यान्वयनको समयमा त्यति नै कम समस्याहरू देखिन्छन्। कुनै सन्दर्भमा सबै समूह एउटै निचोडमा नआएको खण्डमा व्याख्याहरू दोहोऱ्याउनुपर्ने हुन सक्छ।
- शुरुको अभ्यासमा अध्ययनका लागि जानकारी संकलन कार्य शुरु हुन सक्छ। फिल्डकार्यको आयोजना गर्दा धेरै कुराहरूको विचार पुऱ्याउनुपर्दछ।
- **कार्यहरूको उचित क्रम:** फिल्ड अध्ययनको बेलामा विभिन्न कार्यहरू गर्नुपर्ने हुन सक्छन्, त्यसैले फिल्डमा ती कार्यहरूको क्रम मिलाउने समयमा निकै सावधानीपूर्वक सोच्नु अत्यावश्यक छ। कार्यलाई श्रृखंलाबद्ध रूपमा राख्न निम्न लिखित ३ कुराहरू विचार गर्न आवश्यक छन्:
  - साधारणबाट शुरु गर्दै विशेष र गहन विषयमा प्रवेश,
  - कम संवेदनशीलदेखि बढी संवेदनशील विषयमा प्रवेश,
  - थप अध्ययनको लागि आफ्नो ज्ञान बढाउन आफूले संकलन गरिसकेको जानकारीलाई अझ बढाउँदै लैजाने।
- **सूचना संकलन र विश्लेषण बीचमा समय विभाजन:** सूचना संकलन गर्दागर्दै बीचमा केही समय प्रारम्भिक विश्लेषण, जुन समुदायमा फिल्ड कार्यको अन्त्यमा गरिन्छ, को लागि छोटो समय लिनु अत्यावश्यक छ।
- **समुदायलाई सूचना दिनुपर्ने:** यस प्रकारको सहभागितामूलक खोजमा समूहसँग समुदायमा सूचना दिने उत्तरदायित्व रहेको हुन्छ। त्यसैले अध्ययन र विश्लेषणको प्रारम्भिक जानकारी समुदायलाई उपलब्ध गराउनु।
- **सूचनाको वैधता:** पृष्ठपोषण सत्र भनेको संकलन गरिएको सूचना तथा तथ्यांकहरूलाई जाँच्ने महत्त्वपूर्ण समय हो। त्यस कारणले समुदायका प्रतिनिधिहरूलाई प्रस्तुतिको समयमा सहभागी हुनका लागि अनुरोध गर्ने।

**सेसन ५.३**
**(आधादिन दिउँसो २-५ बजेसम्म)**

# शीर्षक: फिल्ड अध्ययनको प्रस्तुतिकरणको तयारी

## सेसनका उद्देश्यहरू

यस सेसनको अन्त्यमा सहभागीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुनेछन्:

- फिल्ड अभ्यासको नतिजाको प्रलेखन गर्न सक्छन्।
- प्रस्तुतिकरण सामग्री तयार पार्न सक्छन्।

## तालिम विधि तथा आवश्यक सामग्रीहरू

| विधि | सामग्रीहरू |
| --- | --- |
| ▪ प्रतिवेदनका लागि सामूहिक कार्य<br>▪ उल्लेखको तयारी | **शैक्षिक सामग्रीहरू**<br>▪ समुदायस्तरमा संकटासन्नता विश्लेषण गर्दा संकलन गरिएका सामग्रीहरू<br><br>**सहायक सामग्रीहरू**<br>▪ प्रत्येक विधिको चेकलिस्ट (समुदायलाई वास्तविक अवस्थाको विश्लेषण गर्न मद्दत गर्दछ।) |

## क्रियाकलापहरू

**क्रियाकलाप नं : १ प्रस्तुतिकरणको तयारी** **समय: २ घण्टा**

- प्रत्येक समूहलाई फिल्डमा भएको अभ्यासको नतिजाको बारेमा विस्तृत प्रस्तुतिकरण तयार गर्न आग्रह गर्ने।
- दुईवटा समूहले विधिहरूका लागि छुट्टाछुट्टै प्रस्तुतिकरण तयार गर्दछ र अनुकूलन उपाय छनोट तथा कार्ययोजना निर्माणको एउटै प्रस्तुतिकरण तयार गर्नेछन्।
- प्रत्येक समूहलाई उल्लेखनीय प्रस्तुतिकरण तयार पार्न लगाउने र प्रस्तुतिकरण तयारीमा सहयोग पनि गर्ने।

## तालिम सहजकर्ताले गर्नुपर्ने मुख्य तयारीहरू

- सहभागीहरूलाई दिइएको ढाँचामा प्रतिवेदन तयार पार्न आग्रह गर्ने। (सामग्री नं. २३)
- प्रतिवेदन तयार पार्न आवश्यक सामग्री उपलब्ध गराउने (साइनपेन, सेतो कागज, पेन्सिल, इरेजर, ब्राउन पेपर ईत्यादि)।
- यसरी नै तालिम संयोजक संस्था वा व्यक्तिमार्फत तालिममा सहभागी रहनुभएका संस्था, कार्यालय र निकायहरूको प्रमुखहरू तथा स्थानीय योजना तर्जुमामा संलग्न हुने प्रमुख राजनैतिक पार्टीका प्रतिनिधि तथा अन्य सरोकारवालहरूलाई छैटौं दिन हुने प्रस्तुतीकरणमा सहभागिताका लागि पत्राचार आग्रह गर्न लगाउने।

## छैठौं दिन

**सेसन ६.१**
**(३० मिनेट)**

# सेसनको शुरुवात

सहभागीहरूलाई अभिवादन गर्दै आजका क्रियाकलापहरू प्रस्तुत गर्ने
सहभागीहरूलाई अघिल्लो दिनको सेसनका बारेमा केही जिज्ञासा र पृष्ठपोषण छ कि भनेर सोध्ने।
सहभागीको परिस्थिति विचार गरेर कुनै सान्दर्भिक खेल, भनाई कविता, गित वा चुट्किलाबाट शुरु गर्न पनि सकिन्छ।

- अघिल्लो दिनको संयोजकलाई अघिल्लो दिनको गतिविधिका बारेमा मूल्याङ्कनको साथमा सारांश प्रस्तुत गर्न लगाउने।
- सहभागीहरूलाई त्यसमा सल्लाह र सुझाव दिन लगाउने।
- केही कुरा छुटेको भए सहजकर्ताले थपिदिने।
- सहभागीमध्येबाट आजको दिनको तालिम व्यवस्थापन समिति छनोट गर्ने।
- दिनको गतिविधि र कार्यक्रमको रूपरेखाको प्रस्तुतिसँगै सेसन सुरु गर्ने।

**सेसन ६.२**
**(१८० मिनेट)**

# शीर्षक: फिल्ड अभ्यासको प्रस्तुतिकरण

### सेसनको उद्देश्य

**यस सेसनको अन्त्यमा सहभागीहरूले**

- जिल्लास्तरीय सरोकारवालाहरूको जलवायु परिवर्तनसम्बन्धी सचेतना अभिवृद्धि गर्नेछन्।
- अनुकूलन योजनाको फिल्ड अभ्यासका नतिजाहरू प्रस्तुतिकरण गर्नेछन्।
- फिल्डको प्रक्रिया, सिकाइ तथा चुनौतीहरूको समीक्षा गर्नेछन्।

### तालिम विधि तथा आवश्यक सामग्रीहरू

| विधि | सामग्रीहरू |
|---|---|
| ▪ सामूहिक प्रस्तुतिकरण<br>▪ छलफल<br>▪ प्रश्न र उत्तर | **शैक्षिक सामग्रीहरू**<br>▪ प्रस्तुतिकरण सामग्रीहरू<br><br>**सहायक सामग्रीहरू**<br>▪ सहभागीले संकटासन्नता विश्लेषण सम्बन्धमा तयार पारेको प्रस्तुतिकरण सामग्री<br>▪ सहभागीले अनुकूलन योजना सम्बन्धमा तयार पारेका प्रस्तुतिकरण सामग्री |

### तालिम सहजकर्ताले गर्नुपर्ने मुख्य तयारीहरू

- सहभागी भएका कार्यालयका प्रमुख तथा स्थानीय योजना तर्जुमामा संलग्न हुने र प्रभाव पार्ने व्यक्तिहरूलाई आमन्त्रण गर्ने।
- स्थानीय योजना प्रक्रियामा मुख्य भूमिका खेल्ने राजनैतीक दलका प्रतिनिधिहरूलाई पनि निमन्त्रणा गर्ने।
- उपस्थित सहभागीहरूको हाजिरी गराउने।
- प्रस्तुतिकरणका गतिविधिहरूको फोटो तथा छोटो भिडियो पनि लिने।

## क्रियाकलापहरू

**क्रियाकलाप नं. १ पहिलो प्रस्तुतिकरण** **समय:९०मिनेट**

- सबै उपस्थित सरोकारवालाहरूलाई हार्दिक स्वागत गर्ने र सेसनका उद्देश्य र प्रक्रियाको बारेमा जानकारी गराउने।
- संक्षिप्तरूपमा तयार गरिएको प्रस्तुतिकरण सामग्रीहरूको सहयोगले जलवायु परिवर्तन के हो, विश्व उष्णीकरण, जलवायु परिवर्तनका प्रभाव, यसलाई सम्बोधन गर्न गरिएका प्रयासहरू, अनुकूलन र न्यूनीकरणका अभ्यास र सरोकारवालाहरूलाई सम्वोधनका लागि गर्न सकिने कार्यहरूबारे प्रस्तुत गर्ने र खुल्ला छलफल गर्ने।

**क्रियाकलाप नं. २ समुदायमा गरिएका अभ्यासका प्रस्तुतिकरण** **समय :६० मिनेट**

- फिल्ड अभ्यासका नतिजाहरूमध्ये पहिले सम्मुखता विश्लेषण र पछि संवेदनशीलताको विश्लेषणको बारेमा प्रस्तुतिकरण गर्न अनुरोध गर्ने।
- यसरी नै अनुकूलन उपाय पहिचान तथा योजनाहरूबारे प्रस्तुत गर्न लगाउने।
- दुवै समूहको प्रस्तुतिमा प्रश्नोत्तरका लागि सहजीकरण गर्ने।
- समुदायका प्रतिनिधि तथा सरोकारवालाहरूलाई प्रश्न, जिज्ञासा र भनाइहरूका लागि प्रेरित एवं आग्रह गर्ने।
- नबुझिएका बुँदा तथा जिज्ञासाहरूको सम्बोधन गर्ने।
- अन्त्यमा प्रस्तुत गरिएका सबै सामग्रीहरूलाई समुदायका प्रतिनिधिलाई उपलब्ध गराउने।
- पहिचान भएका अनुकूलनका कार्यहरूलाई आवश्यक परिमार्जनसहित कार्यान्वयनको शुभकामना दिदै फिल्ड अभ्यासका क्रममा सामग्रीहरू हस्तान्तरण गर्ने।
- समुदायका प्रतिनिधिलाई आफ्नो अभिव्यक्तिका लागि आग्रह गर्ने।

**सेसन ६.३**
**(१८० मिनेट)**

# शीर्षक: तालिम पश्चात मूल्याङ्कन, समीक्षा तथा अन्तिम मूल्याङ्कन

### सेसनका उद्देश्यहरू

**यस सेसनको अन्त्यमा सहभागीहरू:**

- तालिमको समयमा छलफल गरिएको विषयवस्तुको पुनः व्याख्या र विश्लेषण गर्न सक्नेछन्।
- तालिमपश्चात् परीक्षणमा भाग लिनेछन् र आफ्नो ज्ञान र समुदायमा आधारित अनुकूलन योजना तयारीमा हासिल गरेका सीपहरूलाई तालिमपूर्वको लेखाजोखासँग तुलना गरी हेर्नेछन्।

### तालिम विधि तथा आवश्यक सामग्रीहरू

| विधि | सामग्रीहरू |
|---|---|
| • मस्तिष्क मन्थन<br>• लेखाजोखा | **शैक्षिक सामग्रीहरू**<br><br>**सहायक सामग्रीहरू**<br>• तालिमपश्चात् मूल्याङ्कन फाराम (तालिम सामग्री नं. २५)<br>• तालिमपूर्व मूल्याङ्कनको सारपत्र<br>• तालिमको अन्तिम मूल्याङ्कन (तालिम सामग्री नं. २६) |

### तालिम सहजकर्ताले गर्नुपर्ने मुख्य तयारीहरू

- तालिमपूर्व मूल्याङ्कन सारपत्रको व्यवस्था गर्ने।

## क्रियाकलापहरू

### क्रियाकलाप नं. १ तालिमको सक्षेपीकरण                    समय:२०मिनेट

- तालिम कक्षको ६ ठाउँमा न्युजप्रिन्ट टाँसी तिनमा १–६ सम्मको दिनहरू लेख्ने।
- सबै सहभागीहरूलाई प्रयेक दिनमा गरेका छलफल, हरेक दिनको मुख्य शीर्षक र गरिएका मुख्य क्रियाकलापहरू लेख्न

लगाउने।

- गरिएका क्रियाकलापहरू न्युजप्रिन्टमा दिन छुट्याएर लेख्न लगाउने।
- सहभागीहरूले लेखिसकेपछि सहजकर्ताले पढ्ने, दैनिकीको आधारमा पुनरावलोकन गर्ने र केही महत्त्वपूर्ण कुराहरू छुटेका भए थपिदिने।

**क्रियाकलाप नं. २ तालिमपश्चात् लेखाजोखा** **समयः ४० मिनेट**

- तालिमपश्चात्को मूल्याङ्कन पत्र सबै सहभागीहरूलाई बाँड्ने (तालिम सामग्री नं. २५)।
- सहभागीहरूलाई तालिमबाट सिकेका ज्ञान तथा दक्षताका आधारमा मूल्याङ्कन पत्र भर्न लगाउने।
- सबै पत्रहरू संकलन गरी खात लगाउने र नतिजालाई पूर्वतालिम मूल्याङ्कन नतिजासँग दाँज्ने।
- नतिजा प्रकाशन गर्ने र सहभागीहरूले तालिमभन्दा पहिले र पछि पाएका अङ्क दाँज्ने। यदि आवश्यक परेमा उनीहरूलाई तालिम अवधिमा आर्जन गरेका ज्ञान, सीप र अवधारणाको जानकारी गराउने।

**क्रियाकलाप नं. ३ तालिमको अन्तिम मूल्याङ्कन** **समयः४० मिनेट**

- ६ दिने तालिमको मूल्याङ्कनका लागि तालिम अन्तिम मूल्याङ्कन फाराम बाँड्ने (तालिम सामग्री नं.२६)।
- सबै सहभागीहरूलाई उक्त फारामका बुँदाहरूमा आफ्नो विचार दिन अनुरोध गर्ने र सो कार्य पूरा भइसकेपछि ती फारामहरू संकलन गर्ने।
- सहभागीहरूले फाराम भर्न शुरु गरेपछि सहजकर्ताहरूले तालिमको सबल पक्ष, सुधार गर्नुपर्ने क्षेत्र र सबैभन्दा राम्रो सिकाइलाई न्युजप्रिन्टमा लेखेर हलको ३ ठाउँमा टाँस्ने।
- अन्तिम मूल्याङ्कनपछि सहभागीहरूलाई न्युजप्रिन्टमा आफ्नो विचार व्यक्त गर्न आग्रह गर्ने।
- सहजकर्ताले सहभागीहरूको विचारलाई अन्तिम कैफियतका रूपमा प्रस्तुत गर्ने।
- मूल्याङ्कन प्रक्रियाको नतिजाको सार प्रस्तुतिकरण गर्ने।

**तालिम सहजकर्ताका लागि सुझाव**

तालिम सकिएपछि नियमानुसारको सुविधा तथा यातायात भत्ता वितरण गर्ने।

**सेसन ६.४**

**(६० मिनेट)**

## शीर्षक: समापन समारोह

**सेसनको उद्देश्य**

**यस सेसनको अन्त्यमा:**

- एकजना पुरुष र एक महिलाले तालिममा प्राप्त ज्ञानको पुनरावलोकन गर्नेछन्।
- अतिथि तथा मुख्य अतिथिद्वारा आफ्नो धारणा प्रस्तुत हुनेछ।
- प्रमाणपत्र वितरण तथा तालिमको औपचारिक समापन गरिनेछ।

**तालिम विधि तथा आवश्यक सामग्रीहरू**

| विधि | सामग्रीहरू |
|---|---|
| छोटो मन्तव्य | **शैक्षिक सामग्रीहरू**<br><br>**सहायक सामग्रीहरू**<br>प्रमाणपत्रहरू (तालिम सामग्री नं. २७) |

**तालिम सहजकर्ताले गर्नुपर्ने मुख्य तयारीहरू**

- तालिमको औपचारिक समापन नै उपयुक्त हुने भएकाले सहजकर्ताले आयोजकसँग सल्लाह गरी यसको व्यवस्था गर्नु उपयुक्त हुन्छ। तर, यो पुस्तिकामा अनौपचारिक समापनको विधि दिइएको छ।

## क्रियाकलापहरू

**क्रियाकलाप नं. १ तालिमको समापन** **समय: ३०मिनेट**

- सहजकर्ताद्वारा प्रमुख अतिथि तथा अतिथिहरूको स्वागत गर्ने र तालिमको उद्देश्य र उपलब्धिहरूबारे जानकारी दिने।
- सहभागीहरूमध्ये एकजना महिला र एकजना पुरुषलाई तालिमको बारेमा आफ्ना विचार व्यक्त गर्न लगाउने।

- १ वा २ जना अतिथिहरूलाई तालिममा सिकिएको ज्ञान र सीपलाई जोड्दै समापन मन्तव्य दिन अनुरोध गर्ने।
- सहभागितामूलक रूपमा तालिम प्रमाणपत्र बाँड्न अनुरोध गर्ने।
    - मुख्य अतिथिबाट पहिलो प्रमाणपत्र हस्तान्तरण गर्ने।
    - त्यसपछि प्रमाणपत्र पाउने व्यक्तिले अर्को सहभागीलाई प्रमाणपत्र दिने र यो प्रक्रिया अन्तिम सहभागीले प्रमाणपत्र लिएसम्म जारी राख्ने।
- सबै अतिथि, व्यवस्थापक तथा तालिम सहजकर्ता, सहभागीहरू र तालिममा सहयोग पुऱ्याउने सबैलाई स-धन्यवाद तालिमको संक्षेपीकरण गर्ने।
- प्रमुख अतिथि, तालिम व्यवस्थापन समितिका अध्यक्ष अथवा संयोजकलाई आफ्ना मन्तव्य व्यक्त गर्न अनुरोध गरी तालिमको समापन गर्ने।

**तालिम सहजकर्ताका लागि सुझाव**

तालिम सकिएपछि नियमानुसार सुविधा तथा यातायात भत्ता वितरण गर्ने।

# जलवायु परिवर्तन र समुदायमा आधारित अनुकूलन योजना तर्जुमा तालिम (तालिम सहजीकरण सामग्रीहरू)

## तालिम सामग्री नं. १ : सहभागीहरूको उपस्थिति फाराम

**नेपाल सरकार**

**विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय**

**TA-7984: जलवायु परिवर्तन जोखिम व्यवस्थापनलाई विकासको मूलधारमा समाहित गर्ने**

**जिल्लास्तरीय जलवायु परिवर्तन तथा समुदायमा आधारित अनुकूलन योजना**

| क्र.सं. | सहभागीको नाम | कार्यालयको नाम /संघ संस्थाको नाम | पद | सम्पर्क फोन नं. | व्यक्तिगत इमेल | हाजिरी | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पहिलो दिन | दोस्रो दिन | तेस्रो दिन | चौथो दिन | पाँचौ दिन | छैठौं दिन |
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | |
| १० | | | | | | | | | | | |
| ११ | | | | | | | | | | | |
| १२ | | | | | | | | | | | |
| १३ | | | | | | | | | | | |
| १४ | | | | | | | | | | | |
| १५ | | | | | | | | | | | |
| १६ | | | | | | | | | | | |
| १७ | | | | | | | | | | | |

## तालिम सामग्री नं. २: तालिमको ब्यानरको नमुना




## तालिम सामग्री नं. ३ : हातको चित्र




पाँच प्रश्नहरू

३. नाम थर

१. स्थायी ठेगाना तथा कार्यालय

२. कार्य अनुभव तथा जलवायु परिवर्तनको तालिम लिएको भए कति दिनको

४. तालिममा सबैभन्दा मन पर्ने कुरा के हो ?

५. तालिममा सबैभन्दा मन नपर्ने कुरा के हो ?

हत्केलामा: जलवायुसम्बन्धी कुनै सन्देश लेख्ने

## तालिम सामग्री नं. ४: तालिम व्यवस्थापनमा जिम्मेवारी तथा भूमिकाहरू

तालिम सञ्चालनमा सहभागीहरूको संलग्नता तथा सहयोग लिने उद्देश्यले सहभागीहरूलाई विशेष भूमिका दिन सकिन्छ। तालिम सहभागीको स्तर तथा अवधिलाई ध्यानमा दिई निम्न जिम्मेवारी दिनु उपयुक्त हुन्छः

- संयोजक
- प्रतिवेदक
- मूल्याङ्कनकर्ता
- तालिम उत्प्रेरक

प्रत्येक दिनका जिम्मेवार व्यक्तिहरू फरक फरक हुने गरी सामूहिक छलफलबाट सहजकर्ताले भूमिका र दायित्व प्रस्ट पार्ने।

**संयोजकको भूमिका**

- दैनिक सत्र सञ्चालन प्रक्रिया, तालिम सम्बन्धी व्यवस्थापनको रेखदेख, सहभागिता प्रवर्द्धन तथा आवश्यकता अनुसार मनोरञ्जन गराउनेजस्ता कुराहरू पर्दछन।
- प्रत्येक दिनका लागि मनोरंजन तथा स्फूर्तिका लागि सहभागीका तर्फबाट कम्तीमा पनि २ जना स्वयंसेवक छनोट गरी उनीहरूबाट आवश्यकता अनुसारको मनोरञ्जन गर्न लगाउने। यसमा कुनै खेल, चुट्किला, कथा जे पनि हुन सक्छ।

**प्रतिवेदकको भूमिका**

प्रतिवेदकले दैनिक छलफल भएका गतिविधिहरूको टिपोट गर्ने, दिनभरिको सिकाइ र त्यसका प्रक्रिया लेख्ने, त्यसको सारसंक्षेप तयार गर्ने। भोलिपल्ट विहान ठूलो समूहमा प्रस्तुत गर्ने।

**मूल्याङ्कनकर्ताको भूमिका**

दैनिक छलफलमा भएका सकारात्मक पक्षहरू औंल्याउदै सुधार गर्नुपर्ने पक्षमा के किन र कसरी ? भन्ने विषय औंल्याएर दिनको अन्त्यमा छोटकारीमा र अन्य सहभागीहरूसँग पनि छलफल गरी भोलिपल्ट विहान ठूलो समूहमा प्रस्तुत गर्ने।

**तालिम व्यवस्थापन ढाँचा**

| दिन | संयोजक | प्रतिवेदक | मूल्याङ्कनकर्ता | तालिम उत्प्रेरक |
|---|---|---|---|---|
| पहिलो | | | | |
| दोस्रो | | | | |
| तेस्रो | | | | |
| चौथो | | | | |
| पाँचौं | | | | |
| छैठौं | | | | |

## तालिम सामग्री नं. ५: तालिमपूर्व मूल्याङ्कन फाराम

**तालिमपूर्व मूल्याङ्कन**

**(Pre Training Assessment)**

**तल दिइएका प्रश्नहरूपछि दिइएका चारवटा वैकल्पिक उत्तरमध्ये तपाइलाई लागेको सही विकल्पको अगाडि गोलो ○ घेरा लगाउनुहोस्:**

१. **नेपालले जलवायु परिवतर्नसम्बन्धी अभिसन्धिमा कहिले हस्ताक्षर गरेको हो ?**
क) सन् १९९२ ख) सन् १९९४ ग) सन् १९९५ घ) सन् १९९६

२. **CoP को पूरा रूप के हो ?**
क) कन्ट्री अफ पार्टिसिपेन्ट्स (Country of Participant) ख) कन्फ्रेन्स अफ पार्टिज (Conference of Parties)
ग) कन्ट्री अफ पार्टिज (Country of Parties) घ) कन्ट्रि अफ पार्टनर्स (Country of Partners)

३. **नेपाल सरकारले जलवायु परिवर्तनका लागि तोकेको मन्त्रालय कुन हो ?**
क) वन तथा भ–ूसंरक्षण मन्त्रालय ख) विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय
ग) कृषि तथा सहकारी मन्त्रालय घ) संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

४. **नेपालमा जलवायु परिवर्तन परिषद कहिले गठन भयो ।**
क) वि. सं. २०६५ ख) वि. सं. २०६६ ग) वि. सं. २०६७ घ) वि. सं.२०६८

५. **सन् १९९२ मा पृथ्वी सम्मेलन कहाँ भएको थियो ?**
क) इन्डोनेसियाको बाली शहरमा ख) जापानको क्याटो शहरमा
ग) ब्राजिलको रियो द जेनेरियो शहरमा घ) डेनमार्कको कोपेन हेगेनमा

६. **सन् २००९ मा विश्वको सर्वोच्च उचाइमा मन्त्रिपरिषदको बैठक कहाँ भएको थियो ?**
क) काला पत्थर (नेपाल) ख) लद्दाख (भारत)
ग) तिब्बत (चीन) घ) आल्पस (युरोप)

७. **नेपालमा जलवायु परिवर्तन परिषदको अध्यक्ष को हो ?**
क) विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयको सचिव ख) प्रधानमन्त्री
ग) वन तथा भू–संरक्षण मन्त्री घ) विज्ञान, प्रविधि तथा वातावरण मन्त्री

८. **नेपालमा वातावरण संरक्षरण परिषदको अध्यक्ष को हो ?**
क) प्रधानमन्त्री ख) विज्ञान, प्रविधि तथा वातावरणमन्त्री
ग) वन तथा भू–संरक्षणमन्त्री घ) विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयको सचिव

९. **तलका मध्ये कुन कुरालाई नेपाल सरकारले हालै लागू गरेको छ ?**
क) जलवायु परिवर्तन नीति ख) लापा राष्ट्रिय संरचना
ग) जलवायु परिवर्तन वजेट कोड घ) वातावरणमैत्री स्थानीय शासन खाका

१०. **नेपालमा वर्षेनि तापक्रम वृद्धिको दर कति डिग्री छ ?**
क) ०.०५ डिग्री सेल्सियस ख) ०.०६ डिग्री सेल्सियस
ग) ०.०७ डिग्री सेल्सियस घ) ०.०८ डिग्री सेल्सियस

**११. तलका मध्ये कुनचाहीँ हरितगृह ग्याँस होइन ।**

क) कार्बनडाइअक्साइड Carbon dioxide (CO2)
ख) मिथेन Methane (CH4)
ग) सल्फरहेक्सा फ्लोराइडSulphur hexa Fluoride (SF6)
घ) हेलियम Helium (He)

**१२. नेपालका जलवायु परिवर्तन सम्बन्धित मुख्य कार्यक्रमहरू मध्येको एउटा मानिने 'PPCR' पूरा रूप के हो ?**

क) Pilot Programme for Climate Resilience
ख) Programme for Perfect Climate Reduction
ग) Pilot Programme for Creative Construction
घ) Programme and Planning for Climate Resilience

**१३. नापा (NAPA) को पूरा रूप के हो ।**

क) Nepal Adaptation Plan of Actions
ख) National Adaptation Plan of Action
ग) National Adaptation Programme of Actions
घ) National Climate change adaptation plan of actions

**१४. CDM को पूरा रूप के हो ।**

क) क्लिन डेभलेपमेन्ट मेकानिज्म् (Clean Development Mechanism)
ख) क्लिन डेभलेपमेन्ट मेथड (Clean Development Method)
ग) क्लिन डेभलेपमेन्ट मेटेरियल्स (Clean Development Materials)
घ) माथिका कुनै पनि होइनन् (None of the above)

**१५.नापाले जलवायु परिवर्तनका प्रभावले नेपालका कतिवटा जिल्ला अतिसंकटासन्न भनी सूचिकृत गरेको छ?**

क) ४ ख) ९ ग) ११ घ) १५

**१६. संकटासन्नको कार्यसँग तलका मध्ये कुन शब्द सम्बन्धित छैन ?**

क) सम्मुखता (Exposure)
ख) अनुकूलन क्षमता (Adaptive Capacity)
ग) संवेदनशीलता (Sensitivity)
घ) जवाफदेहिता (Accountability)

**१७. जलवायु परिवर्तनको प्रभावका कारण को को सबैभन्दा बढी संकटासन्न हुन्छन् ?**

क) महिला तथा वालवालिका
ख) अत्यन्त गरीव परिवार
ग) अल्पसंख्यक र लोपोन्मुख जनजाति
घ) माथिका सबै

**१८. संकटासन्नता विश्लेषण गर्दा तलका कुन कुन तरिका अपनाइन्छन् ?**

क) प्रकोप नक्शाङ्कन (Hazard Map)
ख) मौसमी पात्रो (Seasonal Calendar)
ग) ऐतिहासिक समयरेखा (Historical Timeline)
घ) माथिका सबै (All of the Above)

**१९. समुदायमा आधारित अनकूल योजना तर्जुमाका कतिवटा चरण छन् ?**

क) ५ ख) ६ ग) ७ घ) ८

**२०. तलका मध्ये कुन कुन शब्दावली जलवायु परिवर्तनसँग सम्बन्धित छन्?**

क) विश्व उष्णीकरण (Global Warming)
ख) न्यूनीकरण (Mitigation)
ग) कन्फरेन्स अफ पार्टिज् (Conference of Parties)
घ) माथिका सबै

## तालिम सामग्री नं. ५ (क)

**उत्तर कुन्जिका** (Answer Key)
**(प्रशिक्षकको लागि मात्र, सहभागिलाई वितरण गर्नका लागि होइन)**

१. **नेपालले जलवायु परिवतर्न सम्वधित अभिसन्धिमा हस्ताक्षर गरेको मिति कुन हो ।**
क) सन् १९९२

२. **CoP को पूरा रुप के हो ?**
ख) कन्फ्रेन्स अफ पार्टिज (Conference of Parties)

३. **नेपाल सरकारले जलवायु परिवर्तनका लागि तोकेको मन्त्रालय कुन हो ?**
ख) विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय

४. **नेपालमा जलवायु परिवर्तन परिषद कहिले गठन भयो ?**
क) वि. सं. २०६६

५. **सन् १९९२ मा पृथ्वी सम्मेलन कहाँ भएको थियो ?**
ग) ब्राजिलको रियो द जेनेरियो शहरमा

६. **सन् २००९ मा विश्वको सर्वोच्च उचाइमा मन्त्रि परिषदको बैठक कहाँ भएको थियो ?**
क) काला पत्थर (नेपाल)

७. **जलवायु परिवर्तन परिवर्तन परिषदको अध्यक्षको हो ?**
ख) प्रधानमन्त्री

८) **वातावरण संरक्षरण परिषदको अध्यक्ष को हुन् ?**
क) प्रधानमन्त्री

९) **तलका मध्ये कुन नीतिलाई नेपाल सरकारले हालसालै लागू गरेको छ (२०७० मंसिर) ?**
घ) वातावरण मैत्री स्थानीय शासन

१०. **नेपालमा वर्षैनी कति डिग्री तापक्रम वढ्डो दर छ ?**
ख) ०.०६ डिग्री सेल्सीयस

११. **तलका मध्ये कुन हरित गृह ग्याँस होइनन् ।**
घ) हेलियम Helium (He)

१२. **नेपालका जलवायु परिवर्तन सम्बन्धित मुख्य कार्यक्रमहरू मध्यको एउटा मानिने PPCR को पूरा रुप के हो ?**
क) PPCR: Pilot Programme for Climate Resilience

१३. **नापा (NAPA) को पूरा रुप के हो ।**
ग) National Adaptation Programme of Actions

१४. **CDM को पूरा रुप के हो ।**
क) क्लिन डेभलेपमेन्ट मेकानिजम (Clean Development Mechanism)

१५. **नापाले जलवायु परिवर्तनका प्रभावले नेपालका कतिवटा जिल्ला अतिसंकटासन्न भनी सूचिकृत गरिएका छन् ।**
ख) ९

१६. **संकटासन्नको कार्यसंग तलका कुन कुन शब्दहरु सम्वन्धित छन् ।**
घ) माथिका सबै

१७. **जलवायु परिवर्तनको प्रभावका कारण को को सबैभन्दा वढी संकटासन्न हुन्छन् ?**
घ. माथिका सबै

१८. **संकटासन्नटा विश्लेषण गर्दा तलका कुन कुन तरिका अपनाइन्छन् ।**
घ) माथिका सवै (All of the above)


१९. **समुदायमा आधारित अनूकुल योजना तर्जुमाका कतिवटा चरण छन् ।**
ग) ७


२०. **तलका मध्ये कुन कुन शव्दावली जलवायु परिवर्तनसँग सम्वधित छन् ।**
घ) माथिका सबै

## तालिम सामग्री नं. ६: जलवायु परिवर्तनसम्बन्धी शब्दावलीहरू

1. मौसम (Weather)
2. जलवायु (Climate)
3. हरित गृह ग्याँस (Green House Gases -GHGs)
4. जलवायु परिवर्तन (Climate Change)
5. जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्र संघीय प्रारूप महासन्धि – यूएनएफसीसीसी (United Nations Framework Convention on Climate Change -UNFCC)
6. राष्ट्रिय अनुकूलन कार्यक्रमहरूको कार्ययोजना – नापा (National Adaptation Programmes of Action -NAPA)
7. रेड (Reducing Emissions from Deforestation and Forest Degradation -REDD)
8. अनुकूलन (Adaptation)
9. न्यूनीकरण (Mitigation)
10. कार्बन पदचाप (Carbon Foot Print)
11. कार्बन व्यापार (Carbon Trade)
12. विश्व उष्णीकरण (Global Warming)
13. पक्ष राष्ट्रहरूको सम्मेलन (Conference of Parties -CoPs)
14. क्योटो अभिसन्धि (Kyoto Protocol)
15. कार्बन सोसन (Carbon Sequestration)
16. स्थानीय अनुकूलन कार्ययोजना – लापा (Local Adaptation Plans of Action -LAPA)
17. स्वच्छ विकास संयन्त्र (Clean Development Mechanism -CDM)
18. जोखिम (Risk)
19. संकटासन्नता (Vulnerability)
20. संवेदनशीलता (Sensitivity )
21. सम्मुखता (Exposure)
22. अनुकूलन क्षमता (Adaptive capacity)
23. वातावरणीय सेवाको भुक्तानी (Payment for Environmental Services -PES)
24. जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी समूह – आईपिसीसी (Intergovernmental Panel on Climate Change-IPCC)
25. सामुदायिक अनुकूलन योजना (Community Adaptation Plans -CAP)
26. समानुकूलन (Resilience)
27. पीपीसीआर (Pilot Program for Climate Resilience -PPCR)

## तालिम सामग्री नं. ७: जलवायु प्रणालीको कार्यहरू



## तालिम सामग्री नं. ८: एन + आई + एल (NIL) खेल खेलाउने प्रक्रिया

**खेल खेलाउने प्रक्रिया** :

- सहभागीलाई तिन तिन जानको समूहमा विभाजन गर्ने।
- संख्या नमिलेमा एकजना प्रशिक्षक पनि बस्न सक्नेछन्।
- यदि यसो गर्दा पनि मिल्दैन भने समूहमा नमिलेको सहभागीलाई सुपरभाइजर बनाएर राख्न सकिन्छ।
- क्रमै सँग सबैलाई **एन आई एल** भन्न लगाउने।
- प्रत्येक समूहलाई एक एक वटा नंम्बर दिने – १,२,३,४....
- दिईएको नम्बर भन्न शुरु गर्ने जस्तो – दुई, समूह नं. दुई का सदस्यहरूले क्रमशःएनआई  एलभन्दै जान्छ र उसले कुनै एउटा नम्बर भन्छ जस्तै  – ४
- अब ४ नं. को समूहका सदस्यले क्रमशःमाथी जस्तै नामभन्ने।
- कुनै पनि समूहले यसो गरेमा बेठिक नम्बर पाउंदछ यदि :
    - क्रमानुसार आफ्नो नाम नभनेमा (उदाहरण एन भन्दा पहिला एल बोलेमा)
    - कसैले नाम नभनेमा
    - यदि आफ्नो समूहको लागि समूहका सदस्यले कराएमा (आई वाएल)
    - आफ्नो नाम भन्ने सट्टामा अर्को समूहको नंम्बर भनेमा
- यो खेल एउटा समूह रहदां सम्म खेलाउन सकिने छ।
- खेल सकिए पछि एन आई एल समूहमा सहभागीहरूलाई विभाजन गर्ने।

## तालिम सामग्री नं. ८.१: संकटासन्नताका कार्यहरू




स्रोत : एलएफपि/एसए एनिमेसन तालिम म्यानुयल, सामूहिक अभियान

## तालिम सामग्री नं. ९: कार्यगत सिकाई तथा प्रयोग (Action Learning Exercise)

दृष्यसँग सम्बन्धीत सिकाईका प्रक्रियाहरू अन्यको तुलनामा बढी प्रभावकारी हुन्छन्। यस्ले सहभागीहरूको सहभागितामा जोस तथा जाँगर थप्न सहयोग गर्दछ। यस विधि अन्तर्गत विषयवस्तुसँग सम्बन्धीत पोष्टरहरू वा फोटोहरूको प्रयोग गरिन्छ। फोटो तथा पोष्टरहरूले कुनै समुदायको सामाजिक आर्थिक अवस्थाको प्रतिविम्ब गर्दछ। यो तालिममा यस विधि त्यस्तो समुदाय जो संकटासन्न अवस्थाका छन त्यस्को विश्लेषण गर्न प्रयोग गरिन्छ।

**प्रक्रिया:**




- विभिन्न सामाजिक तथा आर्थिक अवस्था झल्काउने घरधुरीहरू देखाइएको एउटा समुदायको तस्बिर प्रदर्शन गर्ने।
- तपाईहरूले यस तस्बिरमा के देख्नु हुन्छ भनेर प्रश्न सोध्ने र सहभागीहरू बिचमा खुल्ला छलफल शुरु गराउने। उदाहरणको लागि केही शब्दावलीहरू जस्तै संकटासन्नताका कार्यहरू संवेदनशीलता, सम्मुखता र अनुकूलन क्षमताको परिचय दिनुहोस्।
- सहभागीहरूलाई संकटासन्न घरधुरी तथा संकटासन्न हुनुको कारण पत्ता लगाउन लाउने।
- यो सेसनमा प्रयोग गरिने प्रक्रियालाई संकटासन्नताको विश्लेषण भनिन्छ भनेर व्याख्या गर्ने।
- सहभागीहरूको बुझाई वा दृष्टिकोणसँग जोड्दै सहभागितामूलक सामुदायिक संकटासन्नता विश्लेषण विधिको आधारभूत समस्या र प्रक्रियाको बारेमा वर्णन गर्ने।


**सल्लाह सुझावहरू:**

- सहभागीहरूले तस्बिरलाई विभिन्न किसिमबाट वर्णन गर्न सक्नेछन्। किनकी प्रत्येक व्यक्तिको भिन्दा भिन्दै बुझाई हुन्छ। सहजकर्ताले ति दृष्टिकोणहरूलाई विषयवस्तु अनुसार एउटै बुझाईमा ल्याउनु पर्छ।
- कुनै वेला छलफल अनावश्यक लामो हुन सक्छ। त्यसकारण संकटासन्नता विश्लेषण विधिमा केन्द्रित रही रहनु पर्छ।
- पृष्ठपोषण तथा पुनरावलोकन।
- प्रश्नहरू सोध्ने।


संकटासन्नताका कार्यहरूको लागि सहयोगी सामग्री

***Source: TOT on Integrating Climate Change Adaptation in development planning [GIZ New Delhi]***

## तालिम सामग्री नं. १०: कार्बन व्यवस्थापन रणनीति




## तालिम सामग्री नं. ११ : जलवायु परिवर्तन न्यूनीकरणका लागि व्यक्तिगत प्रयास/भूमिका




## तालिम सामग्री नं. १२: अनुकूलन सम्बन्धी भिडियो क्लिप्सहरू

### तालिम सामग्री नं. १२.१: अनुकूलनको नमूना




## तालिम सामग्री नं. १३: जलवायु समानुकूलन योजना ढाँचा




*Source: Adapted form National Framework Strategy on Climate Change 2010-2022, The Philippines.*

## तालिम सामग्री नं. १४: संकटासन्नता विश्लेषण तथा अनुकूलन योजना तयारीका चरणहरू




## तालिम सामग्री नं. १५: ऐतिहासिक समयरेखाको ढाँचा

| वर्ष | प्रकोप | बारम्बारता | क्षेत्रगत असर तथा प्रभावहरू | प्रकोपसँग जुध्नका लागि समुदायले गरेका प्रयासहरू |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |


## तालिम सामग्री नं. १५.१: संकटासन्न समूहहरूको पहिचान

| प्रकोप | क्षेत्रगत प्रभाव | उमेर समूह | लिंग | जात/जाति | सम्पन्नता स्तरीकरण/ संकटासन्नता |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## तालिम सामग्री नं. १६: मौसमी पात्रो

| मौसमी तत्त्वहरू | मौसमका विविधता | समय | बैशाख | जेष्ठ | असार | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पुष | माघ | फाल्गुन | चैत्र | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| तापक्रम | गर्मी दिन | पहिले | | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | | |
| | जाडो दिन | पहिले | | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | | |
| वर्षा | मनसुन वर्षा | पहिले | | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | | |
| | हिउँदे वर्षा | पहिले | | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | | |
| विरुवा तथा पशुको व्यवहार | फूल फूल्ने /फल लाग्ने | पहिले | | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | | |
| | देखापर्ने /हराउने | पहिले | | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | | |
| प्रकोपका विशेषताहरू | पहिरो | पहिले | | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | | |
| | बाढी | पहिले | | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | | |


## तालिम सामग्री नं. १७ : स्रोत तथा प्रकोप नक्शाङ्कन



## तालिम सामग्री नं. १८ : जोडागत स्तरीकरण

| प्रकोप | बाढी | पहिरो | डडेलो | खडेरी |
|---|---|---|---|---|
| **बाढी** | बाढी | बाढी | बाढी | बाढी |
| **पहिरो** | × | पहिरो | पहिरो | पहिरो |
| **डडेलो** | × | × | डडेलो | डडेलो |
| **खडेरी** | × | × | × | खडेरी |
| **बारम्बारता** | ४ | ३ | २ | १ |
| **स्तरीकरण** | १ | २ | ३ | ४ |

## तालिम सामग्री नं. १९: जीविकोपार्जन विश्लेषण




## तालिम सामग्री नं. २० : संस्थागत नक्शाङ्कन



## तालिम सामग्री नं. २०.१: भेन डायग्राम विश्लेषण

| संस्था | सेवाको प्रकृति | सेवा प्राप्त गर्ने प्रक्रिया | सम्पर्क व्यक्ति |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

## तालिम सामग्री नं. २१: वहु सूचकांङ्क विश्लेषण (Multi Criteria Index)

**(अनुकूलनका उपाय/विकल्पहरूको पहिचान तथा छनोट गर्ने आधारहरू)**

| प्रकोप | अनुकूलनका उपायहरू/ विकल्पहरू | प्रभावकारिता (१-३) क | खर्चको मितव्ययिता (१-३)ख | सम्भाव्यता (१-३) ग | लक्षित समूहहरू (१-३) घ | दिगोपना (१-३) ङ | जम्मा (क+ख+ ग+घ+ङ) | कैफियत/ प्राथमिकीकरण |
|---|---|---|---|---|---|---|---|---|
| बाढी | वृक्षारोपण | २ | २ | २ | २ | | ८ | |
| | अस्थायी ढुंगाको पर्खाल | २ | २ | २ | ३ | | ९ | चौथो |
| | किनारामा ग्याबियन पर्खाल | ३ | १ | १ | ३ | | ८ | |
| | सिमेन्टको पर्खाल | ३ | १ | १ | २ | | ७ | |
| | खोलाको किनारामा चरिचरण बन्द | ३ | ३ | ३ | १ | | १० | तेश्रो |
| | वालुवा, ढुंगा र गिट्टी कम निकाल्ने | ३ | ३ | ३ | २ | | ११ | दोश्रो |
| | जनचेतना | ३ | ३ | ३ | ३ | | १२ | पहिलो |

**तालिम सामग्री नं. २२: सामुदायिक अनुकूलन योजना**

- गाउँ सम्बन्धी जानकारी (सामाजिक, आर्थिक तथा पूर्वाधारका अवस्था)
- मुख्य प्रकोपहरू तथा जलवायु परिवर्तनका असरहरू
- संकटासन्नताको विश्लेषण तथा मुख्य उपलब्धीहरू (यसको लागि विधिहरू प्रयोग गर्ने)
    - संकटासन्न जनसंख्या
    - संकटासन्न जीविकोपार्जन
    - संकटासन्न पूर्वाधारहरू
- अनुकूलन क्षमता (नक्सांङ्कन)
- अनुकूलनका उपायहरू तथा प्राथमिकीकरण
- अनुकूलन कार्ययोजना

| क्र.सं. | प्रकोपहरू | संकटासन्न क्षेत्रहरू | जोखिम | कहाँ | अनुकूलनका विकल्पहरू | लागत (रु.) | समयावधि | साझेदार/ सहयोगीहरू |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

## सामुदायमा आधारित अनुकूलन योजनाको नमूना

**परिच्छेद १: परिचय**

१.१ स्थानीय अनूकुलन कार्ययोजनाको औचित्य

१.२ स्थानीय अनूकुलन कार्ययोजनाको मान्यता एवं आधारहरू

**परिच्छेद २: गा.वि.स.को पृष्ठभुमि**

२.१ अवस्थिति

२.२ सामाजिक अवस्था

२.३ मानवीय अवस्था

२.४ आर्थिक क्रियाकलापहरूको अवस्था

२.५ प्राकृतिक स्रोतको अवस्था

२.६ समुदाय विकास

**परिच्छेद ३: स्थानीय अनूकुलन कार्ययोजना तयारीका चरणहरू**

३.१ जलवायु परिवर्तन सम्बन्धी सचेतना अभिवृद्धि

३.२ जलवायु संकटासन्नता तथा अनूकुलन मूल्याङ्कन

३.२.१ जलवायु परिवर्तनको अवस्था: मौसमी पात्रो

३.२.२ प्रकोपको ऐतिहासिक समयरेखा

३.२.३ जोखिम संकटासन्न नक्शाङ्कन

३.२.४ संकटासन्न घरधुरी तथा सामाजिक समूहहरूको पहिचान
३.२.५ प्रकोप जोडागत स्तरीकरण
३.२.६ जोखिमको अवस्था तथा अनुकूलनका प्रयासहरूको विश्लेषण
३.२.७ जीविकोपार्जनका सम्पत्तिहरूको विश्लेषण
३.२.८ वडाहरूको संकटासन्न अवस्था स्तरीकरण
३.३ अनुकूलन कार्यहरूको प्राथमिकीकरण
३.१.१ उच्च अनुकूलन क्षमताको परिकल्पना
३.३.२ अनूकुलन कार्यहरूको प्राथमिकीकरण
३.३.३ आवश्यक क्षमता विकासको लेखाजोखा
३.४ स्थानीय अनुकूलन कार्ययोजनाको तर्जुमा
३.५ संस्थागत नक्शाङ्कन तथा सेवा प्रदायक संस्था विश्लेषण
३.६ योजना प्रक्रियामा स्थानीय अनूकुलन कार्ययोजना समायोजन
३.७ स्थानीय अनुकूलन कार्ययोजनाको कार्यान्वयन
३.८ स्थानीय अनुकूलन कार्ययोजनाको प्रगति मूल्याङ्कन

**सन्दर्भ सामग्रीहरू**

**अनुसूचीहरू**

## तालिम सामग्री नं. २३: योजना तर्जुमाका १४ चरण


**गाउँ विकास योजना तर्जुमाका चरण तथा समयसिमा**

| चरणहरू | योजना तर्जुमा चरणको विवरण | समय सिमा |
|---|---|---|
| आठौ चरण | गाउँ परिषद | पौष मसान्तभित्र |
| सातौ चरण | एकीकृत यो. त. बैठक | पौषको तेस्रो हप्ता भित्र |
| छैटौ चरण | वडा समिति बैठक र व.ना.म. को बैठक | पौषको दोस्रो हप्ताभित्र |
| पाँचौ चरण | बस्ति स्तरको योजना छनोट | पौषको पहिलो हप्ताभित्र |
| चौथो चरण | गा.वि.स. बैठक | पौषको पहिलो हप्ता |
| तेश्रो चरण | योजना तर्जुमा बैठक | मार्ग दोस्रो हप्ता |
| दोश्रो चरण | बजेट पूर्वानुमान र मार्गदर्शनको पुनरावलोकन | मार्ग पहिलो हप्ता |
| प्रथम चरण | बजेट पूर्वानुमान र मार्गदर्शन | कार्तिक मसान्त |

## तालिम सामग्री नं. २४: अनुगमन तथा मूल्याङ्कन




## तालिम सामग्री नं. २४.१ : नतिजा (Result Chain)



## तालिम सामग्री नं. २४.२: अनुगमन तथा मूल्याङ्कन ढाँचा

| निर्दिष्ट रणनीतिहरूको अनुकूलन मापनका लागि छनोट गरिएको कार्यहरू | ति मापनले सम्पूर्ण लक्ष्य, संस्था, समूह, सरोकारवालाहरूसँग कसरी जोड्दछ | सम्भाव्य सूचकहरू | तथ्यांकको स्रोत |
|---|---|---|---|
| **उदहारण**:<br>पानीका व्यवस्थापकहरूलाई पानी भण्डारणको बारेमा तालिम दिने, कार्य प्रणालीमा सुधार ल्याउने, सिंचाई कार्य तथा सम्भाव्य योजना बनाउने। | **उदहारण**:<br>सिंचाई विभागका दक्ष पानी व्यवस्थापन कर्मचारी। | **उदहारण**:<br>पानी व्यवस्थापन विधिहरूको बारेमा २ वर्ष भित्र ५०% पानी व्यवस्थापकहरू तालिम प्राप्त भएको हुनेछन्। | **उदहारण**:<br>सिंचाई विभाग |

## तालिम सामग्री नं. २५: तालिम पश्चात मूल्याङ्कन फाराम

### तालिम पश्चात मूल्याङ्कन
### (Post Training Assessment)

**तल दिइएका प्रश्नहरू पछि दिइएका चारवटा वैकल्पिक उत्तरहरूमध्ये तपाइलाई लागेको सही विकल्पको अगाडि गोलो ○ घेरालगाउनु होस्**

१. **नेपालले जलवायु परिवतर्न सम्बधित अभिसन्धिमा कहिले हस्ताक्षर गरेको हो ।**
क) सन् १९९२ ख) सन् १९९४ ग) सन् १९९५ घ) सन् १९९६

२. **CoP को पूरा रूप के हो ?**
क) कन्ट्रि अफ पार्टिसिपेन्ट्स (Country of Participant) ख) कन्फ्रेन्स अफ पार्टिज (Conference of Parties)
ग) कन्ट्रि अफ पार्टिज (Country of Parties) घ) कन्ट्रि अफ पार्टनर्स (Country of Partners)

३. **नेपाल सरकारले जलवायु परिवर्तनका लागि तोकेको मन्त्रालय कुन हो ?**
क) वन तथा भू–संरक्षण मन्त्रालय ख) विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय
ग) कृषि तथा सहकारी मन्त्रालय घ) संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय

४. **नेपालमा जलवायु परिवर्तन परिषद कहिले गठन भयो ।**
क) वि. सं. २०६५ ख) वि. सं. २०६६ ग) वि. सं. २०६७ घ) वि. सं.२०६८

५. **सन् १९९२ मा पृथ्वी सम्मेलन कहाँ भएको थियो ?**
क) इन्डोनेसियाको वालि शहरमा ख) जापानको क्याटो शहरमा
ग) ब्राजिलको रियो द जेनेरियो शहरमा घ) डेनमार्कको कोपेन हेगेनमा

६. **सन् २००९मा विस्वको सर्वोच्च उचाईमा मन्त्रिपरिषदको वैठक कहाँभएको थियो ?**
क) काला पत्थर (नेपाल) ख) लद्दाख (भारत)
ग) तिव्वत (चीन) घ) आल्पस (यूरोप)

७. **नेपालमा जलवायु परिवर्तन परिषदको अध्यक्ष को हो ?**
क) विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयको सचिव ख) प्रधानमन्त्री
ग) वन तथा भू–संरक्षण मन्त्री घ) विज्ञान, प्रविधि तथा वातावरण मन्त्री

८. **नेपालमा वातावरण संरक्षरण परिषदको अध्यक्ष को हो ?**
क) प्रधानमन्त्री ख) विज्ञान, प्रविधि तथा वातावरण मन्त्री
ग) वन तथा भू–संरक्षण मन्त्री घ) विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयको सचिव

९. **तलका मध्ये कुन कुरालाई नेपाल सरकारले हालसालै लागु गरेको छ ?**
क) जलवायु परिवर्तन नीति ख) लापा राष्ट्रिय संरचना
ग) जलवायु परिवर्तन वजेट कोड घ) वातावरण मैत्री स्थानीय शासन खाका

**१०. नेपालमा वर्षेनी तापक्रम वृद्धिको दर कति डिग्री छ ?**
क) ०.०५ डिग्री सेल्सीयस
ख) ०.०६ डिग्री सेल्सीयस
ग) ०.०७ डिग्री सेल्सीयस
घ) ०.०८ डिग्री सेल्सीयस

**११. तलका मध्ये कुन चाहीं हरित गृह ग्यास होइन?**
क) कार्बनडाइअक्साइड Carbon dioxide (CO2)
ख) मिथेन Methane (CH4)
ग) सल्फरहेक्सा फ्लोराइड Sulphur hexa Fluoride (SF6)
घ) हेलियम Helium (He)

**१२. नेपालका जलवायु परिवर्तन सम्बन्धीत मुख्य कार्यक्रमहरू मध्येको एउटा मानिने 'PPCR' पूरा रूप के हो ?**
क)Pilot Programme for Climate Resilience
ख) Programme for Perfect Climate Reduction
ग) Pilot Programme for Creative Construction
घ) Programme and Planning for Climate Resilience

**१३. नापा (NAPA) को पूरा रूप के हो ।**
क) Nepal Adaptation Plan of Actions
ख) National Adaptation Plan of Action
ग) National Adaptation Programme of Actions
घ) National Climate change adaptation plan of actions

**१४. CDM को पूरा रूप के हो ।**
क) क्लिन डेभलेपमेन्ट मेकानिजम (Clean Development Mechanism)
ख) क्लिन डेभलेपमेन्ट मेथड (Clean Development Method)
ग) क्लिन डेभलेपमेन्ट मेटेरियल्स (Clean Development Materials)
घ) माथिका कुनै पनि होइनन् (None of the above)

**१५. नापाले जलवायु परिवर्तनका प्रभावले नेपालका कतिवटा जिल्ला अतिसंकटासन्न भनी सूचिकृत गरेको छ?**
क) ४
ख) ९
ग) ११
घ) १५

**१६. संकटासन्नको कार्यसँग तलका मध्ये कुन शब्द सम्बन्धीत छैन ?**
क) सम्मुखता (Exposure)
ख) अनुकूलन क्षमता (Adaptive Capacity)
ग) सम्वेदनसिलता (Sensitivity)
घ) जवाफदेहिता -Accountability_

**१७. जलवायु परिवर्तनको प्रभावका कारण को को सवैभन्दा वढी संकटासन्न हुन्छन् ?**
क) महिला तथा वालवालिका
ख) अत्यन्त गरीव परिवार
ग) अल्पसंख्यक र लोपोन्मुख जनजाति
घ) माथिका सबै

**१८. संकटासन्नटा विश्लेषण गर्दा तलका कुन कुन तरिका अपनाइन्छन् ?**
क) प्रकोप नक्शाङ्कन (Hazard Map)
ख) मौसमी पात्रो (Seasonal Calendar)
ग) ऐतिहासिक समय रेखा (Historical Timeline)
घ) माथिका सवै (All of the Above)

**१९. समुदायमा आधारित अनकूल योजना तर्जुमाका कतिवटा चरण छन् ?**
क) ५
ख) ६
ग) ७
घ) ८

**२०. तलका मध्ये कुन शव्दावली जलवायु परिवर्तनसँग सम्वधित छ?**
क) विश्व उष्णिकरण (Global Warming)
ख) न्यूनीकरण (Mitigation)
ग) कन्फरेन्स अफ पार्टिज (Conference of Parties)
घ) माथिका सबै

## तालिम सामग्री नं. २६: तालिम अन्तिम मूल्याङ्कन फाराम

**तालिम अन्तिम मूल्याङ्कन**

**नोटः (१ एकदम कम), (१० एकदम राम्रो)**

**१. तपाईलाई यो तालिममा सिकेका कुराहरू कत्तिको प्रयोगमा ल्याउन सक्छु भन्ने लागेको छ ?**

| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|
| कत्ति पनि सक्दिन | | | | | | | | | पूर्णतया सक्छु |

किन ?

.......................................................................................................................................

.......................................................................................................................................

**२. यस तालिममा प्रयोग गरिएका सामग्रीहरू कत्तिको प्रभावकारी थिए ?**

| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|
| कत्ति पनि प्रभावकारी थिएनन् | | | | | | | | | अत्यन्तै प्रभावकारी थिए |

किन?

.......................................................................................................................................

.......................................................................................................................................

**३. यस तालिममा प्रयोग गरिएका प्रशिक्षण विधिहरू कत्तिको उपयुक्त थिए ?**

| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|
| अनुपयुक्त थिए | | | | | | | | | अति उपयुक्त थिए |

किन ?

.......................................................................................................................................

.......................................................................................................................................

**४. यस तालिमका प्रशिक्षकहरूको प्रशिक्षण शैली कत्तिको प्रभावकारी थियो ?**

| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|
| प्रभावकारी थिएनन् | | | | | | | | | अति प्रभावकारी थिए |

किन ?

.......................................................................................................................................

.......................................................................................................................................

**५. तालिमको भौतिक व्यवस्थापन (तालिम हल, उपकरण, भोजन तथा अन्य सुविधा) कस्तो थियो ?**

| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|
| अनुपयुक्त थियो | | | | | | | | | अति उपयुक्त थियो |

किन ?

.......................................................................................................................

.......................................................................................................................

**६. यस तालिमको सबैभन्दा बढी उपयोगी पक्ष कुन थियो ?**

किन ?

.......................................................................................................................

.......................................................................................................................

**७. यस तालिमको सबै भन्दा कम उपयोगि पक्ष कुन लाग्यो ?**

किन ?

.......................................................................................................................

.......................................................................................................................

**८. तपाईको बिचारमा अरुलाई पनि यस प्रकारको तालिम दिनु पर्ने भन्ने ठान्नु हुन्छ कि ?**

किन ?

.......................................................................................................................

.......................................................................................................................

**९. तालिमको विष**

**हुन्छ ? उल्लेख गर्नुहोस् :**

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

**१०. यस तालिमलाई भविष्यमा अझ प्रभावकारी रूपमा सञ्चालन गर्न के कस्ता कुराहरूमा सुधार गर्नु पर्छ होला ? सुझाव दिनुहोस् ।**

.......................................................................................................................

.......................................................................................................................

**११. अन्य केही सुझाव भए लेख्नुहोस् ।**

.......................................................................................................................

.......................................................................................................................

## तालिम सामग्री नं. २७: तालिम प्रमाणपत्रको नमुना



Government of Nepal
Ministry of Science Technology and Environment
TA-7984 NEP: Mainstreaming Climate Change Risk Management in Development

ADB

**Certificate of Completion**

**District Training on Climate Change and Community Based Adaptation Planning**

This Certificate of recognition is awarded to

Mr./Ms ........................................................................................ of ........................................................................................

for successful completion of the training

**Organized by Ministry of Science Technology and Environment**

during 21 - 26 April, 2014

at, Bhojpur

**Mahendra Man Gurung**
Joint Secretary
Environment Management Division
Ministry of Science, Technology and Environment

**Kapil Neupane**
Team Leader/ Master Trainer
District Training on Climate Change and
Community - based Adaptation Planning

**Supported by:**
Consortium of SAMUHIK ABHIYAN, Rupantaran Nepal & National Association of VDCs in Nepal (NAVIN)

रुपान्तरण नेपाल
RUPANTARAN NEPAL

# जलवायु परिवर्तन बुझौं, बुझाऔं

## जलवायु परिवर्तन के हो ?




मानवीय कारणले पृथ्वीको औशत तापमानको साथै जल, स्थल र वायुमण्डलमा हुने परिवर्तन नै जलवायु परिवर्तन हो ।

## जलवायु परिवर्तनका कारणहरु




## जलवायु परिवर्तनका परिणामहरु




पानीको उपलब्धताम कमी



अनिकाल, रोगको महामारी



बाढी, पहिरोबाट धन, जन र भोतिक पूर्वाधारको क्षती



जैविक विविधतामा असर

## जलवायु परिवर्तनको अनुकूलनका उपाय



### तालिम तथा क्षमता अभिवृद्धि

जनस्तरमा चेतना जगाउनु



### सही योजना

सही योजना तर्जुमा तथा कार्यान्वयन



### कृषि प्रणाली

कम तथा बढी पानीमा पनि खेती गर्न सकिने र जलवायु परिवर्तनलाई खेप्न सक्ने वाली लगाउने



### अध्ययन, अनुसन्धान

जलवायु परिवर्तन र सोको असरवारे नियमित अध्ययन अनुसन्धान गर्नु


जलवायु परिवर्तन समानुकूलन रणनीतिक कार्यक्रम
नेपाल सरकार, विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल, फोन: ९७७ १ ४२००२२६, फ्याक्स: ९७७ १ ४२११९५४, इमेल: info@moste.gov.np, वैबसाइट: www.ppcr.moste.gov.np/www.moste.gov.np


ADB | THE WORLD BANK | IFC International Finance Corporation


नेपाल सरकार
विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय
विकास आयोजनाहरूमा जलवायु परिवर्तन जोखिम व्यावस्थापन मूलप्रवाहीकरण
सिंहदरवार, काठमाडौं
फोन: ९७७-१-४२००२२६
फ्याक्स नं.: ९७७-१-४२००२२६
वेवसाइटः www.ppcr.moste.gov.np/www.moste.gov.np



ISBN 9937001722
9 789937 001724